# नेपालको संविधान (२): विस्तार हुँदै गएको राजनैतिक गणित

एसिया रिपोर्ट नं. २३४ — २७ अगस्ट २०१२

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोलाः

nepal@crisisgroup.org

# विषयसूची


**सारसङ्क्षेप** .......... i

**१. परिचय** .......... १

**२. क्रान्तिकारी फुट** .......... ३

- क. बढ्दो फाटो .......... ५
- ख. माओवादी सेनाको विघटन .......... ७
- ग. नयाँ माओवादी पार्टी .......... ९
  - १. अल्पकालीन रणनीति .......... ९
  - २. सङ्गठन र शक्ति .......... ११
  - ३. नयाँ पार्टीका खेलाडीहरू .......... १२
- घ. माउपार्टीको पुनर्निर्माण .......... १३
  - १. रणनीति तथा सङ्गठन .......... १३
  - २. नयाँ गुटबन्दी .......... १५

**३. पुराना, नयाँ र उदीयमान पार्टीहरू** .......... १७

- क. नेपाली काङ्ग्रेस .......... १७
- ख. एमाले .......... १९
- ग. मधेसी पार्टीहरू .......... २१
- घ. उग्र दक्षिणपन्थी पार्टीहरू .......... २३

**४. पार्टीइतर राजनीति** .......... २५

- क. भविष्यका पार्टीहरू? .......... २५
  - १. जनजाति पार्टी राजनीति .......... २५
  - २. उपल्लो जात समूहहरू .......... २५
- ख. थारू आन्दोलन .......... २६
- ग. जातीय तथा क्षेत्रीय समूहहरू .......... २७
- घ. लडाकू उग्र दक्षिणपन्थ .......... २९

**५. साना राजनीतिक पात्रहरू** .......... ३०

- क. दलित आन्दोलन .......... ३०
- ख. महिला समूहहरू .......... ३१

**६. निष्कर्ष** .......... ३२


## अनुसूचीहरू


- क) नेपालको नक्सा .......... ३३
- ख) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय .......... ३४
- ग) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००९ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू .......... ३५
- घ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू .......... ३७

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. २३४ २७ अगस्ट २०१२

# नेपालको संविधान (२): विस्तार हुँदै गएको राजनैतिक गणित

## सारसङ्क्षेप

शान्ति प्रक्रिया र अवरुद्ध भएको संविधान लेखन कार्य तथा विशेष गरेर सङ्घीयताबारेको बहसले नेपालको राजनीतिक गणितको जोडघटाउलाई फैल्याइदिएको छ। पहिचान मूलधारको राजनीतिमा आएको अपूर्व घटना हो र पहिचानमा आधारित तथा क्षेत्रीय राजनीतिक नयाँ शक्तिहरू एकजुट हुँदैछन्। नेपालका बहुतायत पहिचानलाई स्वीकार्ने सङ्घीय संरचनाका पक्षधर पात्रहरू राजनीतिक भिन्नतालाई बिर्सेर एक ठाउँमा आएका छन्। माओवादी पार्टी फुटेको छ। एकताकाका मध्यमार्गी शक्तिहरू दाहिनेतिर सरेका छन्। सबै पार्टीहरू गुटबन्दी र सैद्धान्तिक विभाजनलाई झेलिरहेछन्। पुराना राजतन्त्रवादी शक्तिहरू सामुन्ने प्रकट भएका छन्। यो राजनीतिक खलबल कसरी थुरिन्छ त्यो पार्टीहरूले संविधान लेखनबारे कस्तो निर्णय लिनेछन् र भावी निर्वाचनको हिसाबकिताबमा भर पर्नेछ। मे २७ को म्यादभित्र संविधान दिन नसकेकाले संविधानसभा भङ्ग भएको छ। संविधानबाट सङ्घीयताको स्थापना हुने र सीमान्तीकृत समूहहरूका माग सम्बोधन हुने आशा राखिएको थियो। यी विषयहरूउपर देखिएको सामाजिक ध्रुवीकरणले संवैधानिक अनिश्चितता र विधायिकाको शून्यतालाई झनै जटिल बनाउनेछ। सङ्घीयताउपरको तनाव र तरल राजनीतिक समीकरणहरूका कारण भिडन्तको स्थिति आउन सक्ने खतरा छ।

सन् २००८ मा भएको संविधानसभाको निर्वाचनले नेपालको राजनीतिक परिदृश्यलाई फेरिदियो। एक दशक लामो विद्रोहपछि माओवादीहरू अनपेक्षित ढङ्गले सबभन्दा ठूलो पार्टीका रूपमा देखा परेकाले मात्र त्यसो भएको होइन। तराईको जनसङ्ख्यालाई प्रतिनिधित्व गर्दै खडा भएका पार्टीहरू संविधानसभामा चौथो ठूलो पार्टी बन्न पुगे। माओवादी र मधेसीहरूले नेपालका लागि जातीय सङ्घीयता आवश्यक भएको तर्क प्रस्तुत गरे। जातीय आधारमा खडा गरिएका नयाँ राज्यहरूलाई राज्यशक्ति हस्तान्तरण गर्नाले जनजाति समुदाय र मधेसीहरूले ऐतिहासिक रूपमा भोग्नु परेको सीमान्तीकरणको समस्या सम्बोधन हुने उनीहरूको तर्क थियो। जनजाति समूहहरू त्यस समय नौलो संसदीय शक्तिका रूपमा उदाइसकेका थिएनन्, तैपनि उनीहरूले उठाएका मुद्दा भने शान्ति प्रक्रियाको केन्द्रीय वस्तु बनेको थियो। त्यसअनुसार ठूलो संरचनात्मक परिवर्तनको परिकल्पना गरिएको थियो। निर्वाचन भएदेखि यता परम्परावादी काङ्ग्रेस र नेकपा एमालेले सामाजिक-राजनीतिक रूपान्तरणका प्रस्तावित धेरै पक्षहरूलाई अस्वीकार गरेका छन्, विशेषगरी पहिचानमा आधारित सङ्घीयताको।

मे २०१२ मा पहिचानमा आधारित सङ्घीयता हातबाट उम्किए जस्तो भान भइरहेको बेला जनजाति राजनीति एक ढिको हुन पुग्यो। सबै पार्टीका जनजाति सभासदहरू मिलेर बनेको समूह (ककस) ले अडान लियो। एउटा अनौपचारिक सङ्घीयतावादी गठबन्धन सामुन्ने आयो, जसमा माओवादीहरू, मधेसी पार्टीहरूको ठूलो मोर्चा र जनजाति ककस सामेल थिए र त्यस गठबन्धनले पहिचानलाई नेपाली राजनीतिको केन्द्रबिन्दुमा उभ्यायो। सबै सङ्घीयतावादी पात्रहरू समावेश भएका सामाजिक र बौद्धिक आन्दोलनहरू पनि सक्रिय छन्। राजनीतिक वृत्तभन्दा बाहिरका आम जनता सबै पार्टीहरूले आफ्ना धारणा प्रस्ट पारून् भन्ने चाहन्छन्।

जून २०१२ मा औपचारिक भएको माओवादीहरूको फुटको परिणाम के हुनेछ त्यो अहिले प्रस्ट छैन। नयाँ र सानो पार्टीको भनाइमा शान्ति प्रक्रियामा माओवादीहरू बढ्तै समर्पणवादी भए। तर माओवादी विभाजनका पछाडि व्यक्तिगत होडबाजी र निजी आकाङ्क्षा पनि कारण थिए। फुटेर गएको पार्टीले तुरुन्तै अर्को युद्ध सुरु नगर्ने बताएको छ र त्यो पार्टी पहिलेका माओवादी लडाकूहरू, जातीय कार्यकर्ताहरू र अति राष्ट्रवादी जस्ता विविध र एकअर्कासित अमिल्दा पात्रहरूतर्फ हात बढाइरहेको छ। पार्टी फुटेर बाँकी रहेको मूल माओवादी पार्टी वा संस्थापन पार्टी धेरै बलियो छ तर यसभित्र असन्तुष्टि र गुटबन्दीको निकै ठूलो समस्या छ। दुवै माओवादी पार्टी सम्पत्ति र कार्यकर्ताहरूको लुछाचुँडीमा लागेका छन् र यो लुछाचुँडीको असर पार्टीभित्रका गुटहरूमा पनि पर्न सक्छ। दुई पार्टीमध्ये कुनचाहिँ पार्टी नेपालको रूपान्तरण तथा वामपन्थी विचारधाराप्रति बफादार छ भन्नेबारे लामो घम्साघम्सी पर्ने पक्का छ।

सन् २००८ को निर्वाचनमा दोस्रो स्थानमा आएको नेपाली काङ्ग्रेसले सङ्घीयता र समावेशीकरणको लडाइँमा अगुवाइ गरेको छ। यसका अरू पनि गम्भीर समस्याहरू छन्, जस्तै नेतृत्वको सङ्कट, गुटबन्दी र शीर्षस्थ नेताहरूमा बेमेल। उता विघटित संविधानसभामा तेस्रो स्थान प्राप्त गर्ने एमालेले जातीय मागप्रति सहानुभूति राख्ने आफ्ना सदस्यहरूविरुद्ध

अनुशासनको कार्बाही गऱ्यो। यी सदस्यहरूमाथि पहिचानमा आधारित सङ्घीयतालाई स्वीकार्न नमान्ने आफ्नो पार्टी र बलियो हुँदै गएको पहिचानवादी पक्षमध्ये दुईमा एउटा छान्नलाई जातीय समूहहरूले दबाब दिइरहेछन्।

काङ्ग्रेस र एमाले दुवै पार्टी नेपालको जनमत निर्माणकारी वृत्तमा लोकप्रिय छन् र उनीहरूले उच्च जात, उच्च वर्ग र सहरी सम्भ्रान्तलाई खुसी पार्ने हो या बृहत्तर सामाजिक आधारतिर फर्कने हो त्यो निश्चय गर्नुपर्छ। परम्परागत रूपमा नेपाली राजनीतिको केन्द्र मानिएको ठाउँबाट हटेर उनीहरू दाहिनेतिर सरेका छन्। त्यो ठाउँ भनेको सङ्घीयता, राजनीतिक समावेशीकरण र अल्पसङ्ख्यकहरूको अधिकारले राष्ट्रिय एकता र गुणीले प्रश्रय पाउने चलनमा धक्का पुऱ्याउँछ भनी ठान्नेहरूका लागि हो। यस्ता अडान लिने पात्रहरूको मान्यतामा असमानताका मूलतः आर्थिक आधारहरू हुन्छन् र जातीय भेदभावलाई हटाउने नीतिहरूबाट वैयक्तिक अधिकारमा हानि पुग्छ। यी पार्टीहरू आफूलाई लोकतान्त्रिक पार्टी बताउँछन् र माओवादी तथा जातीय समूहहरूलाई अनुदारवादीदेखि उग्र वामपन्थी वा विध्वंशकारीसम्म भन्ने गर्छन्।

अति दक्षिणपन्थीको स्थान राजतन्त्रवादी र पहिलेका राजावादी पात्रहरूले ओगटेका छन्, यिनीहरूले आफूलाई बाहिर ल्याउन सकेका छन् र केही आत्मविश्वास पनि कमाएका छन्। यसो हुनुमा राजतन्त्रप्रतिको सुखद स्मृतिभन्दा मूलधारका पार्टीहरूको लापरबाही र बदनियत जिम्मेवार छ। हुन त राजा फर्कने सम्भावना एकदमै कम छ, तर सङ्घीयताले जन्माएको आशङ्काको तोडका रूपमा पुरानो व्यवस्थाका केही कुरा, विशेषतः हिन्दूवाद नयाँ राजनीतिक माध्यमका रूपमा उपयोग गरिन सक्छ।

माओवादी, मधेसी र जनजातिहरूमा अस्ति भर्खरैसम्म आपसी सहयोग हुन नसक्ने ठानिएको थियो, किनभने यी समूहहरूबीच धेरै अन्तरविरोध छन्। ती अन्तरविरोध रहिरहनेछन्, तर त्यति हुँदाहुँदै पनि यी पार्टीहरूले साझा चौतारी फेला पार्नेछन्। तर त्यसका साथै चुनावी गठबन्धन तयार पार्ने र त्यसलाई कायम राख्ने उनीहरूको सामर्थ्य स्थानीय परिस्थितिमा निर्भर गर्दछ र त्यो चुनौतीपूर्ण हुनेछ। जनजाति नेताहरू माओवादीसित लड्न सक्नेछन्, माओवादी र मधेसीबीचको पुरानो तनाव बाहिर आउन सक्नेछ र मधेसी जनजातिबीचको सम्बन्ध अझै सुमधुर हुन सकेको छैन।

घरीघरी फुट्ने गरेको भए पनि समग्रमा मधेसी पार्टीहरूले मधेसीहरूको समर्थन गुमाइहाल्ने छैनन्। तर पनि उनीहरूले आफूलाई तिखार्नै पर्छ। बारम्बारको पार्टी विभाजन, अन्य पार्टीभन्दा उनीहरूका पार्टी बढी भ्रष्ट छन् भन्ने आम धारणा र जात आधारित राजनीति बढ्दो रूपमा हाबी भइरहेको देखिएबाट सामूहिक सौदाबाजी गर्न सक्ने उनीहरूको शक्ति ह्रास हुन सक्नेछ।

नेपालको शान्ति प्रक्रियाको आधारभूमि बदलिएको छ। सङ्गठित वा स्वतःस्फूर्त, सङ्घीयता समर्थक वा विरोधी, पार्टीभित्र वा पार्टीबाहिरका नयाँ शक्तिहरूका कारण सम्झौतावार्ता जटिल हुनेछ, तर उनीहरूले पनि आफ्ना कुरा राख्न पाउनै पर्छ। पार्टी र तिनका नेताहरूले आफूहरूको विकल्प छैन भनिठानेका छन्। तर उनीहरू गलत छन्। सङ्घीयताप्रतिको चिन्ता र चाहना अभूतपूर्व रहेका छन्। ध्रुवीकरणको खतरा बोकेको जातीय राजनीतिको तुलो किन भारी भइरहेको छ भने मूलधारका राजनीतिक पात्रहरू छरपष्ट छन्, उनीहरू प्रायशः अस्पष्ट र बेइमान छन्, उनीहरूको ध्याउन्न आपसी हानाहानमा छ र उनीहरू अलोकतान्त्रिक तथा निर्मम सम्झौता गर्न पनि बेर मान्दैनन्। मूलधारका यी राजनीतिकर्मीहरूले पहिले आफ्नै धोती सह्याल्नुपर्छ, अरूका कुरा सुन्नुपर्छ, आफ्ना अडान के हुन् बुझ्नुपर्छ र संविधान बनाउनतिर लाग्नुपर्छ। अन्यथा उनीहरूको राजनीतिक स्थान हरेक प्रकारका अतिवादीहरूले ओगट्नेछन् जो झट्ट हेर्दा व्यावहारिक र नैराश्यपूर्ण स्थितिमा केही गर्लान् कि भन्ने जस्ता देखिनेछन्।

**काठमाडौं/ब्रसेल्स, २७ अगस्ट २०१२**

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. २३४ २७ अगस्ट २०१२

# नेपालको संविधान (२): विस्तार हुँदै गएको राजनैतिक गणित

## १. परिचय

राजनीतिक पार्टीहरू नेपालको शान्ति प्रक्रियाका टेको रहँदै आएका छन्।[१] शान्ति प्रक्रियाको ढाँचा नै पार्टीहरूको प्रमुखता रहने गरी बनाइएको थियो र त्यसमा उनीहरूका कार्य शालिन र एकरूपका हुने अनुमान गरिएको थियो। तर वास्तविकताचाहिँ के हो भने सन् १९९० को दशकभरि नै लोकतान्त्रिक राजनीतिलाई स्वाहा पार्ने जुन दुष्कृति भएका थिए नयाँ समेत सबै पार्टीहरू त्यही चाल प्रदर्शन गरिरहेका छन्। अर्थात् तानाशाही नेताहरू, नीतिगत विषयमा विमर्शको अभाव, विरल आन्तरिक चुनाव, भित्री कोठाबाट हुने लेनदेन, संरक्षणमुखी सञ्जाल र भ्रष्टाचार, जात वा क्षेत्रको विरादरी, विमतिको प्रतिरोध, मसिना आवाजको बेवास्ता, आफैं मुख्तियार हुने वा मुख्तियारीलाई प्रयोग गर्ने कामहरू हुन गए जुन कुराको यथेष्ट अभिलेख भएका छन्। यस्ता व्यवहारहरूबाट शान्ति प्रक्रिया र संवैधानिक मुद्दाहरूमा निरन्तर र सारगर्भित सम्झौतावार्ता चलाउनका लागि चाहिने पार्टीहरूको सामर्थ्यमा प्रत्यक्ष असर परेको छ।

वैचारिक भिन्नताको पनि ठूलो भूमिका रहँदै आएको छ र अहिलेको गतिरोधका आधार पनि तिनै हुन्। नेपालको वर्तमान समयको राजनीतिक इतिहास शृङ्खलाबद्ध ध्रुवीकरणका प्रसङ्गहरूले भरिएका छन्। सन् १९९० को दशक र विद्रोह कालमा राजतन्त्र र राजनीतिक पार्टीहरूबीच ध्रुवीकरण थियो। सन् २००६ को शान्ति सम्झौताको परिणामस्वरूप राजतन्त्रको अवसान भएपछि त्यो ध्रुवीकरण परम्परागत पार्टीहरू र पहिलेका विद्रोही माओवादीहरूबीच रहन पुग्यो। अहिले आएर युद्धकालको माओवादी सेना विघटन भएको छ र पार्टी आफैं पनि फुटेको छ। युद्धपछि र राजालाई अपदस्थ तथा शान्ति प्रक्रियालाई प्रारम्भ गर्ने सन् २००६ को जनआन्दोलनपश्चात् नयाँ राजनीतिक ठाउँ खुला भयो र त्यस नयाँ ठाउँलाई माओवादीले मात्र नभई पहिचानमा आधारित मधेसी तथा जनजातिहरूले ओगटेका छन्।[२]

पहिचानका आधारमा असमानता र सीमान्तीकरणको समस्यालाई सम्बोधन गर्ने सन् २००६ को विस्तृत शान्ति सम्झौताका[३] प्रतिबद्धताहरू सन्

[१] राजनीतिक पार्टीहरूभित्र हुने गतिशील तत्त्वका कारण संविधान लेखनमा बाधा पुग्न गई संविधानसभा र संसदकै अवसान कसरी भयो भन्नेबारे जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. २३३, *नेपालको संविधान (१): क्रान्ति होइन क्रमिक विकास*, २७ अगस्ट २०१२। शान्ति प्रक्रियामा पार्टीहरूको भूमिकासम्बन्धी क्राइसिस ग्रुपका पहिलेका रिपोर्टहरूका निम्ति हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १०६, *Nepal s New Alliance: The Mainstream Parties and the Maoists*, २८ नोभेम्बर २००५ र नं. १२६, *Nepal's Peace Agreement: Making it Work*, १५ डिसेम्बर २००६। राजनीतिक पार्टीहरू र नेपाली राज्यको झुकाउ र व्यवहारसम्बन्धी विस्तृत पृष्ठभूमिका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १९४, *नेपालको राजनीतिक संस्कार*, २९ सेप्टेम्बर २०१०। शान्ति प्रक्रियामा पार्टीहरूको लगाव र गुटगत तथा वैचारिक झैझगडाका कारणले संवैधानिक संवादमा कसरी बाधा पुग्यो भन्ने कुरा थाहा पाउन हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया ब्रिफिङहरू नं. १३१, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, १३ डिसेम्बर २०११; नं. १२०, *नेपालको लागछोड शान्ति प्रक्रिया*, ७ अप्रिल २०११; एसिया रिपोर्ट नं. १९९, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, १३ जनवरी २०११; नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया*, २६ फेब्रुअरी २००७; नं. १३२, *नेपालका माओवादीहरूः विशुद्धतावादी कि व्यवहारवादी*, १८ मे २००७; र नं. १०४, *नेपालका माओवादीहरूः तिनका लक्ष्य, संरचना र रणनीति*, २७ अक्टोबर २००५। पार्टी र अन्तर्राष्ट्रिय खेलाडीहरूबीचको सम्बन्ध एवं नेपाली सेनाको भूमिकाका लागि हेर्नुहोस् क्राइसिस ग्रुपका एसिया रिपोर्टहरू नं. १७३, *नेपालको भविष्यः कसको हातमा?*, १३ अगस्ट २००९ र नं. २११, *नेपालः दुइटा सेनाबाट एउटा*, १८ अगस्ट २०११।

[२] यस प्रतिवेदनको प्रयोजनका लागि "जनजाति" शब्दले समग्रमा धेरै सङ्ख्यामा रहेको विशेषतः पहाडका जातीय समूहलाई जनाउँछ, जो आफूलाई हिन्दू वर्ण व्यवस्थाभन्दा बाहिरको ठान्दछन् र आफ्नै भाषा, संस्कृति र कतिपय अवस्थामा ऐतिहासिक भूमि समेत भएको दाबी गर्दछन्। सन् १९९० को दशकदेखि "जनजाति"को परिभाषामा उनीहरू नेपालका आदिवासी भएको दाबी पनि समेटिँदै आएको छ। "मधेसी" शब्दले समग्रमा तराई क्षेत्रमा बसोबास गर्ने हिन्दू समुदायका जनसङ्ख्यालाई बुझाउँछ। उनीहरू मैदानका भाषा बोल्छन् र उनीहरूका आर्थिक, सामाजिक र पारिवारिक सम्बन्ध सिमानापारि उत्तर भारतमा बस्ने मानिसहरूसँग छ। "थारू" तराई मैदानका आदिवासी समुदाय हुन्। यस आलेखमा प्रयोग भएका अन्य शब्दावलीमा "दलित" पर्दछ, जो उच्च जातकाले "अछुत" मान्ने हिन्दू समूह हुन् र "मुस्लिम" जो पहाड र तराई दुवै ठउँमा पाइन्छन् तैपनि धेरै मात्रामा तराईमा बस्दछन्। "उपल्ला जात" भन्नाले पहाडे मूलका हिन्दू उच्च जातका बाहुन र छेत्रीहरूलाई जनाउँछ। त्यसै गरी मधेसको हिन्दू जनसङ्ख्यामा पनि उपल्ला जातहरू छन् तर पहाडे उपल्लो जातको झैं प्रभुत्वशाली संस्कृतिसित उनीहरू जोडिएका छैनन्। पहिचानको राजनीतिका बारेमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित।

[३] विस्तृत शान्ति सम्झौताको पूर्ण पाठ www.un.org.np/node/10498 मा उपलब्ध छ। त्यसको धारा ३.५ मा भेदभाव र समावेशीकरणको विषयलाई सम्बोधन गरिएको छ। "सामाजिक आर्थिक रूपान्तरण" र भूमिसुधार जस्ता अन्य सम्बन्धित

२००८ को मधेस आन्दोलनको कारणबाट सङ्घीयता अन्तरिम संविधानमा समाविष्ट भएपछि परिष्कृत भए।[४] मधेस आन्दोलन मधेसीहरू विरुद्धको भेदभाव अन्त्य गर्ने एउटा सामाजिक आन्दोलनका अतिरिक्त राजनीतिक र निर्वाचनका दृष्टिले पनि अभूतपूर्व थियो। मधेसीहरू हिन्दू वर्ण व्यवस्थाभित्रका मानिसहरू हुन् जसको व्यापक सांस्कृतिक र पारिवारिक सम्बन्ध सीमापारिको समाजसित रहेको छ। केही जनजाति कार्यकर्ताहरूले स्थापित पार्टीहरूमा प्रवेश गरेर सन् २००८ मा पार्टी राजनीतिको बाटो लिए। अहिले मूलधारका पार्टीभित्र र त्यसबाहिर रहेका जनजाति पात्रहरूले मूलधारको राजनीतिमा पनि पहिचानकै लाइन पछ्याउने गरी प्रवेश गर्न प्रयास गरिरहेका छन्। दक्षिणपन्थी झुकाउ बढ्दै गएका ठूला परम्परागत पार्टीहरू आफ्ना धारणालाई प्रस्ट्याउने कोसिसमा छन् र परिवर्तित परिस्थितिको मूल्याङ्कन गर्दैछन्।

सङ्घीयताको विवाद नेपाली राजनीतिका लागि निकट भविष्यमा समेत निर्णायक विषय रहनेछ। माओवादीहरू, मधेसीहरू तथा उदीयमान प्रभावशाली जातीय पात्रहरू मुलुकको पुनर्संरचना यस प्रकार गर्न चाहन्छन् जसबाट नयाँ राज्यका नाम र सिमानाहरूमार्फत गैरप्रभावशाली नेपाली पहिचानहरूले पनि मान्यता पाउन सकुन्। ऐतिहासिक रूपमा सीमान्तीकृत समूहहरू राजनीति र राजकीय संस्थाहरूमा महत्तम र सार्थक प्रतिनिधित्व चाहन्छन्, उनीहरूको त्यस मागलाई "समावेशीकरण" भन्ने गरिन्छ। नेपाली काङ्ग्रेस र एमालेको तर्कमा यो बाटो लिनाले नेपाली राजनीतिको आणविकीकरण हुनेछ, राज्य कमजोर हुनेछ र राज्यलाई बाह्य पात्रहरूको हातको कठपुतली बनाउनेछ। उनीहरू यसबाट प्रभुत्वशाली हिन्दू उच्च जातका दीनहीन सदस्यहरू मारमा पर्नेछन् भन्छन्। सङ्घीयताका बारेमा प्रमुख पात्रहरूले छलफल गरेर एउटा सम्झौतामा पुग्न सम्भव छ, तर उनीहरूले राज्य पुनर्संरचनाको विषयलाई त्यत्तिकै छाड्न भने सक्दैनन्, किनभने उनीहरूले त्यस्ता समूहहरूको प्रतिघात बेहोर्नुपर्ने हुन्छ जसले सङ्घीयतामा नै आफ्नो कल्याण हुने देखेका छन्। त्यसैले नयाँ संविधान लेख्नका लागि छलफल फेरि थाल्नु जरुरी छ।

पार्टीहरूले संविधान लेखनका लागि सम्झौतावार्तामा फर्कने उत्तम उपाय के हुनेछ त्यसबारे निर्णय गरिसकेका छैनन्। यस्तो निर्णय सरकार परिवर्तनसित फुस्काउन नसकिने गरी जेलिएको छ। मे २७ मा संविधानसभाको म्याद समाप्त हुँदा नेपालले संसद पनि गुमायो, किनभने एउटै निकायले दुईवटा काम गरिरहेको थियो। त्यस बेला प्रधानमन्त्री बाबुराम भट्टराईले नेतृत्व गरेको मध्यमार्गी-वामपन्थी माओवादी-मधेसी गठबन्धन सत्तामा थियो र कामचलाउ सरकारका रूपमा अझै सत्तामा छ। काङ्ग्रेस, एमाले र अन्य थुप्रै साना पार्टीहरू प्रतिपक्षमा छन्। संविधानसभाको अन्त्य हुँदा प्रधानमन्त्री भट्टराईले नोभेम्बर २०१२ मा नयाँ संविधानसभाको चुनाव हुने घोषणा गरे। राजनीतिक सम्झौता नभई त्यस मितिमा चुनाव हुन सम्भव छैन र निर्वाचन आयोगलाई पनि त्यति समयले पुग्दैन। निर्वाचनका लागि अर्को सुहाउँदो समय भनेको सन् २०१३ को मार्चदेखि मे महिना हो। विभिन्न पार्टीका धेरै राजनीतिज्ञहरू नयाँ संविधानसभाको चुनाव गराउनुको साटो पुरानैलाई पुनःस्थापित गर्नुपर्छ भनिरहेका छन् र त्यस सन्दर्भमा सम्झौतावार्ताहरू पनि सुरु भएका छन्। अन्तरिम संविधानले दुवै विकल्पलाई अनुमति दिंदैन र त्यसतर्फको कुनै पनि कदम असंवैधानिक ठहरिनेछ, सबै पार्टी राजी भएमा मात्र त्यो सम्भव हुनेछ।

प्रतिपक्षी पार्टीहरू संविधानबारे कुनै निर्णय हुनुअघि प्रधानमन्त्रीले पद छाड्नुपर्ने र उनीहरूको नेतृत्वमा नयाँ सरकार बनाइनुपर्ने माग गरिरहेछन्। माओवादी र सङ्घीयतावादी अन्य पात्रहरू संवैधानिक विषयहरूमा ग्यारेन्टी नभई सत्ताको बागडोर छाड्न चाहँदैनन्, किनभने काङ्ग्रेस र एमालेले सङ्घीयताको मुद्दालाई कुनामा थन्क्याइदेलान् भन्ने उनीहरूलाई डर छ। दुवै पक्षलाई के पक्का छ भने अब हुने चुनाव चाहे नयाँ संविधानसभाका लागि होस् वा चाहे संविधानअन्तर्गत आमनिर्वाचनका लागि होस् त्यसबाट राजनीतिक परिदृश्य परिवर्तन हुनेछ। सङ्घीयतावादीहरूका विश्वासमा उनीहरूको पक्षमा गतिलो जनमत छ। उनीहरूका प्रतिद्वन्द्वीहरूचाहिँ पार्टीहरूप्रतिको जनताको वितृष्णा र परिवर्तनप्रतिको भयको फाइदा उठाउने हिसाबकिताबमा छन्। तर दुवै पक्ष आफ्नो जितप्रति ढुक्क भने छैनन्। तसर्थ सबै पात्रहरूको ध्यानाउन्न आफ्नै राजनीतिक भविष्य र आफ्ना कार्यसूचीबारे नै बढी छ।

यस आलेखमा पार्टीहरूले नयाँ वस्तुस्थिति बमोजिम गर्न सक्ने सम्भाव्य कार्यहरूको परीक्षण गरिएको छ। सबभन्दा पहिले यहाँ माओवादी पार्टीमा भएको फुट र तदन्तर दुवै पार्टीले सामना गर्नु परेको अपठ्याराहरूको चर्चा गरिनेछ। त्यसपछि स्थापित र उदीयमान राजनीतिक पात्रहरूले आफ्ना कार्यसूचीलाई विशिष्ट र अधिक ग्राह्य बनाउनका लागि सामना गर्नुपर्ने चुनौतीहरूको विश्लेषण गरिएको छ। यो रिपोर्टसँगसँगै निस्केको *नेपालको संविधान (१): क्रान्ति होइन विकासक्रम* शीर्षकको अर्को रिपोर्टमा संविधान पूर्ण नगरिकनै समाप्त भएको संविधानसभाउपर सङ्घीयता र पहिचानको राजनीतिले पारेको प्रभावबारे चर्चा र नयाँ संविधानबारेको छलफल फेरि थाल्नका लागि उपलब्ध विकल्पहरूको विश्लेषण गरिएको छ। यी दुई रिपोर्टमा विभिन्न मुद्दाहरूको अन्तरसम्बन्ध, राजनीतिक व्यवहार र पात्रहरूबीच निरन्तर बदलिरहने सन्तुलनबारे चर्चा गरिएको छ, आखिर यिनै कुराहरूबाट नेपालले कहिले संविधान पाउनेछ र कस्तो खालको संविधान पाउनेछ त्यसको निर्धारण हुनेछ।

यस रिपोर्टका लागि काठमाडौं, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, धनुषा, सिराहा, सप्तरी, मोरङ, सुनसरी, झापा, धनकुटा, इलाम र पाँचथर जिल्लामा अनि सुर्खेत जिल्लाको दशरथपुरस्थित माओवादी जनमुक्ति सेनाको छैटौं डिभिजनको शिविर, इलाम जिल्लाको

मुद्दाहरूलाई सम्बोधन गर्ने प्रावधान ३.६, ३.७, ३.१० र ३.१२ लगायतका धाराहरूमा परेका छन्।

[४] सन् २००७ र २००८ मा भएका मधेसी आन्दोलन र जनजाति वा जातीय प्रतिरोधका परिणामस्वरूप आएका ठोस परिवर्तनहरूमा राजनीतिक पार्टीहरूको समानुपातिक प्रतिनिधित्व हुने गरी निर्वाचन प्रणाणीमा गरिएका संशोधन र राजकीय संस्थाहरूलाई बढी समावेशी बनाउनका लागि ल्याइएका केही ऐननियमहरू पर्छन्। अस्पष्ट भए पनि उत्तिकै जोडदार माग प्रभुत्वशाली नरहेका नेपालका अनेकन् समूहहरूका पहिचानलाई "मान्यता" दिनुपर्ने रहेको छ। सङ्घीयतालाई विकेन्द्रीकरण वा शक्ति हस्तान्तरणको उपायका रूपमा मात्र होइन, अपितु नेपालका अत्यन्त विविधतापूर्ण जनसङ्ख्याको इतिहास र विवरणलाई दिइने मान्यताका रूपमा पनि हेरिएको छ।

चुलाचुलीस्थित पहिलो डिभिजनको शिविरमा सन् २०११ को मे, अगस्ट, अक्टोबर र नोभेम्बर महिनामा तथा सन् २०१२ को अप्रिल र जुलाई महिनाको बीचमा अनुसन्धान गरिएको थियो। अन्तर्वार्ताहरू नेपालका सबैजसो राजनीतिक पार्टीका सदस्य र वरिष्ठ नेताहरू, सक्रियतावादीहरू, पत्रकारहरू तथा अनुसन्धाताहरूसित लिइएको थियो।

## २. क्रान्तिकारी फुट

बितेको एक दशकदेखि नै माओवादीहरू फुट्ने हल्ला चलेको थियो, तर उनीहरूका गुटबन्दीग्रस्त प्रतिद्वन्द्वीभन्दा माओवादीहरू अनुशासित र एकजुट भएर रहे। अस्ति भर्खरसम्म एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादी (अर्थात् "संस्थापना पार्टी" वा "माउ" पार्टी) भित्र तीन गुटहरू थिएः अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" को गुट, वरिष्ठ उपाध्यक्ष मोहन वैद्य "किरण" को गुट र प्रधानमन्त्री रहेका उपाध्यक्ष बाबुराम भट्टराईको गुट। लामो समयदेखि रहँदै आएको वैचारिक मतभिन्नता र व्यक्तित्वको टक्करले गर्दा पार्टीमा ठाडो चिरा पर्न गयो।[५] १९ जून २०१२ मा वैद्यले नेतृत्व गरेको गुटले नेकपा-माओवादी पार्टी गठन भएको घोषणा गऱ्यो। यस गुटलाई कट्टर जडसूत्रवादी भएको मानिन्छ।[६]

वैद्य गुट र प्रचण्ड तथा भट्टराईको नेतृत्वको गुटबीच जनमुक्ति सेनाका रूपमा रहेको पार्टीको सेनाको विघटन, भारतप्रतिको दृष्टिकोण र अन्य पार्टीहरूसितको कार्यगत गठबन्धन जस्ता रणनैतिक कदमहरूबारे गहिरो मतभिन्नता रहँदै आएको थियो। पुराना सदस्यहरूमध्ये धेरैको विचारमा जातीयता आधारित सङ्घीयता र नेपालको सार्वभौमिकता जस्ता मूल कार्यसूचीमा पार्टीले धेरै सम्झौता गर्न पुगेको थियो।[७] पूरै शान्ति

[५] माओवादी पार्टीभित्र देखिएको अहिलेको फुटको घटनाक्रम सम्बन्धमा हेर्नुहोस् क्राइसिस ग्रुपका ब्रिफिङहरू, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ, नेपालको लागछोड शान्ति प्रक्रिया,* दुवै माथि उल्लेखित; र क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित। क्राइसिस ग्रुपका रिपोर्टहरू पनि हेर्नुहोस्, *नेपालका माओवादीहरूः विशुद्धतावादी कि व्यवहारवादी, नेपालका माओवादीहरूः तिनका लक्ष्य, संरचना र रणनीति,* दुवै माथि उल्लेखित। यो अंश दुवै माओवादी पार्टीका पोलिटब्युरो र केन्द्रीय समितिका सदस्यहरू र काठमाडौंका अनुसन्धानकर्ताहरूसित जनवरीदेखि मार्च र मेदेखि जून २०१२ सम्म, बाँके, बर्दिया, डलेलधुरा, डोटी, धनकुटा, धनुषा, झापा, कञ्चनपुर, मोरङ र सुनसरी जिल्लाका भिन्नभिन्न गुटका जिल्ला तहका नेताहरूसित अप्रिल र जून २०१२ मा र काठमाडौंमा रहेका केही माओवादी लडाकूहरू र कमान्डरहरूसित मार्च २०१२ मा लिइएको अन्तर्वार्तामा आधारित छ।

[६] क्राइसिस ग्रुपका पछिल्ला रिपोर्टहरूमा असन्तुष्ट समूहलाई कहिलेकाहीं "जडसूत्रवादी" वा "विशुद्धतावादी" भनी प्रस्तुत गरिएको छ। यस्ता बिल्लाले माओवादी पार्टीको संस्थापना पक्ष लगायत मूलधारका तुलनामा भिन्न वैचारिक अडानलाई जनाउँछन्, तर तिनले नयाँ पार्टीको आह्वान, त्यसको व्यावहारिक निर्णय, क्षमता वा सङ्गठनलाई यथेष्ठ रूपमा प्रतिबिम्बित भने गर्दैनन् ।"यस्ता बिल्लाबाट हामी विवेकहीन युद्धपिपासु जस्ता देखिन्छौं। तर यो सत्य होइन। हाम्रो अडानको बलियो वैचारिक र विश्लेषणात्मक आधार छ", पूर्वी तराईमा वैद्य समूहका एक जना नेताले बताए। क्राइसिस गुपसँग अन्तर्वार्ता, जनकपुर, मे २०१२। क्राइसिस ग्रुपले पहिलापहिला "गरमधार" र "नरमधार" भनेर छुट्ट्याउने कामप्रति असहमति राख्दै आएको थियो। क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालका माओवादीहरूः विशुद्धतावादी कि व्यवहारवादी,* माथि उल्लेखित, पृ. २।

[७] उदारहणका लागि, एनेकपा (माओवादी) का महासचिव रहिसकेका वरिष्ठ नेता रामबहादुर थापा "बादल" ले नयाँ पार्टीमा पनि त्यही पद सह्मालेका छन् र उनी अप्रिल २०१२ मा नेपाली सेनालाई गरिएको माओवादी लडाकू, हतियार र शिविरहरूको हस्तान्तरणलाई "विसर्जनवादको चरम रूप" भनी बताउँछन्।

प्रक्रियामा जनमुक्ति सेना र संविधान सम्बन्धमा निर्णय लिँदा वैद्य गुटलाई पाखा लगाउने काम भयो, किनभने अन्य पार्टीहरूसितको वार्तामा प्रमुख वार्ताकार प्रचण्ड नै थिए। प्रचण्डलाई पार्टीमाथि आफ्नो विचार लाद्ने गरेको आरोप छ। तर पार्टी विभाजन विचारधारा र रणनीतिका कारण मात्र भएको होइन। शीर्षस्थ नेताहरूको निजी महत्त्वाकाङ्क्षाले पनि यसमा काम गरेको छ। धेरै सदस्यहरूका आँखामा केही नेताहरूले भ्रष्टाचार गरेबाट र लालच देखाएबाट पनि उनीहरूमा वितृष्णा जागेको छ।[८]

अध्यक्ष वैद्यले उनको पार्टीले पूर्ण विद्रोहको तयारी गरिरहेको छैन भनी बताएका छन्। "जनविद्रोह" को कुरा अझै टेबुलमा छ छैन त्यसबारे उनी प्रस्ट बताउँदैनन्।[९] "जनविद्रोह" लाई आम मानिसले सहरी बगावत भनेर बुझ्ने गरेका छन्। पार्टीको महाअधिवेशन फेब्रुअरी २०१३ मा हुने भनिएको छ र त्यो नभसम्मका लागि पार्टीका नीतिहरू थाती रहेका छन्। त्यतिन्जेल पार्टीले सङ्गठन बढाउन र सरकारलाई कमजोर पार्नमा आफ्नो ध्यान लगाउनेछ। संविधानसभालाई बिउँताउने वा चुनावमा जाने भन्ने विषयमा जब सम्झौतावार्ताहरू हुनेछन् त्यस बेला यस पार्टीले पनि टेबुलमा एउटा ठाउँ ओगट्नेछ, किनभने यो अब छुट्टै राजनीतिक शक्ति बनिसकेको छ।

नेकपा-माओवादीले अहिलेसम्ममा युद्धकालका पार्टी सदस्यहरू, जनमुक्ति सेनाका पूर्व लडाकूहरू, जनजाति सदस्यहरू र ४० वर्षमुनिका सदस्यहरूलाई आकर्षित गरेको छ।[१०] यसका केही वरिष्ठ नेताहरूको व्यापारिक कारोबारमा हात भए तापनि एनेकपा (माओवादी) का नेताहरूको गोरखधन्दाबाट नयाँ पार्टीका नेताहरू सापेक्षिक रूपमा अछुतो देखिन्छ। यसले प्राथमिक रूपमा माओवादी आन्दोलनका कार्यकर्ता र समर्थकहरूलाई तान्नेछ र तिनमा मतदाताहरू वा हालसालै माओवादीका समर्थक बनेका बुर्जुवा र मध्यम वर्गका मानिस नपर्न सक्छन्।[११]

नयाँ पार्टी तलदेखि माथिसम्म ठाडै चिरिएर बनेको बताइन्छ। यो कथन अतिशयोक्तिपूर्ण लाग्दछ। किनभने यसका विभिन्न तहहरू एकीकृत र एकअर्कासित सम्पर्कमा रहेका देखिन्छन्, त्यसको तुलनामा माउपार्टी फुलेको कर्मचारीतन्त्र जस्तो देखिन्छ जसका नेताहरू यथार्थबाट टाढिँदै गएका छन्।[१२] नेकपा-माओवादीले माउपार्टीका लगभग ३० प्रतिशत केन्द्रीय समितिका सदस्यहरू र करिब एकतिहाइ भूतपूर्व सभासदहरू लिएर गएको छ। तर संविधानसभा पुनःस्थापना भएको अवस्थामा यो सङ्ख्या छुट्टै संसदीय एकाइका रूपमा दर्ता हुनका लागि पर्याप्त छैन। वास्तवमा नयाँ पार्टीले माउपार्टीको केन्द्रीय समिति वा संसद सदस्यहरूको ४० प्रतिशत सदस्यहरूको समर्थन पाउन जरुरी छ।

यी दुई पार्टीहरूबीच पुनर्रेखाङ्कन हुन बाँकी नै छ र त्यस्तो पुनर्रेखाङ्कन उनीहरूभित्रै पनि हुनेछ। केही सदस्यहरूले बृहत्तर राजनीति ठेगान लागेपछि मात्रै आफू कतापट्टि लाग्ने हो त्यो निधो गर्नेछन्। फुटपछि पनि संस्थापन पार्टीमा गडबडी नै छ। त्यसभित्र गुटबन्दी छ, एकअर्काप्रति शङ्कासुबह छ र आरोपप्रत्यारोप छ। त्यसका साथै स्रोतसाधनहरूउपर प्रतिस्पर्धा पनि छ। जब दुवै पार्टीले विभिन्न गुटहरूलाई तानेर आफ्नो आधार बलियो बनाउन खोज्नेछन् तब आपसी मतभिन्नता झनै तिखारिनेछन्। संस्थापन पार्टीभित्रको तनाव त्यतिखेर झनै चुलिन सक्छ, जब त्यस पार्टीले संविधानसभाको चुनाव वा पुनःस्थापना के गर्ने त्यसबारे निधो गर्नुपर्ने हुन्छ र अध्यक्ष प्रचण्डको मात्र होइन पार्टी तप्काका सदस्यहरूका अपूर्ण महत्त्वाकाङ्क्षालाई बेहोर्नुपर्ने हुन्छ।[१३]

अहिलेको गतिशास्त्र हेर्दा यी दुई माओवादी पार्टीहरूबीच हिंसाले ठाउँ लिन सक्छ।[१४] करोडौं रुपियाँ पर्ने जिल्ला कार्यालय भवनहरू कसले

---

"Hardliners condemn PLA handover to NA", *The Kathmandu Post*, ११ अप्रिल २०१२।

[८] सुधीर शर्मा, "माओवादी रूपान्तरणको अन्तिम गाँठो", *कन्तिपुर*, १४ मार्च २०१२।

[९] हिंसाको माध्यमबाट राज्य सत्ता कब्जा गर्ने अन्तिम चरणलाई बुझाउन "जनविद्रोह" र "सहरी बगावत" भन्ने शब्दावलीलाई पर्यायका रूपमा प्रयोग गर्दिँदै आएको छ। आफूले तत्कालै विद्रोह चाहेको भनेर मिडियाले आफ्नो भनाइलाई गलत ढङ्गले प्रस्तुत गरेको भन्ने वैद्यको गुनासो छ। तथापि जून २०१२ मा काठमाडौंमा गरिएको भेलामा उनले प्रस्तुत गरेको राजनीनिक दस्तावेजमा यस विकल्पलाई प्रस्टसित राखिएको थियो। त्यसै भेलाले फुटलाई औपचारिकता प्रदान गरेको थियो। मोहन वैद्य, "नवसंशोधनवाद विरुद्ध विचारधारात्मक सङ्घर्ष चलाउँदै क्रान्तिलाई नयाँ ढङ्गले अघि बढाउँ", जून २०१२। वैद्य प्रायः पार्टीको लक्ष्य विद्रोहबाट हासिल हुन्छ शान्ति प्रक्रियाबाट होइन भन्ने गर्छन्। उदाहरणका लागि, हेर्नुहोस् "वर्तमान परिस्थिति र हाम्रो कार्यभार", नोभेम्बर २०१० मा पालुङटार प्लेनममा प्रस्तुत गरिएको राजनीतिक दस्तावेज।

[१०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पत्रकारहरू, माओवादी पार्टीका सदस्दहरू, अनुसन्धानकर्ताहरू, मार्च-जून २०१२।

[११] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पत्रकारहरू, अनुसन्धानकर्ताहरू र माओवादी पार्टीका पूर्व सदस्यहरू, काठमाडौं, जून २०१२। सुधीर शर्मा, "इतिहास दोहोऱ्याउने आकाङ्क्षा", *कान्तिपुर*, २० जून २०१२ पनि हेर्नुहोस्।

[१२] भट्टराई र वैद्य लगायत पार्टीका नेताहरूले बारम्बार प्रचण्डमाथि जनसमुदायसँग नियमित सम्पर्कमा रही उनीहरूका चिन्ता-चासोलाई सम्बोधन गर्नुको बदला "नोकरशाही केन्द्रीयता" अपनाएको आरोप लगाउँदै आएका छन्। उदाहरणका लागि, हेर्नुहोस् "Maoist plenum to take up conflicting documents", *Republica*, १४ सेप्टेम्बर २०१०।

[१३] दलहरू अर्धराष्ट्रपतीय शासन प्रणालीबारे मोटामोटी सम्झौतामा पुगेका थिए र प्रचण्ड नेपालका प्रथम प्रत्यक्ष निर्वाचित राष्ट्रपति बन्न चाहन्छन्। संविधान लेखनमा ढिलाइ भएमा र सबै विषयहरूमा पुनः छलफल गरी निष्कर्षमा पुग्नु परेकामा त्यस महत्त्वाकाङ्क्षामा धक्का लाग्छ।

[१४] केही जिल्लाहरूमा दुई समूहबीचको अन्तर साँघुरो छ र जिल्ला समितिहरू तथा भ्रातृ सङ्गठनहरूउपर प्रतिस्पर्धा छ। जिल्लामा पार्टीको आकार र ताकत तथा भाविष्यमा हुन सक्ने शक्तिसङ्घर्षको अन्तरसम्बन्ध हुन सक्छ। उदाहरणार्थ, अप्रिल २०१२ सम्ममा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जस्ता माओवादी पार्टीको बलियो उपस्थिति रहेका सबै जिल्लाका जिल्ला समितिहरू फुटिसकेका थिए र दुवै पक्ष पछि हट्ने सुरमा थिएनन्। उनीहरूका समर्थकहरूबीच आक्कलझुक्कल भिडन्त

लिने भन्नेमै झगडा छ।[१५] ठेक्कापट्टा, "चन्दा" र व्यापारिक कारोबार जस्ता स्रोतउपर कसले नियन्त्रण गर्ने त्यसबारे पनि आमना-सामना हुन सक्छ।[१६] फुट हुनुअघि नै पार्टीका गुटहरूबीच बेलाबखत झडपहरू हुने गरेका थिए, विशेषगरी शक्तिशाली र आकर्षक ट्रेड युनियनहरूभित्र।[१७] राजनीतिक गतिविधिहरूमा कार्यकर्ताहरूको परिचालन बढ्दै जाँदा एकआपसमा झडप पनि हुन सक्छ। नेकपा-माओवादीले युवा तप्का र जनस्वयंसेवक ब्युरोलाई बलियो बनाउँदै लगेको छ भने एनेकपाले यङ कम्युनिस्ट लिगलाई परिचालित गर्ने कुरा बताएको छ।[१८]

यी दुई पार्टीहरूबीचको लडाइँ उनीहरूका कार्यसूचीउपर हुनेछ र कसबाट कतिखेर के गल्ती भयो भन्ने कुरामा हुनेछ।[१९] दुवै थरी एउटै क्रान्तिकारी उद्देश्य बोकेको दाबी गर्छन् अर्थात् नेपाली राज्यको रूपान्तरण गर्ने। अनि आफ्ना अडानलाई सही मान्छन्। नयाँ पार्टीले पहिलेदेखि नै "विदेशी शक्ति र तिनका दलालहरू" को[२०] षडयन्त्रका कारण संविधानसभाले प्रगतिशील राज्य पुनर्संरचनासहितको "जनमुखी" संविधान ल्याउन सक्तैन भन्दै आएको थियो। संविधानसभाको अवसानले त्यो कुरा सिद्ध भएको उनीहरू बताउँछन्। माउपार्टी चाहिँ आफ्नै अडान सही भएको दाबी गर्छ। माउपार्टीवालाहरूको भनाइमा पहिचानमा आधारित सङ्घीयताको कार्यसूची अझै जिउँदो छ र वैद्य गुटले आशङ्का गरे जस्तो भारतले संविधान थोपरेन। वास्तवमा "हाम्रो पार्टीले पहिचानमा आधारित सङ्घीयताको नीति नछाडेकै कारण संविधानसभा भङ्ग भयो", माउपार्टीका केन्द्रीय समितिका एक जना सदस्यले क्राइसिस ग्रुपलाई बताए।[२१] सत्ता आफ्नो हातमा भएकाले सेनाउपर पनि नियन्त्रण रहेको एनेकपा (माओवादी) दाबी गर्छ। (यो भनाइचाहिँ पत्याउन गाह्रै पर्छ, किनभने खासमा भन्ने हो भने सेना धेरै पार्टीहरू मिलेर बनेको मन्त्रिमण्डलको अधीनमा छ र सेनाले धेरै हदसम्म स्वायत्तताको उपभोग गर्दै आएको छ)।[२२] उसको भनाइमा धर्मनिरपेक्ष गणतन्त्रउपर कुनै खतरा छैन र "शान्ति र संविधान" को जुन लाइन पार्टीले लिएको थियो त्यो सही थियो।

## क. बढ्दो फाटो

माओवादी पार्टीको आधिकारिक लाइन "शान्ति र संविधान" रहँदै आएको छ।[२३] यसको अर्थ जनमुक्ति सेनाको विघटन, पार्टीको मोटामोटी उद्देश्य बमोजिम नयाँ संविधान ल्याउने प्रयास, बहुदलीय लोकतन्त्र र निर्वाचन

---

पनि भए। माओवादीहरूको उपस्थिति त्यति प्रबल नभएको डलेलधुरा र डोटीमा भने भिडन्तका घटना देखिएनन्।

[१५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दुवै माओवादी पार्टीका सदस्यहरू, काठमाडौं, जून २०१२। उदाहरणका लागि, चितवन जिल्ला पार्टी कार्यालयको विषयलाई लिएर दुई पार्टीका कार्यकर्ताहरूबीच झडपहरू भए। त्यस कार्यालयको मूल्य पाँच करोड रुपियाँ पर्ने अनुमान गरिएको छ। अहिले त्यो कार्यालय फुटेर गएको पार्टीको कब्जामा छ। हेर्नुहोस्, "12 hurt as rival Maoists clash", *The Kathmandu Post*, १ जुलाई २०१२।

[१६] माओवादी पार्टी र नेताहरूको निजी व्यापारिक स्वार्थ निकै फैलेको छ। तिनमा केही सीधै देखिने खालका छन् भने केही अरूलाई खडा गरेर चलाइएका छन्। त्यसबाहेक जिल्ला तहमा ठेक्कापट्टाको विषयलाई लिएर विभिन्न पार्टीहरूका माझ प्रतिस्पर्धा हुने गर्छ। थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित, पृ. ८-९।

[१७] उदाहरणका लागि, हेर्नुहोस् दिलबहादुर छत्याल, "2 injured as Maoists clash", *Republica*, ८ अप्रिल २०१२। भट्टराई र प्रचण्ड गुटबीच पनि झडप भएका छन्। हेर्नुहोस् "Maoist unionists clash, three hurt", *Republica*, २९ मार्च २०११; "Trade union leader attacked", *The Kathmandu Post*, २८ अगस्ट २०११।

[१८] जनस्वयंसेवक ब्युरोको निर्माण अझै पनि योजनाकै चरणमा छ। पार्टी विभाजन हुनुअघि मार्च २०११ मा नेत्रविक्रम चन्द "विप्लव" को नेतृत्वमा यसको स्थापना भएको थियो। उनी अहिले फुटेर बनेको पार्टीका वरिष्ठ नेता छन्। त्यति बेला प्रचण्डले पार्टीका गुटहरूमा जिम्मेवारी बाँडेर असन्तुष्टिलाई घटाउन र विरोधीहरूलाई निस्प्रभावी पार्न त्यसो गरेका थिए। यङ कम्युनिस्ट लिग (वाईसीएल) माओवादीहरूको युवा लडाकू दस्ता हो जसको गठन शान्ति प्रक्रिया सुरु भएर जनमुक्ति सेना शिविरमा थन्किएपछि भएको थियो। वाईसीएलका गतिविधिहरू सन् २०१० सम्म निकै महत्त्वपूर्ण थियो जति बेला पार्टीले स्थानीय तहमा राजनीतिक स्थान बनाएर आर्थिक अवसरहरू प्राप्त गर्न सक्यो। वाईसीएलको "अर्धसैनिक संरचना" विघटन गर्नुपर्ने नेपाली काङ्ग्रेस र अरूहरूको मुख्य माग थियो। सन् २०१० देखि यता भने वाईसीएल देखा पर्न छाडेको छ। पार्टीका स्वार्थहरू राम्रोसित स्थापित भइसकेकाले पार्टीले वाईसीएललाई परित्याग गर्न सक्यो। एनेकपा (माओवादी) ले आफ्ना राजनीतिक अभीष्टका लागि जातीय मोर्चा र पेसागत समूहरूलाई पनि परिचालन गर्ने गर्छ। वाईसीएलबारे थप जानकारी लिन, हेर्नुहोस् क्राइसिस ग्रुपका रिपोर्टहरू, *नेपालः दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित, पृ. २० र *नेपालको राजनीतिक संस्कार,* माथि उल्लेखित, पृ. ९।

[१९] यी दुई गुटहरूबीच तीक्ष्ण शब्द बाँणको प्रहार र प्रतिप्रहार चलेको थियो। प्रचण्डले वैद्य समूहलाई "वैचारिक दृष्टिले जडसूत्रवादी वस्तुगत यथार्थको यान्त्रिक र साँघुरो ढङ्गले व्याख्या गर्ने, राजनीतिक दृष्टिले विसर्जनवादी, साङ्गठनिक दृष्टिले अराजकतावादी र निम्न पुँजीवादी बेचैनी भएको" भन्ने आरोप लगाएका छन्। त्यसको प्रतिकारमा वैद्य समूहले प्रचण्ड र भट्टराईलाई "वैचारिक दृष्टिले अवसरवादी, साङ्गठनिक दृष्टिले नोकरशाही र अराजक व्यक्तिवादी तथा राजनीतिक दृष्टिले दक्षिणपन्थी संशोधनवादी विसर्जनवादी तथा राष्ट्रिय र वर्गीय समर्पणवादी" भनेर आलोचना गरेका छन्। पुष्पकमल दाहाल, "पार्टीको तत्कालीन कार्ययोजना र कार्यक्रमबारे प्रस्ताव", २९ मार्च २०१२; वैद्य र रामबहादुर थापाद्वारा जारी प्रेस वक्तव्य, ४ अप्रिल २०१२।

[२०] पार्टी फुट्नुअघि वैद्य समूहले प्रधानमन्त्री भट्टराईलाई भारतीय "पीठ्ठु" भएको आरोप लगाउँदै माओवादी र मधेसी गठबन्धनको सरकार टिकाउने सम्झौता पनि भारतले तयार पारेको हुनाले त्यसलाई बदर गरिनुपर्छ भन्ने माग गरेको थियो। क्राइसिस ग्रपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, पृ. ८-९। वैद्य समूहको के विश्वास छ भने नेपालको समाजवादी क्रान्तिको मुख्य तगारो भारतीय "विस्तारवाद" हो।

[२१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संस्थापन माओवादी पार्टीका केन्द्रीय समिति सदस्य, काठमाडौं, जून २०१२।

[२२] प्रचण्ड आफैंले यसलाई अलि अर्कै किसिमले बताए। ९ जून २०१२ का दिन काठमाडौंको एउटा सार्वजनिक सभामा उनले नेपाली सेनाको हतियार पार्टीको नियन्त्रणमा आएको र सेनाबाट पार्टीलाई कुनै खतरा नभएको भनी बोलेका थिए। भोजराज भाट, "पुरानै तुस*f, नेपाल,* १७ जून २०१२। स्पष्टतः यो हाउभाउ देखाउने काम मात्रै थियो, अन्य पार्टीले खासै प्रतिक्रिया नदेखाएबाट पनि यो कुरा बुझ्न सकिन्छ।

[२३] असुहाउँदो देखिए पनि "शान्ति र संविधान" भन्ने शब्दावली माओवादी र टिप्पणीकारहरू खुबै प्रयोग गर्ने गर्छन्।

पद्धतिको अवलम्बन र क्रान्तिका लागि अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल नभएको आत्मस्वीकृति आदि हुन्। वैचारिक तवरमा वैद्य समूहको भनाइमा माओवादी आन्दोलनको अभीष्ट देशव्यापी क्रान्ति र सहरी विद्रोह तथा "जनसंविधान" मार्फत शास्त्रीय कम्युनिस्ट शासन पद्धति[२४] स्थापित गर्ने हुनुपर्दछ। अर्कोतिर प्रचण्ड र भट्टराई अरू पार्टीहरूसित मिलेर संविधान ल्याउनुपर्छ, वर्तमान राज्य व्यवस्थालाई राम्रोसित बुझ्नुपर्छ र अन्तर्राष्ट्रिय शक्तिसन्तुलन अनुकूल नहुन्जेल पर्खनुपर्छ अनि अनुकूल हुनासाथ सत्ता कब्जा गर्नु नै उत्तम उपाय हो भन्छन्।[२५] उनीहरूको भनाइमा देशव्यापी विद्रोह यसै अवस्थामा पुग्नका लागि आवश्यक थियो।

सन् २००५ मा बसेको केन्द्रीय समितिको चुनबाङ बैठकमा पार्टीले ठूलो नीतिगत परिवर्तन हुने गरी क्रान्तिका लागि अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति पैदा नहुन्जेल लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार्ने नीति अवलम्बन गरेको थियो। यसबाट माओवादी नेतृत्वलाई फेब्रुअरी २००५ मा राजाले गरेको कूपछि किनारा परेका मूलधारका प्रजातान्त्रिक पार्टीहरूसित साठगाँठ गर्ने मौका मिल्यो र त्यसले सन् २००६ को जनआन्दोलनको मार्ग प्रशस्त गर्‍यो जसका कारण राजा सत्ताच्युत भए र संविधानसभा बन्यो। तर न त वैद्य न त अर्का वरिष्ठ नेता सी.पी. गजुरेलको नै यस निर्णयमा कुनै हात थियो।[२६] त्यस बखत दुवै जना भारतीय जेलमा बन्दी थिए। नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौतापछि जब उनीहरू रिहा भए उनीहरूले यस "संशोधनवाद" को विरोध गरे। आफूलाई ढिलो गरी रिहा गर्नु क्रान्तिलाई कमजोर तुल्याउने भारतको चाल भएको वैद्य बताउँछन्।

सन् २००७ मा माओवादीहरू सर्वदलीय अन्तरिम सरकारमा सामेल भएका थिए। त्यस साल बालाजुमा भएको पार्टीको प्लेनममा वैद्यले पार्टीले सरकार छाड्नुपर्ने र राज्यसत्ता कब्जा गर्न तथा "नौलो जनवाद" स्थापनार्थ "जनविद्रोह" को तयारी गर्नुपर्ने बताएका थिए। तर संस्थापना पक्षले हालको चरणलाई बुर्जुवा लोकतान्त्रिक र पुँजीवादी बताउँदै यसलाई नाघेर जान नमिल्ने तर्क दिएका थिए।[२७]

त्यसपछि पार्टीको "द्वन्द्वात्मक प्रक्रिया" (प्रायः विमतिलाई त्यसो भन्ने गरिन्छ) झनै मिल्न नसकिने हुँदै गयो। सन् २००८ मा खरिपाटीमा भएको राष्ट्रिय भेलामा वैद्यले चुनबाङ सहमतिलाई छाड्नुपर्छ भने। त्यस बेला सरकारको नेतृत्व माओवादीले गरेका थिए र प्रचण्ड प्रधानमन्त्री थिए। त्यसको सट्टा पार्टीले भारतलाई "प्रमुख शत्रु" भनी घोषणा गर्नुपर्ने र नेपाललाई कम्युनिस्ट राज्य बनाउनेतिर काम गर्नुपर्ने उनको जिकिर थियो। केन्द्रीय समिति झन्डै बराबरीमा बाँडियो। अहिले नयाँ पार्टीमा रहेका नेता रामबहादुर थापा "बादल" मात्रै तटस्थ बसे। त्यसै हुनाले पार्टीको नीति निर्देशनसम्बन्धी प्रस्तावमा प्रचण्डको "शान्ति र संविधान" को लाइन र वैद्यको विचार दुवैलाई ठाउँ दिइयो।[२८]

सन् २०१० मा पालुङटारमा भएको प्लेनममा फेरि पार्टीले शान्ति प्रक्रियालाई पनि पछ्याउने र "जनविद्रोह" को तयारी[२९] पनि नछाड्ने भन्ने दुवै लाइनको खिचडी प्रस्ताव पारित गर्‍यो। त्यसको एक सालपछि पेरिस डाँडामा बसेको बैठकले यसलाई फेरि परिवर्तन गर्‍यो र प्रचण्डले आफ्नो "शान्ति र संविधान" को एकलौटी लाइनलाई पेलेर अघि बढाए।[३०]

सन् २०१२ को सुरुतिर केन्द्रीय समितिले "एक पार्टी दुई राजनीतिक लाइन" भन्ने निर्णय गरेर विभाजनलाई पक्का र बलियो पारेको थियो। "हामी छिटै दुई वा त्यसभन्दा बढी पार्टी हुनेछौं", गएको मार्चमा वैद्य

---

[२४] सन् २००१ मा सम्पन्न माओवादी पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले राज्यसत्ता कब्जा गर्नका निम्ति "जनयुद्ध" मात्र पर्याप्त हुँदैन भन्ने निष्कर्ष निकालेको थियो। त्यसका लागि ग्रामीण इलाकाका साथसाथै सहरी क्षेत्रमा सशस्त्र विद्रोह हुनु जरुरी थियो। यसको थप विवरणका लागि हेर्नुहोस्, क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालका माओवादीहरू: तिनका लक्ष्य, संरचना र रणनीति,* माथि उल्लेखित, पृ. ३ र २९। "जनसंविधान" को अर्थ "बहुसङ्ख्यक उत्पीडितहरूलाई सशक्त बनाएर" उनीहरूलाई राज्य सञ्चालन गर्न दिनु हो अथवा अर्को शब्दमा सर्वहारा वर्गको नेतृत्वको राज्य बनाउनु हो।

[२५] बाबुराम भट्टराई, "पार्टीको राजनीतिक र सङ्गठनात्मक कार्यदिशा र तत्कालको कार्ययोजना", नोभेम्बर २०१० मा पालुङ्टारमा सम्पन्न सम्मेलनमा प्रस्तुत दस्तावेज।

[२६] यस निर्णयको इतिहास लामो छ। सन् २००१ मा भएको दोस्रो राष्ट्रिय सम्मेलनमा प्रचण्डले माओवादी सरकारमा जानका लागि निम्न सर्त राखेका थिए: माओवादी समेत रहेको एउटा अन्तरिम सरकार, सरोकारवाला पार्टीहरूको गोलमेच सम्मेलन र संविधानसभाको निर्वाचन। त्यस बखत पार्टीले प्रचण्डपथको अनुमोदन गरेको थियो। पार्टीका अनुसार नेपाल सामन्तवाद र साम्राज्यवादको कब्जामा रहेको थियो र प्रचण्डपथ भनेको मार्क्सवाद, लेनिनवाद र माओवादको सिद्धान्तलाई नेपाली परिप्रेक्ष्य अनुरूप तयार पारिएको रणनीति थियो। त्यसअनुसार सर्वहारा वर्गको क्रान्ति र राष्ट्रिय मुक्तिलाई एकसाथ मिलाउने, दीर्घकालीन जनयुद्ध र विद्रोहको उपयोग गर्ने तथा "सत्ता कब्जाको लोकतान्त्रिकरण" गर्ने नीति अख्तियार गरिने आदि कुरा थिए।"महान् अग्रगामी छलाङः इतिहासको अपरिहार्य आवश्यकता", *नेकपा (माओवादी) को ऐतिहासिक दस्तावेज,* (काठमाडौं २००७), पृ. १५०-२०४। सन् २००९ देखि प्रचण्डपथलाई सुटुक्क थन्क्याइएको छ, तर यसबारे थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालका माओवादीहरू: तिनका लक्ष्य, संरचना र रणनीति,* माथि उल्लेखित, पृ. २३-२४। सन् २००१ र सन् २००६ को जनआन्दोलनबीच सन् २००१ र २००३ मा गरी दुई पटक युद्धविराम र शान्तिवार्ता भएका थिए।

[२७] हेर्नुहोस् मोहन वैद्य, "नयाँ वैचारिक स्पष्टता र नयाँ क्रान्तिकारी आन्दोलन सृष्टि गर्न एकजुट हौं", अगस्ट २००७ मा बालाजु प्लेनममा प्रस्तुत राजनीतिक दस्तावेज। "नयाँ जनवाद" मा वैयक्तिक आर्थिक क्रियाकलाप लगायतका पुँजीवादका केही विशेषताहरू हुन्छन्, तर पुँजीवादको यो "मार्क्सवादी चरण" सर्वहारा वर्गको नेतृत्वमा सञ्चालित हुन्छ। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालका माओवादीहरू: तिनका लक्ष्य, संरचना र रणनीति,* माथि उल्लेखित, पृ. ३; AdityaAdhikari, "The Ideological Evolution of the Nepali Maoists", *Studies in Nepali History and Society*, वर्ष १५, अङ्क २ (२०१०), पृ. २४५।

[२८] "क्रान्तिकारी कार्यदिशा तथा कार्यनीतिको थप विकास गर्दै नयाँ वैचारिक एकरूपता र सङ्गठनात्मक एकता हासिल गर्न एकजुट हौं", नोभेम्बर २००८ मा भक्तपुरको खरिपाटीमा सम्पन्न सम्मेलनद्वारा पारित राजनीतिक दस्तावेज।

[२९] वैद्य, प्रचण्ड र भट्टराईबीच निर्वाचनपछि उत्पन्न भिन्नताका सम्बन्धमा थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित, भाग ३.क।

[३०] हेर्नुहोस् "Dahal's peace stance riles hardliners", *The Kathmandu Post*, २० अप्रिल २०११।

समूहका पोलिटब्युरो सदस्यले भनेका थिए।[३१] माओवादी पार्टीका सङ्गठनहरूमा जिल्ला समितिहरू, विभिन्न जातीय समूह र राज्य समितिहरू, युनियनहरू, अनेकन् "भ्रातृ सङ्गठनहरू" र गाउँ तहका समितिहरू छन्। यी निकायहरू फुटाउन सबभन्दा गाह्रो हुने ठानिएको थियो। तर मार्च २०१२ तिर मुलुकभरि नै ती निकायहरू छुट्टिन थाले। "मैले आफ्नो कार्य सञ्चालन गर्नलाई मसित अधिकार छ छैन त्यही मलाई थाहा भएन", सुदूरपश्चिमका एक जिल्ला इन्चार्जले अप्रिलमा[३२] क्राइसिस ग्रुपलाई भने। केही जिल्लामा पार्टीका गुटहरूले छुट्टाछुट्टै सार्वजनिक कार्यक्रमहरू सञ्चालन गर्न थालेका थिए र कहिलेकाहीँ उनीहरूबीच झडप पनि हुने गर्थ्यो। एउटा जिल्लामा उनीहरूको फुटले गर्दा प्रशासन हेर्नलाई बनेको "सर्वदलीय संयन्त्र" मा भाग लिने विषयमा पनि बखेडा भएको थियो।[३३]

जून महिनामा वैद्य गुटले कार्यकर्ताहरूको राष्ट्रिय भेला गरेका बेला प्रचण्डले अध्यक्ष पदबाट राजीनामा दिन्छु भन्दा पनि सुख पाएनन्। दुवै पक्ष पार्टी फुटाएको दोष आफ्ना टाउकामा लिन चाहन्नथे, तर उनीहरूबीचको मतभिन्नता पुरिन कठिन देखिन्थ्यो। मे २७ मा संविधान नदिई संविधानसभा भङ्ग हुनु पार्टी विभाजनका लागि यथेष्ठ बहाना बन्यो। नयाँ संविधानको मस्यौदाले पनि फुटका लागि बल पुऱ्याउन सक्थ्यो, किनभने वैद्य समूहले त्यसलाई जति क्रान्तिकारी हुनुपर्ने हो त्यति नभएको र जातीयतामा आधारित सङ्घीयतालाई तिलाञ्जली दिएको तर्क दिन सक्थ्यो।[३४]

[३१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मार्च २०१२। तात्कालिक कारण भनेको १ नोभेम्बर २०११ को सम्झौताप्रति वैद्य पक्षको बढ्दो विरोध थियो, त्यस सम्झौताबाट अन्ततः जनमुक्ति सेना समाप्त हुने थियो। थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, माथि उल्लेखित। वैद्य पक्षले प्रधानमन्त्री भट्टराईको भारत र मधेसी मोर्चासितको व्यवहारप्रति पनि विरोध गर्दै उनको राजीनामा माग्यो। फुटका लागि पार्टी तयार हुनुअघि नै पार्टी नफुटोस् भनेर प्रचण्डले वैद्यलाई छुट्टै कार्यक्रमहरूको आयोजना गर्न दिए। असन्तुष्ट पक्षले आफ्नो समर्थनको आधार फैलाउन जिल्लाहरूको भ्रमण थालेपछि पार्टीको संस्थापन पक्षले पनि त्यही बाटो अपनायो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ माओवादी पार्टीको पोलिटब्युरो सदस्य, काठमाडौं, मे २०१२।

[३२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी पार्टी इन्चार्ज, कञ्चनपुर, अप्रिल २०१२। जून महिनाको सुरुतिरै पार्टी गाउँ तहसम्मै विभाजित भइसकेको बताइन्छ। किरण पुन, "Will the Maoist party split at last?", *Republica*, ६ जून २०१२।

[३३] कञ्चनपुर जिल्लामा दुवै माओवादी समूहका प्रतिनिधिहरूबीचको वादप्रतिवादले गर्दा सर्वदलीय बैठकको कार्बाही कैयौं महिनासम्म अगाडि बढ्न सकेन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, कञ्चनपुर, अप्रिल २०१२। "Maoist factions hold parallel rallies", *The Kathmandu Post*, ७ अप्रिल २०१२ पनि हेर्नुहोस्।

[३४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अनुसन्धानकर्ता, पत्रकारहरू, मार्च-जून २०१२। १५ मे २०१२ का दिन मुख्य दलका नेताहरूले सङ्घीयताउपरको सम्झौतामा हस्ताक्षर गरे, त्यस विषयमा त्यसअघि कहिल्यै छलफल गरिएको थिएन। त्यस सम्झौताको माओवादी लगायत सबै पार्टीभित्रका पहिचानवादी समूहहरूले ठाडै अस्वीकार गरे र विरोध जुलुस निकाले। विशेषतः वैद्य समूहका धेरैले यस प्रकरणबाट प्रचण्डले जातीय समूहहरूका अग्राधिकारसहितको जातीय राज्य खडा गर्ने माओवादी पार्टीको प्रतिबद्धता लत्याएको देखिएको तर्क गरे। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.३।

वैचारिक सिद्धान्त र पार्टीका निर्णयहरूबाट वास्तविक कथाको एउटा पाटो मात्र देखा पर्दछ। विशेषगरी जिल्लाका पार्टी कार्यकर्ताहरू नेताहरूका व्यवहारको प्रायः आलोचना गर्ने गर्छन्। एनेकपा (माओवादी) कर्पोरेट र अन्य स्वार्थहरूको फैलँदो जालो बन्न पुगेको छ। पार्टी र यसका सदस्यहरूको बढिरहेको सम्पन्नताले भ्रष्टाचार, नातावाद र कृपावादको आरोप निम्त्याएको छ।[३५] पार्टीको व्यवस्थापन तनावको स्रोत बनेको छ र प्रचण्डलाई अधिनायकवादी भन्न थालिएको छ।[३६] सन् २००७ पछि माओवादीहरूले ससाना वामपन्थी पार्टीहरूलाई मिसाएर अनि विभिन्न सामाजिक तहबाट नयाँ सदस्यहरू बनाएर आफूलाई विस्तारित गरेका थिए। यसका सबै तहका निर्णयकारी निकायहरूले आफ्नै प्राथमिकता र कार्यशैली भएका प्रभावशाली नवप्रवेशीहरूलाई ठाउँ दिनु परेको थियो। शान्ति प्रक्रियाबाट प्रचण्ड समूहले आर्थिक र पार्टीमाथिको नियन्त्रणमा बढी लाभ उठाएको बताइन्छ। नेकपा-माओवादीका माथ्ला तहका नेताहरू पार्टीभित्र नयाँ जिम्मेवारी बाँडिदा र माओवादीहरू सरकारमा गएका बखत मन्त्रालयको बाँडफाँड हुँदा उनीहरूलाई वास्ता नगरिएको बताउँछन्।[३७]

## ख. माओवादी सेनाको विघटन

जनमुक्ति सेना अब अस्तित्वमा छैन। यस्तो देखिन्छ, केही माओवादी लडाकूहरूलाई नेपाली सेनामा समायोजित गर्ने र बाँकीलाई पुनःस्थापन गराउने वा अवकाश दिलाउने प्रक्रिया पनि अन्त्य भएको छ। धेरै लडाकूहरूले स्वेच्छिक अवकाश लिनेछन् वा नगद रकम लिएर चित्त बुझाउने सम्भावना छ। एकदम थोरैले मात्र सेनामा प्रवेश लिनेछन् त्यो पनि त्यस्तो मौकाका लागि वर्षौं कुरेर। "समायोजन" माओवादीहरूलाई

[३५] भ्रष्टाचारको आरोप पार्टीभित्र र बाहिर दुवैतिरबाट आएको छ। उदाहरणका लागि, हेर्नुहोस् रामशरण महत, "Feudal order's new incarnation", *The Kathmandu Post*, १३ मार्च २०१२ र सरोज अधिकारी, "विस्तारित धनयुद्ध", *कान्तिपुर*, २१ जुलाई २०१२। भाग ४.ख पनि हेर्नुहोस् "पूर्वमाओवादी लडाकूहरू" र क्राइसिस ग्रुपका ब्रिफिङहरू, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, पृ. ५; र *नेपालको लागछोड शान्ति प्रक्रिया*, माथि उल्लेखित पृ. १०।

[३६] उदाहरणका लागि, हेर्नुहोस् राम कार्की, "तेस्रो विकल्प", संस्थापन पार्टीको प्लेनममा प्रस्तुत राजनीतिक दस्तावेज, जुलाई २०१२। लेखनाथ न्यौपाने, "विकृतिको सगरमाथा", *अन्नपूर्ण पोष्ट*, ३ अगस्ट २०१२ पनि हेर्नुहोस्।

[३७] हेर्नुहोस् क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अनुसन्धानकर्ताहरू र माओवादीका पार्टी सदस्यहरू, अक्टोबर-नोभेम्बर २०११, मार्च र मे २०१२। सुधीर शर्मा, "माओवादी रूपान्तरणको अन्तिम गाँठो", माथि उल्लेखित पनि हेर्नुहोस्। सानासाना कम्युनिस्ट पार्टीका नेताहरूलाई स्थायी समिति, पोलिटब्युरो र केन्द्रीय समिति तथा जिल्ला र राज्य समितिहरूमा समाहित गराइयो। उदारणका लागि, सन् २००९ मा नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र-मसाल) सित एकीकृत हुँदा त्यस पार्टीका ३१ जना सदस्य माओवादी पार्टीको ९५ सदस्यीय केन्द्रीय समितिमा मिसाइएका थिए।"शान्ति प्रक्रियापछि पार्टीमा आउनेहरू अवसरवादी हुन्। युद्ध सुरु हुनु अगाडिदेखि पार्टीमा लागिरहेका हामी जस्ता सदस्यहरू जति उनीहरू पार्टीप्रति प्रतिबद्ध छैनन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी पार्टी इन्चार्ज, जो अहिले नयाँ पार्टीमा लागेका छन, सुदूरपश्चिम क्षेत्र, अप्रिल २०१२।

शान्ति प्रक्रियामा ल्याउने एउटा मुख्य कडी थियो। पार्टीले समायोजन सम्मानजनक हुनुपर्ने अर्थात् धर्मनिरपेक्ष गणतन्त्रको स्थापनामा उनीहरूको योगदानको कदर हुनुपर्ने, उनीहरूलाई राष्ट्रिय सेनाका समकक्षीसरह व्यवहार गरिनुपर्ने र छनोट प्रक्रियामा नगई उनीहरूलाई सेनामा स्वतः समाहित गरिनुपर्ने जिकिर गर्दै आएको थियो। बितेको एक वर्षमा पार्टीले यीमध्ये धेरै माग छाडिसकेको छ।[३८]

विस्तृत शान्ति सम्झौता भएको झन्डै पाँच वर्ष बितिसकेपछि नोभेम्बर २०११ मा माओवादी लडाकूहरूको भविष्यबारे एउटा सम्झौता भयो।[३९] राजनीतिक पार्टीहरू दर्ता भएका लगभग १९,६०० लडाकूहरूमध्ये बढीमा ६,५०० लडाकूहरूलाई नेपाली सेनामा "समायोजित" गराउन वा प्रवेश गराउन राजी भए। वैद्य समूहका धेरै सदस्यहरू जनमुक्ति सेना र कमान्डरहरूसित नजिक थिए। त्यसैले त्यस समूहले त्यो सम्झौता अपूर्ण र बेइज्जतीपूर्ण भएको महसुस गऱ्यो। यो उनीहरूले खोजे जस्तो दुई सेनाबीचको विलयन नभई एउटा भर्ती प्रक्रिया थियो।[४०]

यो कार्य चुनौतीपूर्ण हुनेछ भन्ने सुरुमै स्पष्ट थियो। सम्झौता हुनेबित्तिकै गरिएको एउटा सर्वेक्षणमा ९,७०० भन्दा बढी लडाकूहरूले समायोजन रोजेका थिए। त्यस सङ्ख्यालाई बढाउन कमान्डरहरूले दबाब दिएको बुझिन्थ्यो। माओवादी पार्टीभित्रको गुटबन्दीले पनि काम गरेको थियो। लडाकूहरू नेपाली सेनामा प्रवेश गर्दा उनीहरूलाई मिल्ने दर्जा र औपचारिक रूपमा शान्ति प्रक्रिया थालिएपछि उनीहरूले प्राप्त गरेका शैक्षिक योग्यताको मान्यताबारे माओवादी नेताहरूमै मतैक्य रहेको थिएन।

समायोजन प्रक्रियालाई अघि बढाउन सबै पार्टीहरू दबाबमा थिए। त्यसको एउटा सङ्केत त लडाकू र हातहतियारको हस्तान्तरण भएबाट पनि पाइन्छ। समायोजन र पुनःस्थापनालाई सुपरीवेक्षण गर्न बनेको अन्तरपार्टी विशेष समिति बाँकी बचेका लडाकूहरूमध्ये नेपाली सेनामा साँच्चिकै भर्ना हुन चाहने कति जना छन् भनी हेर्न दोस्रो पटक सर्वेक्षण गर्न राजी भयो।[४१] त्यसै समितिले १२ अप्रिल २०१२ बाट जनमुक्ति सेनाका शिविरहरू, लडाकूहरू र हातहतियार सेनाले लिने निर्णय पनि गऱ्यो।[४२] केही विवादास्पद विषयहरूबारे छिनोफानो हुन बाँकी नै थियो, तर पनि त्यो लडाकूहरूलाई अब तिमीहरू राष्ट्रिय सेनाको हिस्सा भयौ भन्ने जानकारी थियो। त्यो शान्ति प्रक्रियालाई अब फर्काउन सकिन्न भन्ने कुराको पनि सङ्केत थियो। नेपाली काङ्ग्रेसले धेरै अघिदेखि नै माओवादी सेना रहेसम्म आफूले संवैधानिक विषयमा खुलेर छलफल गर्न नसक्ने बताउँदै आएको थियो र जनमुक्ति सेनालाई विघटन गर्नुपर्ने माग राख्दै आएको थियो।

प्रस्तावित हस्तान्तरण हुनुभन्दा कैयौं दिनअघि १० अप्रिल २०१२ का दिन यी विषयहरूमा कसैले पनि पहिलेबाटै नसोचेको बखेडा उत्पन्न भयो।[४३] त्यस दिन दिनभरि नै शिविरहरूमा अशान्ति र तनाव सृजना भएका खबरहरू आइरहे। केही लडाकूहरू स्वेच्छिक अवकाशको ठाउँमा समायोजन रोज्न लगाएबाट बेखुसी भएका थिए। कोहीचाहिँ दर्जा र शैक्षिक योग्यताबारे प्रस्टता खोजिरहेका थिए। कोहीचाहिँ सेनामा राम्रो दर्जामा आफ्ना मानिस राख्नलाई कमान्डरहरूबाट नातावाद र कृपावादलाई प्रोत्साहित गरिएको तथा जातीय पूर्वाग्रह देखाइएको आरोप पनि लगाइरहेका थिए। लडाकूहरूले आफूले पाउने मासिक तलबको केही अंश पार्टीद्वारा सञ्चालित सञ्चय कोषमा बुझाउँदै आएका थिए। अवकाश लिएबापत प्राप्त हुने रकमको ठूलो हिस्सा पार्टीले लिन खोजेको आरोप र भ्रष्टाचारको लाञ्छना पनि लगाइएको थियो।[४४] शान्ति सम्झौता सम्पन्न भएदेखि नै शिविरहरूमा भएका सम्पत्तिलाई के गर्ने भन्नेमा असहमति छँदै थियो, लडाकूहरूले सातवटा शिविरहरूमा ताला लगाएर राखिएका ३,००० भन्दा बढी हातहतियारहरू कब्जा गर्दैछन् भन्ने डर पनि उब्जियो। सन् २००७ मा शिविरहरू खडा भएदेखि नै माओवादी सेनाको "चेन अफ कमान्ड" बलियो र भरपर्दो भएको विश्वास गरिएको थियो। तर त्यस दिन साँझ परेपछि त्यो विश्वास टुटेको थियो।

त्यस साँझ प्रधानमन्त्री भट्टराईले नेपाली सेनालाई शिविरहरूको सुरक्षा, खासगरी हातहतियारहरू तुरुन्तै आफ्नो हातमा लिन आदेश दिए। केही ठाउँमा नजिकका सशस्त्र प्रहरी बललाई समेत कमान्डरहरूको सुरक्षा गर्न आदेश दिइएको थियो। पूरै हातहतियारले सुसज्जित सेनाका जवानहरू आधारातमा जनमुक्ति सेनाका शिविरहरूमा प्रवेश गरे, तर लडाकूहरूबाट कुनै प्रकारको नकारात्मक प्रतिक्रिया भएन। योचाहिँ विचारणीय थियो। दुई सेनाबीच युद्धकालमा रहेको दुश्मनी मत्थर भइसकेकाले वा लडाकूहरू अरूसित भन्दा आफ्नै कमान्डरहरू र पार्टीसित रिसाएकाले त्यसो भएको हुनुपर्छ। नेपाली सेनाले संयमपूर्ण व्यवहार देखायो जसले

---

[३८] जनमुक्ति सेनाको भूमिका र सुरक्षा क्षेत्रबारे विस्तृत जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा,* माथि उल्लेखित।

[३९] त्यस सम्झौताको पूर्ण विवरण, त्यसको प्रारम्भिक कार्यान्वयन र भविष्यका चुनौतीबारे हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित।

[४०] उदाहरणका लागि, वैद्य समूहका नेता देव गुरुङले भनेः "सेना समायोजन (अवरुद्ध) छ किनभने सेना समायोजन भनेको दुई सेना एकअर्कामा मिसिने हो वा दुइटा मिलेर छुट्टै शक्ति बन्ने हो त्यो पार्टीहरूले बुझ्न सकेका छैनन्।" "Gurung speaks in House against Dahal-led panel", *The Kathmandu Post*, २३ जून २०११।

[४१] माओवादी लडाकूहरूको सुपरीवेक्षण, समायोजन र पुनःस्थापनाका लागि विशेष समिति प्रचण्ड प्रधानमन्त्री भएका बेला अक्टोबर २००८ मा गठन भएको थियो। त्यस समितिमा माओवादी र अन्य मूलधारका पार्टीका सदस्यहरू राखिएका थिए।

[४२] "Cantonments to be vacated by April 12", *Republica*, ३१ मार्च २०१२।

[४३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, विशेष समितिका उच्चस्तरीय सदस्यहरू र त्यसका प्राविधिक शाखाका सदस्यहरू, माओवादी लडाकूहरू र कमाण्डर, माओवादी शिविरहरूमा खटिएका सेनाका अधिकृतहरू, १२ अप्रिल २०१२ मा सुर्खेतको दशरथपुरमा रहेको छैटौं डिभिजनको शिविरमा र १४ अप्रिल २०१२ मा इलामको चुलाचुलीमा रहेको प्रथम डिभिजनको शिविरमा।

[४४] उदाहरणका लागि, हेर्नुहोस् "Cheques of 32 combatants seized", *The Kathmandu Post*, १२ फेब्रुअरी २०१२; "Ex-commanders demand probe against Dahal", *Republica*, २१ जुलाई २०१२ र माधव बस्नेत, "हिसाबकिताबको खोजी", *नेपाल,* २९ जुलाई २०१२।

गर्दा केही नराम्रो घटना हुन पाएन। अर्को दिन झिटिगुन्टा, टिनका बाकस बोकेका लडाकूहरू आफ्ना बालबच्चासाथ शिविरबाट ग्वारग्वार्ती बाहिरिन थाले। शिविरभित्र नेपाली सेना गस्ती गर्ने र माओवादीका हातहतियार र गोलीगठ्ठा भेला पार्ने काम गरिरहेका थिए। जनमुक्ति सेनाको यो अवास्तिक लाग्ने अन्त्यलाई वैद्य समूहले "आत्मसमर्पण" र "अपमान" भन्ने गरेका छन्।[४५]

त्यस घटनापछि गरिएको सर्वेक्षणमा सेनामा भर्ना हुन चाहने लडाकूहरूको सङ्ख्या ९,७०० बाट घटेर ३,१०० मा झर्‍यो। संविधानसभाको अन्त्य भएबाट केही भूतपूर्व लडाकूहरूमा यस्तै अर्को गतिरोधको लामो अवस्था आउला कि भन्ने डर छ। "उनीहरूले हामीलाई बिर्से भने के गर्ने? बरु म त पैसा लिएर अवकाशमा जान्छु", एक युवा कम्पनी कमान्डरले भने।[४६]

जुलाई ४ तारिखका दिन नेपाली सेनाले लडाकूहरूको शैक्षिक योग्यता र उमेर जाँच्ने काम थाल्यो। सेनाको भर्ना नियम मान्न नचाहने लडाकूहरूले त्यस प्रक्रियालाई तुरुन्तै रोक्न लगाए, शैक्षिक योग्यताको पहिले टुङ्गो नलागेको विवाद फेरि बल्झियो।[४७] त्यति भएर पनि समायोजन चाहने लडाकूहरू धेरैजसो प्रचण्ड समूहका थिए। पछि जुलाईको मध्यतिर सम्पन्न माउपार्टीको प्लेनममा तिनीहरूले पनि समायोजन प्रक्रिया सम्मानजनक नभएको र भर्नासरह भएकोमा विरोध जनाएका थिए। त्यसका साथै जनमुक्ति सेनाका धेरै जना कमान्डरहरूमाथि भ्रष्टाचार गरेको आरोप लगाइएको थियो।[४८] त्यसपछि प्रचण्डले नेपाली काङ्ग्रेस र एमाले नेपाली सेनासित त्यसलाई स्वीकार्नुको विकल्प नहुने गरी भर्ना प्रक्रियामा लचिलो नभएको खण्डमा बाँकी लडाकूहरूले समायोजन छाडेर स्वेच्छिक अवकाश लिने धम्की दिए।[४९] धम्कीकै कुरा गर्ने हो भने परम्परागत पार्टीहरूले सुरुदेखि नै समायोजनलाई रोक्न खोजेका थिए।

मोहन वैद्यको नयाँ पार्टीले भावी कदमबारे निर्णय गर्दा जनमुक्ति सेनाउपर गरिएको यस किसिमको व्यवहारप्रतिको आक्रोशलाई जिउँदो राख्न कोसिस गर्नेछ। त्यस पार्टीले अहिले नै "अयोग्य" ठहरिएकाले असन्तुष्ट बनेका पूर्वलडाकूहरूलाई परिचालन गर्न थालिसकेको छ र त्यस्तो परिचालन सदैव शान्तिपूर्ण रहेको छैन।[५०] अर्को नयाँ जनमुक्ति सेनाको सेवामा कति जना पूर्व लडाकूहरू भूमिगत हुन तयार हुनेछन् भन्ने अनुमान अहिले अपरिपक्व हुनेछ।[५१] अवकाशप्राप्त केही लडाकूहरूले एउटा वा अर्को पार्टीसित आबद्ध रहेर पक्कै पनि पार्टीको काम गर्नेछन्। उनीहरूलाई जातीय आन्दोलनमा वा चुनाव प्रचारमा खटाइनेछ। त्यस्ता गतिविधिमा हिंसाको सम्भावना पनि रहनेछ। धेरै लडाकूहरू सके फेरि सामान्य जीवनतिर फर्कनेछन् वा मूलधारको राजनीतिक क्रियाकलापमा लाग्नेछन्, तर बाँकी केही भने पार्टीप्रतिको आक्रोश र नयाँ एजेन्डाको आकर्षणबाट प्रभावित हुन सक्नेछन्। त्यस्तो नयाँ एजेन्डा जातीयताबाट निर्देशित सशस्त्र सङ्घर्ष हुन सक्नेछ।[५२]

## ग. नयाँ माओवादी पार्टी

### १. अल्पकालीन रणनीति

नेकपा-माओवादी पुरानै संविधानसभाको पुनःस्थापना चाहन्छ वा नयाँ संविधानसभाको चुनाव गराउने पक्षमा छ त्यसबारे बोलेको छैन। त्यसैगरी पुनःस्थापित संविधानसभाका अरू थप माओवादी सदस्यहरूलाई आफूपट्टि तानेर सदनमा एउटा शक्तिका रूपमा स्थापित हुन चाहन्छ वा निर्वाचन आयोगबाट मान्यता पाउने गरी केन्द्रीय समितिका अझ बढी सदस्य तान्नेतिर लाग्छ त्यसबारे पनि प्रस्ट छैन। यी विषयहरूबारे निधो नगरेसम्म त्यस पार्टीका गतिविधि माउपार्टीलाई हिर्काउन र सङ्गठन विस्तार गर्नमै सीमित रहनेछ।

नारा र काममा नेकपा-माओवादी युद्धकाल र शान्ति प्रक्रियाको प्रारम्भिक समयमा माओवादी पार्टीले गरे जस्तै व्यवहार देखाइरहेछ। यसले आफ्नो केही ऊर्जा उसले भन्ने गरेको माउपार्टीको "वैचारिक तथा नैतिक विचलन" को आलोचना गर्नमा खर्चिनेछ र विशेषगरी भूतपूर्व लडाकूहरूप्रतिको "विश्वासघात" र पहिचानमा आधारित सङ्घीयताप्रति देखाएको "दोहोरो चाल" लाई निकै तुल दिनेछ।[५३] भूतपूर्व लडाकूहरू तान्ने कोसिसबाहेक यस पार्टीले जुझारु जनस्वयंसेवक युवा दस्ता बनाउने र माउपार्टीबाट स्रोतसाधनहरू खोस्ने योजना राखेको छ। यसका नेताहरू वर्तमान सङ्कटको समाधानका लागि राजनीतिक पार्टीहरूको गोलमेच सम्मेलन गरिनुपर्ने र त्यसमा पहिचान तथा क्षेत्रीयतामा आधारित

---

[४५] माओवादी पार्टीका अध्यक्ष प्रचण्डको अनुरोधमा प्रधानमन्त्री भट्टराईले विशेष समितिको बैठक डाके र त्यस समितिले तुरुन्तै हस्तान्तरण गर्ने आधिकारिक निर्णय गर्‍यो।

[४६] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, दशरथपुर, सुर्खेत, जून २०१२।

[४७] जुलाई ६ मा सातवटै शिविरका लडाकूहरूले आफ्नो अपमान भएकोले सडक आन्दोलन गर्ने धम्की दिँदै छनौट प्रक्रिया रोके। "लडाकू छनौट कार्य स्थगित", *अन्नपूर्ण पोष्ट*, ७ जुलाई २०१२।

[४८] उदाहरणका लागि, हेर्नुहोस् माधव बस्नेत, "हिसाबकिताबको खोजी", माथि उल्लेखित।

[४९] "Maoists for 'final talk' to revise 7-point deal", *The Kathmandu Post*, २२ जुलाई २०१२।

[५०] सन् २००७ मा संयुक्त राष्ट्रले गरेको छनौट प्रक्रियामा कम उमेर भएका वा निर्धारित मितिभन्दा पछि मात्र भर्ना भएका कारणबाट जनमुक्ति सेनाका जम्मा ४,००८ जना लडाकूहरू "अयोग्य" ठहरिए। यसरी अयोग्य ठहरिएका लडाकूहरूका गुनासा र वैद्य समूहसित तिनका सम्बन्धबारे जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपका ब्रिफिङहरू, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, र *नेपालको लागछोड शान्ति प्रक्रिया*, दुवै माथि उल्लेखित; क्राइसिस ग्रुपको रिपोर्ट, नेपालः दुइटा सेनाबाट एउटा, माथि उल्लेखित।

[५१] यद्यपि वैद्य समूह नजिकका लडाकूहरूलाई नयाँ बन्ने माओवादी पार्टीमा लाग्नका लागि समायोजनमा नजान निर्देशन दिइएको थियो भन्ने खबरहरू आएका थिए। "PLA integration process begins sans excitement", *The Kathmandu Post*, ५ जुलाई २०१२।

[५२] हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, माथि उल्लेखित, क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा*, माथि उल्लेखित।

[५३] विप्लवले झन्डै दुई वर्षदेखि असन्तुष्ट पूर्वलडाकूहरूलाई सङ्गठित गर्दै आएका छन्।

उदीयमान शक्तिहरूलाई पनि सामेल गरिनुपर्ने माग राख्दै आएका छन्। नेकपा-माओवादीले प्रधानमन्त्रीले पद छाड्नुपर्ने माग जारी राख्नेछ र त्यसनिम्ति सायद विरोध प्रदर्शनहरू पनि गर्नेछ। यसको योजनामा "राष्ट्रिय सार्वभौमिकताको रक्षा" गर्ने कार्य पनि पर्छ, जसको अर्थ हो भारत विरोधी प्रदर्शनहरू। यस कार्यमा सम्भवतः उसले ठानेको राष्ट्रवादी शक्तिहरूसित गठबन्धन हुन सक्छ र त्यसमा केही उग्र दक्षिणपन्थी पनि पर्न सक्छन्।[५४]

जनस्वयंसेवकको उद्देश्य "सुरक्षा, भौतिक पूर्वाधारहरूको निर्माण र उत्पादन" गर्नु हुनेछ। व्यवहारमा यसको माने ठेक्कापट्टामा भाग लिनुदेखि लिएर लकडीको व्यापारमा घुस्ने, स्थानीय शासनमा हात हालेर स्वतन्त्र पात्रका रूपमा स्थानीय प्रभाव बढाउने, अनौपचारिक चियो राख्ने, झैझगडामा सामुदायिक मध्यस्थता गर्ने आदि कार्य पर्दछन्। यो अहिलेसम्म सङ्गठित शक्ति बनेर देखा परेको छैन, तर यसमा पहिलेका लडाकूहरू तथा भ्रातृ सङ्गठनका सदस्यहरूलाई सामेल गराउने योजना रहेको छ। पार्टी नेताहरू जनस्वयंसेवकलाई लडाकू दस्ता हुने र भविष्यमा यसलाई जनमुक्ति सेनामा परिणत गर्ने बताउँछन्।[५५] नेकपा-माओवादीले पहिलेका लडाकूहरूको असन्तुष्टि र अपमानको भावनालाई उपयोग गर्ने र अवकाश लिँदा पाएका थैलोबाट केही रकम पार्टीलाई चढाउन उनीहरूलाई प्रोत्साहित गर्नेमा निकै सन्तुलन मिलाउनु पर्नेछ।

पार्टी नेताहरूले गोप्य बैठकहरू गर्ने र जिल्लाहरूमा कार्यकर्तालाई तालिम दिने काम गरिरहेछन्। उनीहरूले सार्वजनिक तवरमा दिएका वक्तव्यहरू विपरीत उनीहरू सदस्यहरूलाई सशस्त्र सहरी वगावत गर्ने र त्यो गर्न नसकेमा नयाँ विद्रोह थाल्ने कुरा सिकाइरहेछन्। नेताहरूका भनाइमा अहिलेको "वस्तुगत परिस्थिति" सन् १९९६ मा "जनयुद्ध" थाल्दाखेरिको परिस्थितिसित मिल्दोजुल्दो छ र अर्को विद्रोहका लागि समर्थन मिल्नेछ।[५६]

नयाँ पार्टीको राजनीतिक परिचालन रणनीतिको मुटुमा जातीय समूहहरूसित यसको उठबस र आफ्नै पार्टीको जनजाति नेतृत्वको शक्ति रहेको छ।[५७] पार्टी फुट्नुअघि नै वैद्य समूहले माउपार्टी र सरकारमा उसको मधेसी साझेदारहरूले नसमेटेका जनजाति र मधेसी पात्रहरूतर्फ हात बढाइरहेको थियो।[५८] तर नयाँ पार्टीका अन्य परम्परागत मार्क्सवादी सिद्धान्तकारहरूझैं वैद्य आफैं पनि जातीय मागप्रति पूर्ण विश्वास राख्दैनन् र तिनलाई वर्ग आधारित राजनीतिपछि आउने विषय मान्छन्।[५९] तसर्थ कार्यगत हिसाबले यस्तो गठबन्धनको केही हदसम्म उपयोगिता हुन सक्ला, तर जातीय राजनीतिसित गहिरो र टिकाउ सम्बन्ध कायम राखिराख्न भने पार्टीलाई गाह्रो पर्न सक्नेछ।

नेकपा-माओवादीले वैदेशिक सम्बन्धको सञ्जाल पनि बढाइरहेछ। यसको अन्तर्राष्ट्रिय विभागका प्रमुखले भारतीय वामपन्थी नेताहरूलाई जानकारी गराएका छन्।[६०] अध्यक्ष वैद्य जुलाई महिनामा चीन गएको बताइन्छ र वरिष्ठ नेता नेत्रविक्रम चन्द "विप्लव" पनि। वैद्यको भ्रमणको उद्देश्य प्रस्ट छैन, तर पार्टीले उनी "राष्ट्रिय सार्वभौमिकताको रक्षा" गर्ने कार्यमा समर्थन जुटाएर फर्किएका बताउन खुबै बल गरिरहेको छ।[६१] पार्टी नेताहरू माउपार्टीको भारतपरस्त नीतिबाट बेइजिङ बेखुसी भएको र

---

[५४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अनुसन्धानकर्ताहरू, काठमाडौं, मार्च २०१२; नयाँ माओवादी पार्टीका पोलिटब्युरो सदस्यसँग टेलिफोन अन्तर्वार्ता, काठमाडौं, जून २०१२। गोलमेच सम्मेलन माओवादी आन्दोलनको पहिल्यैदेखिको माग हो। धेरैले संविधानसभालाई त्यसको विकल्प हुने सोचेका थिए। भाग २.क पनि हेर्नुहोस्। उग्र वामपन्थ र उग्र दक्षिणपन्थ दुवैमा चरम राष्ट्रवाद हाबी छ र भारत विरोध नेपाली राष्ट्रवादको महत्त्वपूर्ण अङ्ग हो। सबै नेपाली दलहरू राष्ट्रवादी कहलाउन रुचाउँछन्, तर उनीहरूका जोसको पारा कति मात्रा चढ्छ त्यो चाहिँ भारतसित उनीहरूको सम्बन्ध कुन अवस्थामा छ त्यसले निर्धारण गर्छ। उदाहरणका लागि, अहिले भारतबाट चिसो व्यवहार पाएबाट काङ्ग्रेस चिढिएको छ र यसकारण काङ्ग्रेसले राष्ट्रियताको आवाज उराल्न सक्छ।

[५५] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, नयाँ माओवादी पार्टीका पोलिटब्युरो सदस्य, काठमाडौं, जुलाई २०१२। वाईसीएलले सन् २००६ देखि २०१० सम्म जे गऱ्यो ब्युरो त्यही गर्न चाहन्छ। यसमा स्थानीय तहमा अनौपचारिक प्रहरीको काम गर्ने, कोषका लागि "चन्दा" उठाउने, मूल्यवान जडीबुटी र वन पैदावरको व्यापारलाई सघाउने, निर्माण ठेक्का र सरकारी टेण्डर आफ्नो पक्षमा पार्ने आदि काम पर्छन्। विप्लवको नेतृत्वमा मार्च २०११ मा ब्युरो खडा हुँदा यो वाईसीएलको छाता र सबै खाले "प्रगतिशील राष्ट्रवादी युवा" को साझा सङ्गठन हुने ठानिएको थियो। पार्टीले ब्युरोका पाँच लाख सदस्य हुने कुरा बताएको थियो, तर पार्टीभित्र गुटबन्दी बढ्दै जानाले यसको विस्तार रोकियो। पार्टी फुट्नु अगावै वैद्य समूहले जनस्वयंसेवक ब्युरोको स्थापना र सञ्चालन गर्न एउटा १७ सदस्यीय समिति बनायो। त्यसमा जनमुक्ति सेनाका पहिलेका ३ जना सहायक डिभिजन कमाण्डरहरू थिए। हेर्नुहोस्, "माओवादीले गठन गऱ्यो वाईसीएल जस्तै ब्युरो", *कान्तिपुर*, १६ मार्च २०११; "Baidya faction revives People's Volunteers Bureau", *Republica*, २५ अप्रिल २०१२।

[५६] स्वरूप आचार्य "यसै वर्ष छापामार युद्धः चन्द", *नागरिक*, १० जुलाई २०१२।

[५७] उदाहरणार्थ, नयाँ पार्टीका एक जना हस्ती सुरेश आले मगर जून २००० मा माओवादीहरूसित भूमिगत हुनुभन्दा पहिला चर्चित जनजाति अभियानकर्ता थिए। उनको अहिले पनि जनजाति नेताहरू र सङ्गठनहरूसित व्यापक र गहिरो सम्पर्क छ।

[५८] मार्च २०१२ मा वैद्यले सङ्घीयता, जातीय र क्षेत्रीय स्वायत्तता, समावेशी र समानुपातिक प्रतिनिधित्व रहने संविधानको माग गर्दै ११ वटा जातीय पार्टी र सङ्गठनहरूको एउटा मोर्चा बनाए। "११ दलसित वैद्यको मोर्चाबन्दी", *नागरिक*, २४ मार्च २०१२।

[५९] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, नयाँ माओवादी पार्टीका पोलिटब्युरो सदस्य, काठमाडौं, जुलाई २०१२। जून २०१२ मा पार्टी गठन गर्न बोलाइएको राष्ट्रिय भेलामा वैद्यले प्रस्तुत गरेको दस्तावेजमा उनी तरबारको धारमा हिँडेको देखिन्छ। त्यसमा उनले सर्वहारा वर्गको नेतृत्वले जातीय सवाललाई चालु वर्गसङ्घर्षको एउटा अङ्गको रूपमा लिनुपर्छ भनेका छन् र "साम्राज्यवादी र विस्तारवादी" हरूले (जसको तात्पर्य विदेशीहरू हो) जातीय मुद्दालाई वर्गीय मुद्दाबाट छुट्याएकामा उनीहरूको आलोचना गरेका छन्। "नवसंशोधनवादको विरुद्ध विचारधारात्मक सङ्घर्ष चलाउँदै क्रान्तिलाई नयाँ ढङ्गले अगाडि बढाऔँ", माथि उल्लेखित।

[६०] "Baidya emissary hobnobs with Indian leaders", *The Kathmandu Post*, २० जुलाई २०१२।

[६१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ माओवादी पार्टीका पोलिटब्युरो सदस्य, काठमाडौं, जुलाई २०१२। "चीन नेपालमा राजनैतिक स्थिरता चाहन्छः किरण", *जनदिशा*, २७ जुलाई २०१२।

पहिचानमा आधारित सङ्घीयताउपर भारत तथा पश्चिमको बढ्दै हस्तक्षेप भएको ठान्छ भनी बताउँछन्।

यस्ता दाबीको विश्लेषण गर्नु सजिलो छैन। चीनले नेपालको सार्वभौमिकताको महत्त्वमा जोड दिएको र राष्ट्रिय निर्णयहरू नेपाल आफैंले लिनुपर्ने चीनको धारणा रहेको विगतमा देखिएको छ। विशेष राजनीतिक अभीष्टका लागि वा खास पात्रहरूलाई चीनले समर्थन दिएको आरोप पुष्टि गर्ने साक्ष्यहरू थोरै छन्। बेइजिङको नेपालमा सरोकार भनेको तिब्बतको समर्थनमा हुने गतिविधि हो। संविधानसभाको विघटन भएपश्चात् वरिष्ठ नेताहरू तथा सरकारी उच्च अधिकारीहरूको वृत्तमा र केही कूटनैतिक समुदायमा नेपालको सङ्घीयताबारे चीनको धारणा आउन लागेको चर्चा चलेको छ। त्यस चर्चाअनुसार पहिचानमा आधारित सङ्घीयताप्रति चीन चिन्तित छ र नेपालको उत्तरी सीमा इलाकामा स्वायत्त तथा सशक्त सङ्घीय राज्यहरू बन्नाले काठमाडौंलाई "चीन विरोधी गतिविधि" उपर नियन्त्रण गर्न कठिनाइ हुने चीनको विचार छ। तिब्बत पक्षीय गतिविधिलाई औपचारिक भाषामा "चीन विरोधी गतिविधि" भन्ने गरिन्छ।[६२] यदि नयाँ पार्टीले यस खालको अडान लिएको जनजाति पात्रहरूलाई लागेमा उनीहरूसितको गठबन्धन कायम हुनु गाह्रो छ।

नयाँ पार्टीको खुबै चर्चित केही गतिविधिमा जबर्जस्ती चन्दा उठाउने काममा पार्टीको संलग्नता हो। उदाहरणका लागि, स्थानीय व्यापारीहरू फेरि एक पटक "चन्दा" आतङ्कबाट थर्कमान हुन थालेका बताइन्छ।[६३] चन्दाबाट पार्टीको कोष खडा हुन्छ र यस कामबाट कार्यकर्ताहरूले सोद्देश्यमूलक कार्यमा लागेको अनुभूति गर्छन् भन्ने पार्टीको मान्यता छ। निजी स्कुलहरू पहिलेदेखि नै माओवादीहरूका आँखी थिए र अहिले फेरि तिनीहरू माओवादीका आँखामा चढेका छन्। नेकपा-माओवादी बढ्ता शुल्क लिने र सहरी मध्यम वर्गलाई खुसी पार्न विदेशी नाम भएका स्कुलहरूलाई लक्ष्य बनाइएको बताउँछ। तर यो एकदमै प्रत्युत्पादक कार्य हो। स्कुलहरूलाई तारो बनाउनाले पार्टी धेरै पात्रहरूको आलोचनाको सिकार बन्नेछ। बरु स्कुलहरू आम्दानीको राम्रो स्रोत र सजिलो निसाना हुन् भनेचाहिँ पत्याउन सकिन्छ। स्कुलहरू अति नै चर्को शुल्क असुल्छन् र निजी शिक्षा बिल्कुलै नियन्त्रण बाहिर छ।[६४]

नेकपा-माओवादी राजनीतिक चातुर्य र संस्थापनाको आलोचनामा त निकै अगाडि छ, तर व्यवहारिकतामा भने पछाडि छ। केही कट्टर अनुयायीहरूलाई बाहेक उसको विद्रोहको नाराले अरूलाई तान्न सक्दैन। पार्टीले अहिलेको शान्ति प्रक्रियालाई पूरै नकारेको छैन। तर यसका वरिष्ठ नेताहरू सन् २००८ को निर्वाचन भएदेखि नै मूलधारको राजनीतिक सम्झौतावार्ताहरूबाट टाढा रहँदै आएका छन्, यद्यपि अहिले आएर उनीहरू पहिचानको राजनीति बोकेर त्यस प्रक्रियामा प्रवेश गर्ने चेष्टा गरिरहेछन्। त्यसको विपरीत संस्थापनाका नेताहरूले मूलधारको प्रजातान्त्रिक राजनीतिबाट धेरै अनुभव सँगालेका छन् र उनीहरूले फराकिलो सम्बन्ध विकसित गरेका छन्।[६५] निर्वाचनमा यसले सफलता पाउन पनि गाह्रो छ। नयाँ पार्टीले कार्यकर्ताहरूलाई आकर्षित गर्न सकेको भए तापनि आम समर्थक भने जुटाउन सकेको छैन। अर्कोचाहिँ यस पार्टीले वर्ग आधारित, जनजाति र उच्च जातका एकअर्काका प्रतिस्पर्धी समर्थक समूहबीचको पेचिलो सन्तुलन मिलाउनुपर्ने हुन्छ, खासगरी मध्य र सुदूरपश्चिममा, जहाँ यो पार्टी बलियो छ। यस अन्तरविरोधलाई कसरी व्यवस्थित गर्ने त्यसबारे पार्टी मौन छ। राष्ट्रवादी एजेन्डाबाट केही प्रचार मिल्न सक्छ र एकाध हडताल गर्न सकिएला, तर यस्ता कुराबाट वृहत्तर राजनीतिमा कुनै पनि पार्टीले बलियो ठाउँ बनाउन सक्तैन। प्रस्ट कार्यक्रम र योजना लिएर पार्टी अगाडि नआएसम्म यसको भूमिका अघि बढ्ने बाटो देखाउनेभन्दा भाँजो हाल्ने पार्टीका रूपमा सीमित रहनेछ।

## २. सङ्गठन र शक्ति

नेकपा-माओवादीको बनावट पनि ध्यानयोग्य छ। माउपार्टीका लगभग ३० प्रतिशत केन्द्रीय सदस्यहरूले पार्टी छाडे। ४४ जना यस्ता सदस्यहरूमा ४० जना युद्धकालीन केन्द्रीय समितिका सदस्यहरू थिए।[६६]

---

[६२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, अगस्ट २०१२। चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागका उपमन्त्री एई पीङ जून २०१२ मा नेपाल भ्रमणमा आउँदा उनले "भौतिक पूर्वाधारका सम्भाव्यताका हिसाबले" राज्यहरूलाई समान ढङ्गले प्राथमिकता दिने मामिलामा चीनको अनुभव अप्ठेरो रहेको बताएका थिए। ३० जून २०१२ को अनलाइन संकरणमा "Focus on economy, not ethnicity', *The Himalayan Times* मा उद्धृत। एक जना नेपाली राजनीतिशास्त्रीले नेपालमा जातीय आधारको सङ्घीयतालाई भारतले समर्थन गर्नुको मतलब कमजोर विभाजित नेपाली राज्य बनाउनु हो जसले चीन विरोधी गतिविधिलाई रोक्न सक्दैन भन्ने चीनले बुझेको छ भनेर हालसालै लेखेका छन्। दीपक गजुरेल, "चीनलाई बाइपास गर्न सक्ने ठाउँ छैन", *दृष्टि*, ७ अगस्ट २०१२।

[६३] व्यक्ति र व्यापारीहरूबाट जबर्जस्ती पैसा असुल्ने कामलाई शिष्ट भाषामा "चन्दा सङ्कलन" भन्ने गरिन्छ। उदाहरणका लागि, हेर्नुहोस् "नयाँ दलको चन्दा आतङ्क", *नागरिक*, ३ जुलाई २०१२। युद्धका समयमा र केही हदसम्म शान्ति प्रक्रियाको समयमा पनि माओवादीहरूको यो सबै कुरामा काम लाग्ने औजार थियो। बाहुबलको प्रयोगबाट पनि त्यस समूहले स्थानीय रूपमा दबदबा कायम राखेको छ।

[६४] उदाहरणका लागि, १६ जुलाई २०१२ मा नयाँ पार्टीको विद्यार्थी सङ्गठनले "विदेशी" नाम भएको भनी दुईओटा शिक्षण संस्थाहरूमा तोडफोड गरे र बढी शुल्क लिएको भनी काठमाडौंको एउटा अर्को स्कुलको बसलाई जलाइदिए। हेर्नुहोस् "Baidya's cadres vandalise schools over name, fee issues", *The Kathmandu Post*, जुलाई २०१२ र "नयाँ दलको चन्दा आतङ्क", माथि उल्लेखित।

[६५] हेर्नुहोस् सुधीर शर्मा, "इतिहास दोहोऱ्याउने आकाङ्क्षा", माथि उल्लेखित।

[६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, दुवै माओवादी पार्टीका केन्द्रीय नेताहरू र सञ्चारकर्मीहरू, काठमाडौं, जून २०१२। माउपार्टीको केन्द्रीय समितिमा १४९ सदस्यहरू थिए। पार्टीले युद्ध सुरु गर्ने बेला केन्द्रीय समितिमा रहेका १९ सदस्यमध्ये बाँचेका १५ जनामा नौ जना नयाँ पार्टीतिर लागेका छन्। युद्धताका केन्द्रीय समितिको सदस्य सङ्ख्या बढेर ९५ पुगेको थियो। संविधानसभामा एनेकपा (माओवादी) का २३६ सदस्यहरू थिए। तिनमध्ये ७२ जना अथवा एकतिहाइभन्दा केही कम सदस्यहरूले त्यो पार्टी छाडे। केही महिनासम्म वैद्यतर्फ रहेका भनिएका ९२ जना सभासदहरूको सूची प्रकाशमा आएको थियो, त्यस सङ्ख्याबाट संविधानसभा पुनःस्थापना भएको खण्डमा अलग्गै संसदीय दलका रूपमा मान्यता प्राप्त गर्न पार्टीलाई चाहिने ४० प्रतिशत सदस्य पुग्ने थियो, तर सबैले संस्थापन पार्टी छाडेनन्।

अविभाजित माओवादी पार्टीका स्थायी समितिका सोह्र जना सदस्यहरूमध्ये पाँच जनाले पार्टी छाडे, जो विद्रोह सुरु गर्नेहरूमध्येका थिए। मोटामोटी रूपमा भन्ने हो भने वैद्यलाई युद्धकालीन सदस्यहरू, पहिलेका लडाकूहरू र जनजाति सदस्यहरूको समर्थन प्राप्त छ। पार्टीले त्यस्ता व्यक्तिहरूलाई पनि आकर्षित गरेको छ जो आफूलाई बेवास्ता गरिएको ठान्छन् जस्तै महिला र युद्धमा मारिएका वा हराएकाहरूको परिवार।

नेकपा-माओवादीको वास्तविक शक्तिको आधार पनि प्रस्ट छैन, किनभने धेरै माओवादी नेता र मध्यम तह तथा कनिष्ठ तहका कार्यकर्ताहरूले कुनै पक्ष रोजेका छैनन्। दुवै पार्टी आफ्ना वास्तविक शक्तिबारे बढाइचढाइ कुरा गर्छन्, तर केन्द्रीय तहका नेताहरू निजी तवरमा २,१०० "राज्य समिति" सदस्यहरू र पहिलेका जनमुक्ति सेनाका प्रतिनिधिहरूले वैद्य समूहको जून २०१२ को भेलामा भाग लिएका स्वीकार्छन्। त्यसै भेलाले पार्टी खडा भएको घोषणा गरेको थियो। तिनीहरू नोभेम्बर २०१० मा पालुङटार सम्पन्न प्लेनममा भाग लिने ५,५०० प्रतिनिधिहरूमध्येकै थिए।[६७] यसबाट नेकपा-माओवादीमा राष्ट्रिय तहभन्दा मुनिका र भ्रातृ सङ्गठनहरूका ४० प्रतिशत जति सदस्यहरू छन् भन्ने बुझिन्छ, भेलामा भाग लिने सबै सदस्यहरू यही पार्टीमा रहिरहनेछन् भन्ने अनुमानका आधारमा।

माउपार्टीसित तेह्र तथाकथित राज्य समितिहरू छन्, जो महत्त्वपूर्ण सङ्गठनात्मक निकायहरू हुन्।[६८] तिनमध्ये चारवटा सङ्गठनका प्रमुखले नयाँ पार्टीमा प्रवेश गरेका छन्। झन्डै तीन दर्जन पार्टी विभाग र भ्रातृ सङ्गठनका प्रमुखहरूमध्ये बीस वैद्यसित गएका छन्। तिनमा मधेसी, किरौंत, मगरौंत, दलित र नेवा मुक्ति मोर्चा जस्ता महत्त्वका सङ्गठनहरू, बेपत्ताका परिवारहरूको सङ्गठन र शिक्षक सङ्गठनका प्रमुखहरू पनि वैद्यको साथमा छन्। माउपार्टीसित यङ कम्युनिस्ट लिग, शक्तिशाली विद्यार्थी सङ्गठन, ट्रेड युनियन र किसान सङ्गठनहरू छन्।[६९]

नयाँ पार्टीको मध्य र सुदूरपश्चिम नेपालमा समर्थनको आधार दरिलो छ। केही ठाउँहरूमा यो माउपार्टीभन्दा बलियो छ। नेकपा-माओवादीका सचिव नेत्रविक्रम चन्द "विप्लव" को त्यस क्षेत्रमा बलियो सञ्जाल छ, किनभने युद्धकालमा उनले त्यस क्षेत्रका धेरै ठाउँमा पाँच वर्ष सुपरीवेक्षण गर्दै बिताएका थिए।[७०] नयाँ पार्टी देशका अरू भागमा सापेक्षिक रूपमा कमजोर छ, तर प्रचण्डलाई लाज पर्ने गरी उनको आफ्नै जिल्ला चितवन नयाँ पार्टीतिर गयो। नयाँ पार्टीका नेतामध्येका बादल पनि त्यसै जिल्लाका हुन्। पश्चिम र मध्य नेपालका ३५ जिल्लामध्ये धेरैजसोमा माउपार्टीको बलियो बहुमत छ। पूर्वमा नयाँ पार्टी सङ्ख्यात्मक दृष्टिले कमजोर छ, तर त्यहाँबाट यसमा लाग्नेहरू जानेमाने माओवादी हस्तीहरू हुन्।[७१]

## ३. नयाँ पार्टीका खेलाडीहरू

वैद्य नयाँ पार्टीका अध्यक्ष हुन्। उनी मुन्तिर उपाध्यक्ष सी.पी. गजुरेल, महासचिव रामबहादुर थापा "बादल", सचिवहरू देव गुरुङ र नेत्रविक्रम चन्द "विप्लव" र प्रवक्ता पम्फा भूसाल छन्। नयाँ माओवादी पार्टी एकनासको छैन, यसका तीन मुख्य धारहरू छन्। विभिन्न नेताहरूका विचार एकअर्कासित केही मिल्दाजुल्दा छन्, तर शान्ति प्रक्रियाबारे भने उनीहरूका धारणा एउटै छैनन्। पार्टी फुटाउनमा निजी उत्प्रेरणाले पनि काम गरेको छ।

एउटा समूहको नेतृत्व वैद्य र देव गुरुङले गरेका छन्, दुवै अविभाजित पार्टीका स्थायी समिति सदस्यहरू थिए। रामबहादुर थापा "बादल" अविभाजित पार्टी र अहिलेको नयाँ पार्टीमा पनि महासचिव छन्। उनी स्वतन्त्र तरिकाले काम गर्ने खालका देखिन्छन्। त्यो उनी राजनीतिक उच्च आसनमा बस्न अभ्यस्त भएकाले र प्रचण्डसित नजिक बसिसकेकाले पनि हुन सक्छ। नेत्रविक्रम चन्द "विप्लव" पनि पहिलेको पार्टीमा स्थायी समिति सदस्य थिए। उनी शान्ति प्रक्रियाबारे सबैभन्दा अविश्वासी छन् र

---

[६७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, दुवै माओवादी पार्टीका केन्द्रीय र राज्य समितिका नेताहरू, काठमाडौं, जून-जुलाई २०१२। नयाँ पार्टीमा लाग्न चाहने २,१०० सदस्यहरूबाहेक अरू ५०० जना व्यक्तिलाई पनि बोलाइएको थियो।

[६८] राज्य समिति केन्द्रीय र जिल्ला समितिको बीचमा रहेको तह हो। भौगोलिक हिसाबले राज्य समिति माओवादीहरूद्वारा सुरुमा प्रस्तावित सङ्घीय ढाँचाअन्तर्गतका राज्यहरूसित मिल्दाजुल्दा छन्।

[६९] "20-odd chiefs of sister wings join Baidya's party", *Republica*, २२ जून २०१२।

[७०] विप्लव सन् १९९७ को मध्यदेखि २००३ को मध्यसम्म कर्णाली अञ्चलको उपक्षेत्रीय ब्युरोका इन्चार्ज थिए। थप जानकारीका लागि यसपछिका खण्ड हेर्नुहोस्। प्रत्यक्ष निर्वाचनमा कर्णाली अञ्चलबाट संविधानसभामा चुनिएका सभासदहरूमध्ये हुम्ला, जुम्ला, कालीकोट र मुगु यी चार जिल्लाका सभासदहरू वैद्यतिर छन्। त्यसैगरी त्यस क्षेत्रका दुई जना केन्द्रीय सदस्यहरू खड्गबहादुर विश्वकर्मा र भरत बम पनि वैद्यतिर लागेका छन्। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता सञ्चारकर्मीहरू, कालीकोट, जुलाई २०१२। छिमेकको राप्ती अञ्चलमा पनि यी दुई पार्टी बराबर जस्तै गरी बाँडिएका छन्। युद्ध थालिएको जिल्ला रोल्पाका नौ जना केन्द्रीय समिति सदस्यहरूमध्ये पाँच जना प्रचण्डतर्फ, तीन जना वैद्यतर्फ र एक जना तटस्थ छन्। जिल्ला र राज्य समितिहरू बराबरी फुटेका छन्। रोल्पाका १० जना पूर्व सभासदहरूमध्ये पाँच जना वैद्यतिर, चारजना प्रचण्डतिर र एकजना तटस्थ छन्। सल्यानका एक्ला केन्द्रीय समिति सदस्य र तीनजना सभासद्हरू मध्ये दुई जना प्रचण्डतिर छन्। रुकुमका नौ जना केन्द्रीय समिति सदस्यहरूमध्ये एक जना नयाँ पार्टीतर्फ लागे, तर पाँच जना पूर्व सभासदहरू कसैले पनि पार्टी छाडेनन्। दाङमा केन्द्रीय समितिका एक्ला सदस्य र छ जनामध्ये चार जना सभासद वैद्यको पक्षमा छन्। जिल्ला र राज्य समितिहरूमा बहुमत संस्थापन पार्टीको छ।

[७१] उदाहरणका लागि, सुनसरीका पूर्व सभासद किरण राई सबभन्दा लामो समयदेखि काम गर्दै आएका माओवादी नेतामध्येका एक हुन्। माओवादीका मधेसी नेतृत्व सानो छ र रोशन जनकपुरी तथा महेन्द्र पाशवान जस्ता चिनिएका जिल्ला तहका नेताहरू नयाँ पार्टीतिर लागेका छन्। सुनसरीका तीन जना पूर्वसभासदहरू-मध्ये एक जना वैद्यतिर र दुई जना प्रचण्डतिर छन्। झापाका नौ जना पूर्वसभासदहरूमध्ये सात जना प्रचण्डतिर र दुई जना वैद्यतिर छन्। मोरङ सबै दलका निम्ति महत्त्वपूर्ण जिल्ला हो। त्यहाँका सात जना पूर्वसभासदहरूमध्ये तीन जना र केन्द्रीय समितिका एक्ला सदस्य पनि वैद्यतिर छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पत्रकारहरू र दुवै माओवादी पार्टीका जिल्ला तहका नेताहरू, झापा र सिराहा, जून २०१२, टेलिफोन अन्तर्वार्ताहरू, मोरङ, झापा, सुनसरी, जुलाई २०१२।

यता आएर पहिलेको स्थायी समितिका अर्का सदस्य सी.पी. गजुरेलले पनि उनलाई साथ दिएका छन्।[७२]

नयाँ पार्टीका नेताहरूको अति सङ्क्षिप्त परिचयबाट विभाजन हुनुअघिको पार्टीमा हुँदाखेरिको व्यक्तित्वको टक्कर, युद्धोत्तर कालमा भएको तीव्र विस्तार, व्यक्तिगत आकाङ्क्षा र वैचारिक मतभिन्नताहरूको झल्को मिल्दछ।

- **मोहन वैद्य "किरण"**: अध्यक्ष वैद्य प्रचण्डका वैचारिक तथा राजनीतिक गुरु थिए। वैद्यले उस बखतको नेपाल कम्युनिस्ट पार्टी (मसाल) को केन्द्रीय समितिमा सन् १९८४ मा प्रचण्डलाई ल्याएका थिए। जनयुद्ध सुरु हुनुभन्दा एक दशकअगाडि सन् १९८६ मा सशस्त्र विद्रोह गर्ने योजना विफल भएपछि वैद्यले महासचिवको पदबाट राजीनामा दिए अनि त्यस पदमा प्रचण्डलाई मनोनीत गरे। युद्धकालमा वैद्य "पूर्वी कमाण्ड" का प्रमुख थिए। उनी मार्च २००४ मा भारतमा गिरफ्तार भए र नोभेम्बर २००६ मा मात्रै रिहा गरिए। त्यस बेलासम्ममा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भइसकेको थियो र पार्टीले बहुदलीय प्रजातन्त्र अँगाल्ने नीति लिइसकेको थियो। वैद्य आकर्षक व्यक्तित्वका जननेता होइनन्, तर उनलाई सरकारी पद पाउन अनिच्छुक स्वच्छ व्यक्तिका रूपमा हेरिन्छ।

- **रामबहादुर थापा "बादल"**: बादलले जनविद्रोह थालिएको मध्यपश्चिम नेपालमा जनताको समर्थन जुटाउने कार्यमा अति महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनको र प्रचण्डको निजी सम्बन्धको जटिल इतिहास छ। उनीहरू एकअर्काका निकट थिए, तर उनको महत्त्वाकाङ्क्षालाई प्रचण्डले मिच्दै लगेको थापा ठान्छन्।[७३] थापा नयाँ पार्टीमा दोस्रो स्थान ओगट्ने नेता हुन् र उनी आफूलाई वैद्यको उत्तराधिकारीका रूपमा हेर्छन्। सङ्गठनमा उनको पकड बलियो छैन। उनी कुनै गुटमा नभएका कारणले पनि त्यसो भएको हो। तर तल्ला तहमा उनीप्रति सम्मान छ। माओवादी पार्टी एउटै छँदा वैद्य समूहले भट्टराईको ठाउँमा थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने प्रस्ताव राखेको थियो। थापा जनजाति समुदायका हुन् र यो उनका लागि लाभकारी हुन सक्छ, यद्यपि उनी जातीय मुद्दामा सक्रिय छैनन्।[७४]

- **नेत्रविक्रम चन्द "विप्लव"**: नयाँ पार्टीका सबै सदस्यहरू मूलधारको राजनीतिप्रति आशक्त छैनन्। पहिलेको जनमुक्ति सेनाका कमिसार रहिसकेका विप्लव क्रान्तिलाई परित्याग गरिएको र अर्को जनसेना कुनै न कुनै बेला खडा गर्नुपर्छ भन्ने ठान्छन्। उनी जनयुद्धको केन्द्रबिन्दु रहेको रोल्पा जिल्लाका हुन् र जनयुद्ध कालमा सुदूरपश्चिमको एउटा अंशको जिम्मा उनले लिएका थिए। पहिलेका जनमुक्ति सेनाका सदस्यहरूसित उनको बलियो सम्बन्ध छ। विप्लव नयाँ पार्टीका वित्तीय प्रमुख हुन् र जनस्वयंसेवकलाई हाँक्ने पनि उनै हुन्। नयाँ जनयुद्ध सुरु गर्नलाई उनी र उनका अनुयायीहरूलाई स्रोतसाधनको मात्र नभई वैचारिक र सङ्गठनात्मक हिसाबमा पनि कुनै वरिष्ठ नेताको समर्थन चाहिन्छ। पार्टीको वित्त र युवा दस्ता उनका हातमा भएकाले उनी मूलधारको राजनीतिमा पूरै लागेको खण्डमा उनले बादललाई चुनौती दिन सक्छन्।[७५]

अन्य महत्त्वपूर्ण हस्तीहरूमा सी.पी. गजुरेल पर्छन्, जो जनयुद्ध कालमा वैदेशिक सम्बन्धको जिम्मेवार थिए। उनलाई जडसूत्रवादी ठानिँदैन। उनले पार्टी छोड्नाको कारण प्रचण्डप्रतिको इबी रहेको मानिन्छ। प्रचण्डले आफूलाई पार्टीको अध्यक्ष हुनबाट रोकेको उनी ठान्छन्। देव गुरुङ माउपार्टीमा छँदा जातीय सङ्घीयता विषयका प्रमुख रणनीतिकार मानिन्थे। उनको विचारमा पार्टी दक्षिणपन्थी धारमा लाग्यो र प्रचण्डले अर्का वरिष्ठ नेता कृष्णबहादुर महराको हकमा आफूलाई पाखा लगाएकोमा उनलाई रिस छ। पम्फा भूसाल पोलिटब्युरो सदस्य हुन् र जनतामाझ उनको छवि ठूलो छ। उनले सन् १९९५ मा छोटो समयका लागि राजनीतिक मोर्चाको प्रमुखका रूपमा भट्टराईको ठाउँ लिएकी थिइन्। तर उनको बलियो सङ्गठनात्मक आधार छैन। उनी सदैव वैद्यप्रति बफादार रहँदै आएकी छन्।

## घ. माउपार्टीको पुनर्निर्माण

### १. रणनीति तथा सङ्गठन

अरू थप नेता र सदस्यहरूले नयाँ पार्टीमा प्रवेश गर्ने सम्भावना कम छ, यद्यपि कार्यकर्ताहरू थपिन सक्छन्। तर माउपार्टीमा पनि सबै कुरा ठीक छन् भन्ने होइन। नेताहरूको पैसामा बिक्ने प्रवृत्तिप्रति तीव्र रोष छ र बाँकी बचेका गुटहरूबीच पनि त्यो छ। प्रभावशाली हस्तीहरूले पार्टी छाडेकाले शीर्ष स्थान मुन्तिर शक्तिको पुनःसन्तुलन थालिनेछ। यसको मतलब प्रभाव क्षेत्रका लागि तानातानी हुनेछ र नयाँ दुश्मनी पैदा हुनेछ। जिल्ला जिल्लाका कार्यकर्ताहरू सन् २००७ मा पार्टी बिस्तार भएपछि प्रवेश गर्ने नयाँ सदस्यहरूबाट आफूहरू दबिएका र यथेष्ट मात्रामा पुरस्कृत नभएकामा गुनासो गर्छन्।[७६]

कार्यकर्ताहरूका दृष्टिमा शान्ति प्रक्रिया थालिएको केही वर्षसम्म पार्टीले आफ्नो स्थान बलियो बनाउन जुन जाँगर र जोस देखाएको थियो

---

[७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नयाँ माओवादी पार्टीका केन्द्रीय समिति नेताहरू, काठमाडौँ, जून २०१२।

[७३] सन् १९९६ मा प्रचण्ड विरुद्ध 'कू' गर्ने योजना बनाएको र एक जना सहकर्मीसित प्रणय सम्बन्ध राखेको आरोपमा थापाले अनुशासनात्मक कार्बाही खेप्नु परेको थियो। उनले दुवै आरोपलाई इन्कारे। हेनुहोस् "Badal: The game changer!", *Republica*, १३ जुलाई २०११।

[७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पूर्वमाओवादी नेता, काठमाडौँ, जून २०१२। राष्ट्रिय राजनीतिमा जनजातिको नयाँ पक्षबारे थप कुराका लागि हेनुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.१।

[७५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अनुसन्धानकर्ताहरू र सञ्चारकर्मीहरू, काठमाडौँ, नोभेम्बर २०११ र मार्च-जुलाई २०१२ र माओवादी पार्टीका पोलिटब्युरो सदस्य, मे २०१२।

[७६] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, संस्थापन माओवादी पार्टीका कार्यकर्ताहरू, जुलाई २०१२। माथि भाग २.क पनि हेर्नुहोस्।

त्यसको तुलनामा पार्टी अहिले सुस्त बनेको छ। एनेकपा (माओवादी) ले आफ्ना "होल-टाइमर" वा पार्टीबाट तलब खाने तल्ला तहका पूर्णकालिक कार्यकर्ताहरूको सङ्ख्या कटौती गर्नुपर्ने हुन्छ। सन् २००८ को चुनाव ताका यस्ता कार्यकर्ताहरूको सङ्ख्या १००,००० जति थियो। अहिले त्यो सङ्ख्या घटेर आधा भएको हुन सक्छ।[७७] "हाम्रो सङ्घर्षको कुनै कार्यक्रम छैन र फुल-टाइमरहरूले गर्नुपर्ने खासै केही छैन। त्यसैले पार्टी दिशाविहीन भएको छ भन्ने हेराइलाई बदल्न पनि उनीहरूलाई पार्ट-टाइमर बनाउनुपर्छ", केन्द्रीय समितिका एक जना सदस्यले बताए।[७८]

यस्तो बेचैनी मुक्कामुक्की र गालीगलौजमा प्रस्फुटित हुन्छ। वरिष्ठ नेताहरू नै त्यसो गर्छन्, पार्टी फुटेपछि मध्य जुलाईमा आयोजना गरिएको एनेकपा (माओवादी) को प्लेनममा त्यस्तै देखिएको थियो। त्यसको प्रतिउत्तरमा प्रचण्डले दुई दशकमा पहिलो पल्ट पार्टीको महाअधिवेशन सन् २०१३ को जनवरीमा हुने र त्यसले पार्टीको नयाँ नेतृत्व चुन्ने घोषणा गरेका थिए। प्रचण्डले वर्षौंदेखि महाअधिवेशनलाई रोक्दै आएका छन्, यसबाट पार्टीमाथिको आफ्नो पकड कमजोर हुने उनलाई डर छ।

प्लेनममा धेरै विषयमा चर्काचर्की पऱ्यो। राष्ट्रिय सेनामा भूतपूर्व लडाकूहरूको अपमानजनक ढङ्गले समायोजन गरिएकोमा पार्टी र प्रचण्डको तिखो आलोचना भयो। "सम्मानजनक समायोजन" शान्ति प्रक्रियामा बिझाउने विषय रहँदै आएको थियो, तर लडाकूहरूको भनाइमा सन् २०११ मा गरिएको सम्झौताले लडाकूहरूलाई भर्ना प्रक्रियाबाट जानुपर्ने बनायो, यो दुई शक्तिको विलयन थिएन। वैद्यको नयाँ पार्टीले यस विषयबाट लाभ लिएको छ, तर माउपार्टीप्रति बफादार सदस्यहरूका लागि समेत यो विषय संवेदनशील रहेको छ।[७९]

सदस्यहरूले पारदर्शिता र भ्रष्टाचारका धेरै कुराहरू उठाए। उनीहरूका आलोचनाको निसाना प्रचण्ड र उनका अनुयायीहरू थिए, त्यसमा माओवादी सेनाका पहिलेका कमान्डरहरू पनि पर्छन्। सन् २००६ देखि २०१२ को सुरुसम्म सरकारले माओवादी लडाकूहरूलाई दिएको तलब र शिविरका लागि उपलब्ध गराएको रकमको ठूलो हिस्सा अन्यत्र मोडिएको बताइन्छ। लडाकूहरूले त्यस रकमको हिसाबकिताब मागेका थिए। प्रचण्डको दिनानुदिन बढ्दै गएको विलासी जीवनशैली पनि आलोच्य बन्यो। त्यसैगरी धेरै जना नेताहरूले अवैध रूपमा धनसम्पत्ति जोडेका छन् भन्ने कुरा पनि उठे।[८०] "शान्ति प्रक्रिया सुरु भएदेखि नै हाम्रा ठूला नेताहरू धनी हुँदै गएका छन्, तर उनीहरूका आयस्रोत भने देखिँदैन", माउपार्टीका एक जना नेताले सुनसरीमा बताए।[८१]

भट्टराईलाई गुटबन्दी बढाएको र भारतको अति नै नजिक रहेको आरोप लाग्यो।[८२] भट्टराईप्रति प्रचण्डको समूहमा गहिरो शङ्का छ, उनीहरूमा केही भट्टराईको राजीनामा माग्नेहरू पनि छन्। तर पार्टी एकता दुवै नेताको प्राथमिकता भएको र प्रचण्डले नै सङ्घीयताउपर सहमति भएपछि संविधानसभालाई पुनःस्थापित गर्ने हो या निर्वाचनमा जाने हो त्यो ठेगान नभएसम्म भट्टराईको राजीनामा आउँदैन भनिसकेका छन्।[८३] विगतमा प्रचण्ड भारतको प्रखर आलोचक थिए। त्यसले गर्दा भारतीय पात्रहरूले उनलाई अझै शङ्काको दृष्टिले हेर्ने गर्छन्। तर उनले प्रस्तुत गरेको पार्टीको नीति निर्देश गर्ने दस्तावेजमा भारतको भूमिकाबारे र पार्टीको "प्रमुख शत्रु" बारे स्पष्ट खुलाइएको थिएन। शत्रुको पहिचान गर्नाले पार्टीलाई कार्यगत र रणनैतिक निर्णयहरूलाई उचित ठहऱ्याउन सजिलो पर्छ। अतीतमा भने भारत विरोध कार्यकर्ताहरूलाई जोस्याउने बाटो बनेको थियो। उपाध्यक्ष नारायणकाजी श्रेष्ठलाई भारतको "नकारात्मक भूमिका" बारे प्रचण्ड मौन बसेकामा चिन्ता लागेको थियो। तर प्रचण्डले

---

[७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संस्थापन माओवादी पार्टीका राज्य समितिका सदस्य, काठमाडौं, जुलाई २०१२।

[७८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, केन्द्रीय तहका माओवादी नेता, काठमाडौं, अप्रिल २०१२। सङ्ख्याको अनुमान गर्न अप्ठेरो छ किनभने जिल्ला र राज्य समितिहरूका आआफ्नै सङ्गठन हुन्छन्। तिनका वित्तीय र अन्य हिसाबकिताब केन्द्रीय स्तरमा राम्रोसित समायोजन गरिएको हुँदैन।

[७९] "समायोजन" सम्बन्धी दृष्टिकोणबारे बुझ्नलाई हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः दुइटा सेनाबाट एउटा*, माथि उल्लेखित, पृ. १०। भाग २.ख पनि हेर्नुहोस्।

[८०] पूर्वलडाकूहरू प्रत्येकले वाईसीएलका सदस्यहरूको तलबका लागि भनेर प्रतिमहिना ५०० देखि १,००० रुपियाँ तिर्ने गरेको बताउँछन्। वाईसीएलका कतिपय सदस्यहरू स्वयं पहिले लडाकू रहिसकेका थिए, तर उनीहरू त्यस्तो रकम कहिल्यै नदेखेको बताउँछन्। कमाण्डरहरूद्वारा भएको भ्रष्टाचारको सिकायत पनि उठेका थिए। उनीहरूले करिब तीन अर्ब रुपियाँ हिनामिना गरेको आरोप लागेको थियो। माओवादी नेताहरूको र आम रूपमा पार्टीको सम्पत्तिमा भएको वृद्धि दुनियाँका लागि ठूलो चासोको विषय बनेको छ, वरिष्ठ नेताहरू पहिलाभन्दा धेरै धनी भएका देखिन्छन्। उदाहरणका लागि, हेर्नुहोस् सुधीर शर्मा, "माओवादी रूपान्तरणको अन्तिम गाँठो", माथि उल्लेखित। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, प्लेनममा भाग लिन आएका माओवादी कार्यकर्ताहरू, काठमाडौं, जुलाई २०१२। यी विषयउपर हेर्न प्लेनमले दुईओटा कार्यदल बनाएको थियो। एउटा शिविरमा भएको वित्तीय अनियमितताबारे छानबिन गर्न र अर्को पार्टी नेताहरूका श्रीसम्पत्ति जाँच्न। "सुदृढ बन्दै एनेकपा माओवादी", *समाचार*, २० जुलाई २०१२। प्रचण्डले आफू बस्न काठमाडौंको मुटुमा भाडा लिएको घर लगायत केही "सुविधाहरू" छाड्ने वचन दिए। उपाध्यक्ष भट्टराई र श्रेष्ठले पनि पार्टीको "वित्तीय समिति" बनेपछि आआफ्नो सम्पत्तिको खुलासा गर्ने बताए।

[८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संस्थापन माओवादी पार्टीका जिल्ला सचिव, सुनसरी, जून २०१२।

[८२] वैद्य समूहले जस्तै प्रचण्डका समर्थकहरूले भारतसँग सन् २०११ मा लगानी सुरक्षा सन्धि गरेकोमा र सुरक्षा व्यवस्था एकदमै फितलो भएको काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा तथा व्यवस्थापन एउटा निजी भारतीय कम्पनीलाई दिने निर्णय गरेको भनिएकोमा त्यसका लागि भट्टराईको आलोचना गरे। भट्टराई दिल्लीका सबभन्दा मन परेका माओवादी नेता हुन् भन्ने धेरै पहिलेदेखि थाहा भएको कुरा हो। त्यसबाट प्रचण्ड आफूलाई घाटा भएको महसुस गर्छन्।

[८३] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, माओवादी मन्त्री, काठमाडौं, जुलाई २०१२। काङ्ग्रेस, एमाले र नयाँ माओवादी पार्टी समेतका विपक्षीहरूले गतिरोध अन्त्यका लागि पहिलो खुड्किलोका रूपमा भट्टराईको राजीनामाको माग राखेका छन्।

भारतको नाम किट्न परेको दबाबलाई नटेरी त्यसको ठाउँमा "देशभक्तहरू राष्ट्रिय हितको रक्षाका लागि एकताबद्ध हुनुपर्छ" भने।[८४] यस मुद्दामा पनि प्रचण्ड र भट्टराईको स्वार्थ हालका लागि मिलेको छ।

प्लेनममा उठेका मुद्दा र व्यक्त गरिएका चिन्ताहरूबाट माओवादी संस्थापन पार्टी उसको क्रान्तिकारी सुरुआतबाट कति टाढा पुगिसकेको छ त्यो देखिन्छ। प्रचण्ड र अन्य नेताहरू विशेषतः पार्टीमा बस्ने कि छाड्ने भन्ने द्विविधामा रहेका कार्यकर्तालाई आश्वस्त पार्न पार्टीले रूपान्तरणको एजेन्डा नछाडेको बताउँछन्। उनीहरूका भनाइमा पार्टी फुट्नु आवश्यक थिएन र यस फुटले शान्ति प्रक्रिया र सन् २००८ को निर्वाचनबाट प्राप्त उपलब्धिको अवमूल्यन भएको छ। तर पार्टी अझ बढी क्रियाशील हुनु जरुरी छ र उसले आन्तरिक मतभेदका धाँजाहरूलाई पुर्ने चेष्टा गरिरहँदा उसको मुख्य ध्याउन्ना भनेको पहिचानमा आधारित सङ्घीयताप्रति झनै जोड दिनु हुनेछ।[८५] यसबाट उसको क्रान्तिकारी छवि उज्यालिनेछ र संवैधानिक छलफलमा उसको अग्रस्थानलाई बलियो तुल्याउनेछ। माओवादी नेतृत्वले नयाँ सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक मोर्चाको घोषणा गरेको छ, जसमा मधेसी तथा केही जनजाति समूहहरू र अन्य सङ्घीयतावादी शक्तिहरू पर्दछन्।[८६] आफ्नो विश्वसनीयता र सायद चुनावमा समर्थन जुटाउने हिसाबले पनि होला पार्टी ससाना वामपन्थी समूहहरू तथा वामपन्थी बुद्धिजीवीहरूलाई पनि समेट्ने प्रयास गरिरहेको छ।

संविधानसभाको पुनःस्थापना हुन्छ वा त्यसका लागि नयाँ चुनाव हुन्छ त्यसबाट पनि एनेकपा (माओवादी) को आन्तरिक गतिशास्त्र प्रभावित हुनेछ।

## २. नयाँ गुटबन्दी

माउपार्टीले सन् २०१३ को सुरुतिर गर्ने भनिएको महाअधिवेशन भए पनि नभए पनि त्यसले गुटबन्दीलाई बढाउनेछ। नेताहरूमा प्रतिबद्धता देखाउनुपर्ने र कार्यकर्ताहरूलाई पुरस्कृत गर्नुपर्ने दबाब पर्नेछ। कुनै समयमा गएर केन्द्रीय समतिको विघटन गरिनेछ, तर महाअधिवेशनको तयारी गर्ने जिम्मा भने केन्द्रीय समितिलाई नै दिइएको छ। सबै गुटहरू र नौला आशामुखीहरू आफ्ना प्रभाव विस्तार गर्न स्रोतसाधनहरू जुटाउनतिर लाग्नेछन्। प्रचण्ड र भट्टराई समर्थक समूहहरूबीच यसअघि पनि मारपिट नभएको होइन। अरू समूहहरू पनि मैदानमा निस्कन सक्नेछन्। तर स्थानीय स्तरमा भने दुवै पार्टीका माओवादी पात्रहरूलाई कार्यकर्ताहरूलाई कसरी उत्प्रेरित गर्ने र बदलिरहने भिन्न-भिन्न गठबन्धनहरूबारे कसरी बुझाउने त्यो समस्या पर्नेछ।

विभाजन हुनुअघि पार्टीमा वैद्य, प्रचण्ड र भट्टराईले नेतृत्व गरेका तीनओटा खेमाहरू थिए। को कुन गुटतिर लाग्छ भन्ने कुरा बेठेगानको छ। कुन नेता उकालो लागेको छ र कससित कस्तो व्यक्तिगत सम्बन्ध छ त्यसका आधारमा ठूला नेताहरूले समेत गुट फेर्ने गरेका छन्। केही महिना यता प्रचण्ड पक्षका माथ्ला तहका केही नेताहरू भट्टराईतिर लागेका छन्। भट्टराई केही समय प्रधानमन्त्री रहिरहनेछन् भनेर उनीहरूले त्यसो गरेका हुन्। उपाध्यक्ष नारायणकाजी श्रेष्ठ "प्रकाश" ले पनि आफ्नो ठाउँ बनाउन लागेका छन् र अहिले पार्टीमा फेरि तीनओटा सापेक्षिक रूपमा बलिया गुटहरू देखा परेका छन्। केन्द्रीय समितिका बाँकी बचेका १०५ सदस्यहरूमध्ये ५५ जना प्रचण्डसित, २९ जना भट्टराईसित र २१ जना श्रेष्ठसित छन्।[८७]

- **अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड":** संविधानसभाको विघटनले नेपालका एक जना वास्तविक राष्ट्रिय नेताको चमकलाई मधुरो बनाएको छ। शान्ति प्रक्रियामा प्रचण्डको जुन भूमिका थियो त्यो पार्टीमा पनि प्रतिबिम्बित भएको थियो। उनी गुटबन्दीलाई नाघ्न सक्ने, नेतृत्व प्रदान गर्न सक्ने र ठूलठूला निर्णयहरू गराउन सक्ने क्षमता राख्थे। उनले पार्टीभित्रको शक्तिसन्तुलन पनि कुशलतापूर्वक कायम राख्न सकेका थिए जसले गर्दा उनी पार्टीको निर्विकल्प नेता बनेका थिए। तर शान्ति प्रक्रिया र मूलधारमा पार्टीको प्रवेशबाट उनको स्थानमा चर्को दबाब पर्न गयो।

  पार्टीभित्रको उनको स्थान भूतपूर्व लडाकूहरूको विषयलाई लिएर केही कमजोर हुन गयो। पार्टी मजबुत आर्थिक आधारको निर्माण गर्न उल्लेखनीय ढङ्गले सफल बनेको छ। जबर्जस्ती चन्दा असुलीको बात लागेको पार्टी अहिले घर-जग्गा र पूर्वाधार निर्माणमा लगानी गरिरहेको छ। धेरै जना नेताहरूको यसमा हात रहेको तर प्रचण्डको भागमा भने अरूभन्दा बढी नै रहेको बताइन्छ।[८८]

  पार्टीबाहिर, प्रचण्डले सबै पार्टीहरूलाई संविधानमा राजी गराउँछु भन्ने दाबी गरेका थिए। आशा अझै पनि उनीप्रति नै केन्द्रित छ, तर संविधानसभाको विघटनले पूरै खेललाई बदलिदिएको छ। नयाँ संविधानमा प्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रपतिको व्यवस्था गरिने भएको थियो र प्रचण्ड राष्ट्रपति बन्ने पक्का थियो।[८९] उनको अर्को कदम

---

[८४] माओवादी पार्टीको प्रेस विज्ञप्ति, काठमाडौं, २२ जुलाई २०१२।

[८५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संस्थापन माओवादी पार्टीका केन्द्रीय समितिका नेताहरू र पार्टीको मुख्यालयमा काम गर्ने कार्यकर्ताहरू, काठमाडौं, जुलाई २०१२।

[८६] २ जुलाई २०१२ मा माओवादी र अहिलेको गठबन्धन सरकारमा रहेको मधेसी मोर्चा (जो पाँच मधेसी पार्टीहरूबाट बनेको मोर्चा हो) ले प्रचण्डको नेतृत्वमा पहिचानमा आधारित सङ्घीयताका लागि बृहत्तर गठबन्धन बनाउने निधो गरे। "UCPN (Maoist), UDMF to form federalist alliance", *Republica*, ३ जुलाई २०१२। तर, यस विषयमा काङ्ग्रेस र एमालेका नेताहरूलाई मनाउने अहिलेसम्मको प्रयत्न विफल भएको छ।

[८७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सञ्चारकर्मी र पार्टी केन्द्रीय समितिका नेताहरू, काठमाडौं, जुलाई २०१२।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संस्थापन माओवादी पार्टीका पोलिटब्युरो सदस्य, काठमाडौं, जून २०१२। हेर्नुहोस् "UCPN(M) commission starts property probe", *The Kathmandu Post*, २७ जुलाई २०१२। माओवादी पार्टीमा आर्थिक विभाग छैन र सबै जिम्मेवारी प्रचण्डमा निहित छ, जसले गर्दा उनीमाथि हिनामिना गरेको आरोप सजिलै लाग्न सक्छ।

[८९] शासकीय स्वरूपबारे संवैधानिक बहससम्बन्धी पृष्ठभूमि बुझ्न र अर्धराष्ट्रपतीय स्वरूपउपर भएको सम्झौताबारे थाहा पाउनका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको

आफ्नो गुमेको प्राधिकार फर्काउने र भविष्यलाई सुनिश्चित गर्ने हतारोबाट निर्देशित हुन सक्नेछ।

- **उपाध्यक्ष बाबुराम भट्टराईः** प्रधानमन्त्री भट्टराईका बफादार अनुयायीहरू प्रचण्डको तुलनामा कम छन्, पार्टी अविभाजित छँदा पनि जिल्लाहरू र भ्रातृ सङ्गठनहरूमा उनी वैद्यभन्दा कमजोर थिए। त्यस अर्थमा उनी जननेता होइनन्। तर उनलाई सबैले सक्षम, बौद्धिक र स्वच्छ मान्दछन् जुन कुरा प्रचण्डका लागि चुनौती हो। प्रधानमन्त्रीका रूपमा भट्टराईले मुलुकलाई सङ्कटपूर्ण अवस्थामा हाँकिरहेका छन् र उनको प्रभाव तथा आकर्षण एकदमै घटेर जाने देखिदैन। सत्तामा बसिरहन अब उनलाई प्रचण्डको भर परिरहन पर्दैन र संविधानसभाको विघटनपछि पनि एक्लै काम गर्न सक्छु भन्ने देखाएबाट यी दुई जना नेताहरूबीच तनाव सृजना हुन सक्छ। तर भट्टराईको दिल्लीसित देखिएको निकट सम्बन्ध उनका लागि अवरोध बन्न सक्छ।

  पार्टीहरू अगाडि बढ्ने कुरामा एक ठाउँमा नआएसम्म भट्टराई र प्रचण्ड निकटतम मित्र रहिरहनेछन्। दुवै वर्तमान प्रक्रियामा विश्वास राख्दछन् र दुवै एकअर्काका परिपूरक जस्ता देखिन्छन्। प्रचण्डको करिश्मा, सङ्गठन र सम्झौतावार्ता गर्न सक्ने सीप तथा भट्टराईको व्यावहारिकता अनि स्वच्छ छविको मिश्रणबाट बलियो टिम बनेको छ।[९०] तर यिनै गुणले उनीहरूलाई कट्टर प्रतिस्पर्धी बनाउनेछन् र प्रतिद्विन्द्विता प्रकट हुनेछ।[९१]

- **नारायणकाजी श्रेष्ठ "प्रकाश"ः** श्रेष्ठको पार्टी नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र-मसाल) सन् २००९ मा मात्रै माओवादी पार्टीसित विलय भएको हो र सुरुमा उनी प्रचण्डका विश्वासपात्र थिए।[९२] समयको अन्तरालमा उनले आफ्नै ठाउँ बनाए। सन् २०११ मा भट्टराई, वैद्य र श्रेष्ठ प्रचण्डको शक्ति शमन गर्नलाई छोटो समयका लागि एकगठ भएका थिए।[९३] उपप्रधानमन्त्री समेत रहेका श्रेष्ठले जुलाई २०१२ मा सम्पन्न भएको प्लेनममा केही नरम पाराले भए पनि आफ्नो ताकत देखाए। उनी खेल परिवर्तन गर्ने हैसियत राख्दैनन् र पार्टीको नीति निर्धारणमा उनको खासै प्रभाव पनि छैन। तैपनि उनी भट्टराईसित मिलेर सरकार गिराउने प्रचण्डको प्रयासलाई थेग्न सक्छन् वा भट्टराईलाई एक्ल्याउन प्रचण्डसित मिल्न पनि सक्छन्।

पार्टीभित्र चलिरहेको संस्थापना विरोधी बलियो धारले सबै नेताहरूका लागि चुनौती प्रस्तुत गर्न सक्छ। पार्टीको प्लेनममा भाग लिएका एक जना पार्टी सदस्यले भने, "पार्टीले आफूलाई फोहोरी बुर्जुवा राजनीतिबाट निकाल्न सक्छ भन्नेमा हामीलाई ढुक्क छैन। तर प्लेनमले नेताहरूलाई सधैं कार्यकर्ताहरूलाई ढाँट्न सकिंदैन भन्ने सिकाएको छ"।[९४] व्यक्तिगत सत्यनिष्ठा वा भनौं आफूले कमाएको धनलाई कसले अरूको तुलनामा जायज ढङ्गले बाँड्न सक्छ भन्ने कुराले गुटबन्दीको राजनीतिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्नेछ।

---

ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, पृ. ७।

[९०] मुमाराम खनाल, "त्यसैले प्रचण्ड र बाबुराम मिल्न सक्दैनन्", *नेपाल,* २० जून २०१०।

[९१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संस्थापन माओवादी पार्टीका केन्द्रीय समितिका सदस्य, काठमाडौं, जून २०१२। संविधानसभा पुनःस्थापनामा प्रचण्डको प्राथमिकता र पुनःस्थापना गर्नुभन्दा अगाडि प्रचण्डले खोजेको सङ्घीयतासम्बन्धी क्रमबद्ध सहमतिबारे थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१),* माथि उल्लेखित, भाग ३.ख।

[९२] एकीकरणसम्बन्धी थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १५६, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* ३ जुलाई २००८, भाग २.ग।

[९३] जुलाई २०११ मा भएको र धेरै नटिकेको धोबीघाट सहमतिका सम्बन्धमा हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* माथि उल्लेखित, भाग ६, क।

[९४] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, काठमाडौं, जुलाई २०१२।

## ३. पुराना, नयाँ र उदीयमान पार्टीहरू

नेपाली काङ्ग्रेस मुलुकको सबभन्दा पुरानो प्रजातान्त्रिक पार्टी हो। सन् १९९० को दशक नेपालका लागि वास्तविक बहुदलीय राजनीतिको पहिलो दशक थियो र त्यो समय काङ्ग्रेस र यसका शक्तिशाली सभापति स्वर्गीय गिरिजाप्रसाद कोइरालाको दबदबाको समय थियो। सन् १९९६ मा सुरु भएको एक दशक लामो माओवादी विद्रोहको धेरैजसो समयमा यो पार्टी विद्रोहीहरूको कुनै पनि कुरा मान्न तयार थिएन। युद्ध जति बढ्दै गयो तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन गर्ने आकाङ्क्षा पनि बढ्दै गयो। यसले गर्दा कोइराला गुटको दरबारसित टक्कर पैदा भयो र आखिरमा राजाले सन् २००५ मा गरेको कू विरुद्ध त्यसै साल अन्य संसदीय पार्टीहरू र माओवादीहरूसित काङ्ग्रेस गठबन्धन गर्न पुग्यो। अर्का भूतपूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले नेतृत्व गरेको गुट फुटेर गयो र राजाको मुख ताकेर बस्ने काम गऱ्यो। शान्ति प्रक्रिया प्रारम्भ भएपछि दुवै पार्टी फेरि मिले। तर व्यक्तित्वको टक्करबाट उत्पन्न गुटबन्दी र शान्ति प्रक्रिया तथा माओवादीउपरको भिन्न धारणा भने यथावत् रह्यो। काङ्ग्रेसको साँघुरिँदै गएको राजनीतिक स्थान र सङ्घीयताप्रति यसका नेताहरूको गहिरो अविश्वासले गर्दा वैचारिक मतभिन्नताको ठाउँ अहिले पार्टी पदका लागि हुने झगडाले लिएको छ।

एमालेको वर्तमान दक्षिणपन्थी मोड जनयुद्ध कालमा यसको व्यवहार, सन् २००५ मा राजा ज्ञानेन्द्र र शान्ति प्रक्रियाप्रति यसको रवैयाकै निरन्तरता हो। यसमा उसको सामान्यतया अनुदारवादी विचार र आफ्नो क्रान्तिकारी विगतप्रति आक्कल-झुक्कल अनुमोदनको सम्मिश्रण पाइन्छ। यस पार्टीले सन् २००९ र २०१० मा कट्टर माओवादी विरोधी सरकारको नेतृत्व गरेको थियो र यसका पहिलेका महासचिव माधवकुमार नेपालले सन् २००३ मा राजाको प्रधानमन्त्री बन्ने इच्छा पनि देखाएका थिए। तर जुलुस र आमसभाहरूमा यस पार्टीले अझै पनि आफूलाई नेपालको कम्युनिस्ट आन्दोलनको सारतत्त्व भएको दाबी गर्दछ। एमालेले आफ्नो समर्थनको निकै ठूलो आधार माओवादीको हकमा गुमायो र अन्य पार्टीका प्रतिनिधिहरूझैं यसका जिल्ला सदस्यहरूलाई जनयुद्ध कालमा माओवादीहरूले विशेष लक्ष्य बनाएका थिए। त्यस बेलाको दुश्मनीलाई यसका धेरै सदस्यहरूले बोकिराखेका छन् भने पनि पार्टीको निर्णयकारी तहमा निजी महत्त्वाकाङ्क्षा र गुटहरूको निकै महत्त्वपूर्ण भूमिका रहन्छ।

### क. नेपाली काङ्ग्रेस

नेपाली काङ्ग्रेसका सामु सीमित विकल्पहरू छन्। मुलुकको राजनीतिक मध्यमार्गको ठाउँ कसैले ओगट्नुपर्ने हुन्छ र यो पार्टी त्यसनिम्ति उपयुक्त छ। यसबाट नेपाली राजनीति लाभान्वित हुन्छ र काङ्ग्रेसको आफ्नै हैसियत पनि बौरिन्छ। पार्टीले "सङ्घीयता विरोधी" र उच्च जातलाई मात्र प्रतिनिधित्व गर्छ भन्ने आफूमाथि लगाइएको बिल्ला हटाउने हो भने उसले सङ्घीयताप्रतिको आफ्नो धारणाउपर पुनर्विचार गर्नुपर्ने हुन्छ। "पार्टीमा सङ्घीयताबारे कुनै वादविवाद नै भएन। यसबारे असलमा हामीले छलफल नै गरेनौं", एक जना वरिष्ठ काङ्ग्रेस नेताले भने।[९५] ताजा निर्वाचन गराउने घोषणालाई असंवैधानिक र गैरकानुनी बताउँदै यस पार्टीले सुरुमा विरोध गऱ्यो, तर पछि आएर चुनाव त गर्ने तर संविधानसभाको कार्य समेत गर्ने विधायिका-संसदको चुनाव गर्ने भन्न थालेको छ। उसको यो धारणा फेरि बदलिन सक्छ र यो कुरा माओवादीहरूसितको सम्झौतावार्तामा भर पर्छ। किनभने काङ्ग्रेसको प्राथमिकता संविधानउपरको छलफललाई फेरि सुरु गराउनुमा भन्दा वर्तमान सरकारलाई राजीनामा गराउनु रहेको देखिन्छ।

पहिचानको राजनीतिप्रति पार्टीको प्रतिकारलाई शिरोपर गर्दै आएका केही जनजाति सदस्यहरूले पार्टी छाड्ने चेतावनी दिएका छन्।[९६] आफ्ना मतदाताहरूलाई पार्टीको धारणा चित्तबुझ्दो गरी बुझाउनका लागि भए पनि कोही भने सङ्घीयताबारे छलफल चाहन्छन्।[९७] सन् २००७ को मधेस आन्दोलनले जातीयतालाई तराईको राजनीतिको केन्द्रमा ल्याएपछि धेरै वरिष्ठ मधेसी नेताहरू र मध्यम तहका कार्यकर्ताहरूले पार्टी परित्याग गरे।[९८] पार्टीमा टिकेर बसिराखेकाहरू पार्टी नेतृत्वले पहिचानलाई सङ्घीयताको जायज आधार मान्न अस्वीकार गरेकाले अप्ठेरो महसुस गरिरहेका छन्। सन् २०१० मा भएको काङ्ग्रेसको निर्वाचनमा पार्टीको

---

[९५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१२। उनले थपे, "संविधान-सभाको अवसानपश्चात् चाहिँ एमालेले आफ्ना जनजातिहरूसित बातचित गर्न सुरु गऱ्यो। हामीलाई चाहिँ धेरै समय लागिराखेको छ।"

[९६] "Congress *janajati* leaders threaten to quit party", *The Kathmandu Post*, ७ जून २०१२। पार्टीको केन्द्रीय कार्यसमितिले आफ्ना जनजाति नेताका गुनासालाई सम्बोधन गर्नका लागि २१ जून २०१२ मा एउटा समिति गठन गऱ्यो, तर त्यसले विश्वास आर्जन गर्न सकेन। काङ्ग्रेसका एक जना चर्चित जनजाति नेताले भने, "हाम्रा नेताहरू (हाम्रा मागप्रति) सकारात्मक प्रतिक्रिया जनाउँछन्, तर जब कार्यान्वयनको कुरा आउँछ, उनीहरू केही पनि गर्दैनन्।" उनले के पनि टिप्पणी गरे भने संविधानसभाको अवसान हुनासाथ काङ्ग्रेसको नेतृत्वमा भएको सरकार विरोधी जुलुसमा सङ्घीयताका कट्टर विरोधी पार्टीहरू पनि सामेल थिए। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, काङ्ग्रेसका जनजाति नेता, काठमाडौं, जून २०१२। संविधानसभामा जनजाति ककसका सक्रिय काङ्ग्रेसी नेताहरू आदिवासी जनजाति महासंघले जनजातिको नेतृत्वमा नयाँ पार्टी खोल्ने घोषणा गरेको सभामा उपस्थित थिए (हेर्नुहोस् भाग ४.क)। "दल खोल्दै जनजाति", *कान्तिपुर*, ७ जुलाई २०१२।।

[९७] एक जना पाका काङ्ग्रेसी जनजाति नेताले "चार वर्ष खेर फालेर" फेरि जनतासँग भोट माग्न आफू जान नसक्ने बताए। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, काङ्ग्रेसी जनजाति नेता, काठमाडौं, जून २०१२।

[९८] केही नेताहरू मधेस आन्दोलनको अगुवाइ गर्ने मधेसी जनअधिकार फोरममा गए, अरू नेताहरूले आफ्नै पार्टी खोले। काङ्ग्रेसले परम्परागत रूपमा मधेसलाई आफ्नो आधार मान्दै आएको थियो। सन् २००८ को निर्वाचनमा काङ्ग्रेसले भित्री मधेस र तराईका जिल्लाहरूबाट प्रत्यक्ष निर्वाचित १२९ मध्ये १७ सिट मात्र जित्न सकेको थियो। निर्वाचनको अन्तिम नतिजा www.election.gov.np/reports/CAResults/reportBody.php मा उपलब्ध छ। मधेस आन्दोलन र त्यसले निर्वाचनमा पारेको प्रभावबारेमा थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १३६, *हिंसाको तापमा तराई*, ९ जुलाई २००७, भाग ४ र क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको नयाँ राजनीतिक परिदृश्य*, माथि उल्लेखित, पृ. ७-११।

केन्द्रीय पद गुमाएका एक जना वरिष्ठ नेता पहिचानको मुद्दामा देखिएको उनको लचकता नै उनको हारको कारण रहेको बताउँछन्।[९९]

अकाट्य प्रजातान्त्रिक पृष्ठभूमि बोकेको एक ठूलो राष्ट्रिय पार्टीका रूपमा काङ्ग्रेसको सान्दर्भिकतामा ह्रास आउने देखिन्छ। नयाँ सङ्घीय संरचनामा पहिचानको भूमिकाबारे आफ्नो अडानमा उसले केही सूक्ष्म परिवर्तन ल्याइहाले पनि उसले चिढाएका समर्थकहरूलाई फर्काउन सक्ने छैन। "क्षेत्रीय र जातीय पार्टीहरू जन्मने छन्। जनताले चुनावका बेला हुने पार्टीहरूको गठबन्धनलाई वास्ता गर्ने छैनन्, तर उनीहरूको ध्यान क्षेत्रीय र जातीय मुद्दाहरूमा हुनेछ र पहिचानको विरोधमा बोल्नेहरू हार्नेछन्", काङ्ग्रेसका राष्ट्रिय स्तरका एक जना जनजाति नेताले बताए।[१००]

यस पार्टीले सङ्घीयता विरोधी उच्च जात, वर्ग तथा राष्ट्रिय मिडियाको प्रतिक्रियाबाट केही लाभ पाएको छ। तर सङ्घीयताउपर सङ्कोच राख्ने समूहहरूलाई खुसी पार्ने काम निकै जटिल छ। जनमत निर्माण गर्ने वृत्तहरू र राष्ट्रिय मिडियाको निकै महत्त्वपूर्ण हिस्सा सङ्घीयताको राजनीतिक मागको सामाजिक पक्षबाट टाढिएका देखिन्छन्। काङ्ग्रेसले यो सानो सङ्ख्याको तर ठूलो फलाको भएको समूहबाटै आफ्नो धेरैजसो ऊर्जा र वैधानिकता प्राप्त गर्दछ। त्यसले गर्दा काङ्ग्रेसलाई प्रतिध्वनि हुने कोठामा बोलेको जस्तो हुने खतरा छ — अर्थात् आफूसित सहमत हुनेहरूको आवाज मात्र सुन्ने खतरा। अभिजात वर्गीय सङ्घीयता विरोधीहरूबीच पार्टीले होस पुऱ्याएर चल्नुपर्ने हुन्छ। सङ्घीयता विरोधी हुलको एक छेउमा सबै खाले परिवर्तनप्रति सन्देह राख्ने समूह छ, जो धर्मनिरपेक्षता र गणतन्त्रउपर समेत संशय राख्छन्। तर सङ्घीयताप्रति सन्देह राख्ने सबै मानिस हिन्दू राज्य वा राजतन्त्र नरहेकामा त्यति धेरै दुःखित छैनन्।[१०१]

काङ्ग्रेसले उच्च जातको राजनीति खेल्ने हो भने यसले दुई उच्च जातका बाहुन र छेत्रीहरूलाई एउटै डालामा हाल्ने गल्ती गर्न सक्छ। राज्य र अन्य सङ्गठनहरूमा सहभागिताको सन्दर्भमा यी दुई समुदायबीच निकै ठूलो भिन्नता छ र उनीहरूबीच एक हदको आपसी अविश्वास पनि छ। त्यसबाहेक मध्यम स्तरका छेत्रीहरूमा काङ्ग्रेसको निर्णयकारी स्थानमा बाहुनहरूको बढी हात छ भन्ने भावना पनि छ।[१०२]

अर्को चुनावअगाडि काङ्ग्रेसले नै सरकारको नेतृत्व गर्नुपर्छ भन्ने यसको एकोहोरो ढिपी पछाडिका कारणमा सरकारमा जान नसके चुनावमा राम्रो गर्न सकिँदैन भन्ने डर लुकेको र साथै यसको आर्थिक अवस्था राम्रो छैन भन्ने पनि देखाउँछ। "हामी जिल्लास्तरीय कार्यक्रमहरूको आयोजना गर्न चाहन्छौं, तर हामीसित चाहिने नगद रकम छैन", जिल्ला तहका एक जना काङ्ग्रेसी नेताले बताए।[१०३] नेताहरूसँग व्यक्तिगत तवरमा चुनाव लड्न सक्ने स्रोत होला, तर पार्टीसँग भने त्यो क्षमता छैन। यसको सङ्गठन विशृङ्खलित छ, पार्टी केन्द्रीय कार्यालय र जिल्लाबीचको संवाद त हुनसम्मको खराब छ। किनभने केन्द्र गुटबन्दीको किचलोमा नै सदैव अल्झिरहेको देखिन्छ।[१०४]

केन्द्रीय तहमा काङ्ग्रेस एकदमै विभाजित छ। धेरै वरिष्ठ नेताहरूका कामकार्बाही निजी महत्त्वाकाङ्क्षा र डरबाट अभिप्रेरित देखिन्छन्। कमजोर नेतृत्व, आपसी लडाइँ र व्यक्तित्वको टक्करले गर्दा हरेक व्यक्ति आफैंमा सीमित छ। काङ्ग्रेसलाई एकता सरकारको नेतृत्व गर्ने अवसर प्राप्त भए पनि पार्टीको तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार को हुने भन्नेमा झगडा उत्पन्न हुनेछ।[१०५]

---

[९९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१२। पहिचान र जातीयताबारे सहानुभूति राख्ने काङ्ग्रेसी सदस्यहरू प्रायः त्यस विषयमा घुमाइफिराइ र भलाड्मी पाराले बोल्छन्। त्यस विषयमा पार्टीभित्रको वातावरण अनुकूल नभएर हो वा पार्टीको स्पष्ट अडान नभएकाले माओवादी र जातीय आन्दोलनकर्ताका बोलीसित मिल्ला भन्ने डरले उनीहरू सीधा कुरा गर्न हिच्किचाउने कारणले हो त्यो त प्रस्ट छैन।

[१००] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, काङ्ग्रेसी जनजाति नेता, काठमाडौं, जून २०१२।

[१०१] धेरै पहिलादेखि नै काङ्ग्रेसले संवैधानिक राजतन्त्रप्रति समर्थन जनाउँदै आएको छ र अहिले पनि केही नेताहरूको त्यसप्रति सहानुभूति रहेको छ। यद्यपि उनीहरू धेरै हदसम्म शान्ति प्रक्रियाबाट पर धकेलिएका छन्। मार्च २०१० मा काङ्ग्रेसी नेता खुमबहादुर खड्का पूर्वराजा ज्ञानेन्द्र शाहका साथ सार्वजनिक रूपमा देखिए र उनले हिन्दू राज्यको पक्षमा बोले। "Ex-king at ritual for Hindu state", *The Kathmandu Post*, ९ मार्च २०१०। तर मूलप्रवाहका काङ्ग्रेस नेताहरूले यस्तो गर्नु नोक्सानदायी हो र राजतन्त्रप्रति सहानुभूति मात्रै देखाउनाले पनि घाटा हुन्छ भन्ने बुझेका छन्।

[१०२] सन् २०१० मा सम्पन्न काङ्ग्रेस महाधिवेशनले केन्द्रीय कार्यसमितिको निर्वाचनका लागि कोटा निर्धारण गऱ्यो। निर्वाचनबाट छानिने समितिका ६४ मध्ये २२ सिट महिला, आदिवासी जनजाति, दलित, मधेसी र मुस्लिमका लागि छुट्ट्याइएको थियो। तर अन्य दलमा जस्तै यसका पदाधिकारी र नीति निर्माण तहका नेताहरूमा सबै नभए पनि धेरै मात्रामा बाहुनहरू नै छन्। "NC plenum message: Unity essential", *The Kathmandu Post*, २८ सेप्टेम्बर २०१०। सन् १९९० देखि २००२ सम्मको संसदमा बाहुनहरूको औसत प्रतिनिधित्व ३९ प्रतिशत थियो। सन् २००१ को जनगणनाअनुसार कुल जनसङ्ख्यामा बाहुनहरूको हिस्सा केवल १२.७४ प्रतिशत थियो। त्यसै अवधिमा छेत्रीहरूको प्रतिनिधित्व १९.६ प्रतिशत थियो र सन् २००१ को जनगणनामा उनीहरू कुल जनसङ्ख्याको १५.८ प्रतिशत थिए। महेन्द्र लावती, "Informal Institutions and Exclusion in Democratic Nepal", *Himalaya*, vol. 28, no. 1 and 2 (2010), राष्ट्रिय जनगणना, २०५८ (जात/जातिको जनसङ्ख्या), केन्द्रीय तथ्याङ्क विभाग, जनवरी २००८। बाहुन र छेत्रीको गरिबी स्तरका लागि हेर्नुहोस्, क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित पृ. ३।

[१०३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जिल्ला तहका काङ्ग्रेसी नेता, अप्रिल २०१२। बाँके काङ्ग्रेस सभापति सुशील कोइरालाको गृह जिल्ला हो। जिल्ला र राष्ट्रिय तहका अन्य नेताहरूको भनाइ पनि यस्तै छ।

[१०४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ काङ्ग्रेसी नेता, जून २०१२; जिल्ला तहका काङ्ग्रेसी नेताहरू, नेपालगञ्ज, अप्रिल २०१२ र काठमाडौं, जून २०१२। अहिले आएर पार्टीले जिल्ला तहका पदाधिकारीहरूलाई एकै ठाउँमा ल्याउने काम गरेको छ। "काङ्ग्रेस सभापतिको भेलाद्वारा १४ बुँदे प्रस्ताव पारित", *नयाँ पत्रिका*, १ अगस्ट २०१२; "NC to provide training to district secretaries", *Republica*, १७ जुलाई २०१२। जिल्ला कार्यालयहरूले पार्टीका योजना कमै मात्रामा थाहा पाउने कुरा उनीहरू क्राइसिस ग्रुपलाई प्रायशः बताउने गर्छन्।

[१०५] हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, माथि उल्लेखित, पृ. ११ र *नेपालको लागछोड शान्ति प्रक्रिया*, माथि

आफूलाई "प्रजातन्त्रवादी" भनाउन चाहने शास्त्रीय परम्पराका घाघडान समर्थकहरूका लागि काङ्ग्रेस आश्रयस्थल रहिरहनेछ। पार्टीलाई आफूले सन् २००८ मा गुमाउनु परेको धरातल पुनःप्राप्त हुनेमा पूर्ण विश्वास छ। "माओवादीहरू कमजोर भएका छन्। एमाले आफ्नै आन्तरिक झमेलामा फसेको छ। जातीय समूहहरू त्यति बलिया छैनन्। तुरुन्तै चुनाव भएमा काङ्ग्रेसले जित्नेछ," धनकुटाका एक जना नेताले भने।[१०६] मधेसी गतिशास्त्र परम्परागत पार्टीहरूको पक्षमा बदलिने सम्भावना कम भए पनि केही केन्द्रीय नेताहरू तराईको गुमेको केही हिस्सा फर्कनेमा विश्वस्त छन्। तर यसको नेतृत्वले नीतिगत विचलन, अन्तहीन हाउभाउ प्रदर्शन र परस्पर घातक लडाइँबाट आफूलाई ननिकालेसम्म काङ्ग्रेसको पुनर्निर्माण र नयाँ छवि निर्माण गर्न सम्भव छैन।

## ख. एमाले

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) अथवा एमाले संविधानसभामा तेस्रो ठूलो पार्टी थियो। यसले व्यक्तित्वमा आधारित गुटबन्दीका अतिरिक्त पहिचान र वैचारिक सङ्कट पनि भोगिरहेको छ। यसका केही वरिष्ठ नेताहरूले जातीय सङ्घीयताप्रति देखाएका अमैत्रीपूर्ण व्यवहारबाट पार्टीका कट्टर समर्थक रहेका जनजाति सदस्यहरूलाई चिढाएको छ। उनीहरू एमालेलाई सङ्घीयतालाई "अन्तरध्वंश" गरेको र २७ मे २०१२ मा संविधानसभाको अवसान गराउनमा प्राथमिक कारण भएको दोषारोपण गर्छन्।[१०७] त्यतिन्जेलसम्म धेरै जनजाति सदस्यहरूको पार्टीले पहिचानको मुद्दामा समर्थन नै गर्छ भन्ने विश्वास थियो।[१०८] अहिलेका लागि पार्टीले निर्वाचनलाई उत्तम उपायका रूपमा लिएको छ, तर त्यस्तो निर्णय लिनुका पछाडिका आधार भने प्रस्ट छैनन्। एमालेका जनजाति नेताहरूले भने संविधानसभाको पुनःस्थापनालाई समर्थन जनाएका छन्।[१०९]

संविधानसभा नरहेपछि केही जनजाति नेताहरूले एमाले छाड्ने धम्की दिएका थिए। "पार्टीले हाम्रा मुद्दामा ध्यान दिएन भने हामी विकल्प खोज्न बाध्य हुनेछौं", उनीहरूमध्ये एक जनाले भने।[११०] एमालेका अर्का वरिष्ठ जनजाति नेताले चाहिँ उनी र उनका साथीहरूले पार्टी नछाडी पार्टीभित्रै रहेर मतभिन्नतालाई सल्टयाउने बताए।[१११] पहिचानलाई मान्यता दिनुपर्ने मुद्दा उठाएकामा धेरै जना दण्डित भएका छन् र उनीहरूलाई पार्टीको जिम्मेवारीबाट पनि मुक्त गरिएको छ।[११२] "आज हामीलाई हाम्रो जिम्मेवारीबाट मुक्त गरिएको छ, भोलि पार्टीबाट पूरै हटाउने छन्। तर अहिलेलाई हामी पार्टीमा आन्तरिक सङ्घर्ष चलाइराखेका छौं", अनुशासनको

उल्लेखित। केही मानिसहरूबाट काङ्ग्रेसलाई "निर्वाचनमा विश्वास नगर्ने प्रजातन्वादीहरूको" पार्टी भन्ने गर्दछन्। किनभने यसले संविधानसभामा विवादित मुद्दाहरूउपर मतदान गर्न चाहेन र नयाँ संविधानसभाको चुनाव गर्ने घोषणाको पनि यसले विरोध गऱ्यो।

[१०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काङ्ग्रेसी नेता, धनकुटा, काठमाडौं, जून २०१२।

[१०७] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, मे २०१२। थीरा भूसाल, "Ethnic dissent in UML at boiling point", *Republica*, २ जून २०१२। संविधानसभामा विभिन्न पार्टीका जनजाति सांसदहरू रहेका ककसको अध्यक्ष लगायत अधिकांश सक्रिय सदस्यहरू एमालेका थिए।

[१०८] उदाहरणका लागि, फेब्रुअरी २०१२ मा एमालेको सङ्घीय मामिला विभागले राज्य पुनर्संरचना सम्बन्धमा दुईओटा मोडेलसहितको प्रतिवेदन तयार पारेको थियो — एउटा मोडेल ८ ओटा राज्यको र अर्को १२ ओटा राज्यको थियो। ती राज्यहरू "पहिचान र सामर्थ्य" मा आधारित थिए। पहिचानको फराकिलो परिभाषाअन्तर्गत जातीय, धार्मिक र भाषिक विविधताका साथसाथै थातथलो, भूगोल र वातावरण आदिलाई समेटिएको थियो। सामर्थ्यलाई राज्य स्वयंले आर्थिक रूपमा आफूलाई धान्न सक्ने क्षमता भनेर अर्थ्याइएको थियो। "राज्य पुनर्संरचनासम्बन्धी प्रतिवेदन २०६८", एमाले सङ्घीय मामिला विभाग, फेब्रुअरी २०१२। यो अन्तरिम संविधानअन्तर्गतको राज्य पुनर्संरचना आयोग र संविधानसभाको राज्य पुनर्संरचनासम्बन्धी समितिले पहिचान गरेको राज्य संरचनासँग धेरै हदसम्म मिल्दोजुल्दो थियो। थप जानकारीका लागि, हेर्नुहोस् भाग ३.ख क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.२ र क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, माथि उल्लेखित। मार्च २०१२ सम्मै पनि एमालेका एक जना जनजाति नेता उनको पार्टी पहिचानमा आधारित मागप्रति प्रतिबद्ध रहनेमा आशावादी थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, मार्च २०१२। सङ्घीयता र पहिचानबारे एमालेको धारणासम्बन्धी पृष्ठभूमि थाहा पाउनका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित, पृ. १०।

[१०९] १८ जुलाई २०१२ मा एमालेको स्थायी समितिले निर्वाचन गर्ने कुरालाई समर्थन गऱ्यो, तर त्यसको केही हप्ताअघि भने त्यसलाई "अलोकतान्त्रिक" भनेर विरोध गरेको थियो। "UML opts for fresh mandate amid CA rebirth demands", *The Kathmandu Post*, १९ जुलाई २०१२।

[११०] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, एमाले जनजाति नेता, जुलाई २०१२। उदाहरणका लागि, पोलिटब्युरो सदस्य विजय सुब्बाले पार्टीले आदिवासी जनजातिको मुद्दामा अडान नलिएको हुनाले आफू पार्टीमा बसिरहन नसक्ने बताएका थिए। "एमालेमा बस्न नसक्ने भएँ", *नागरिक*, ३१ मे २०१२। एमालेका पूर्वसभासद पासाङ शेर्पाले पनि त्यही कारणले पार्टी परित्याग गरे। "यसकारण मैले एमाले छाँडें", *नयाँ पत्रिका*, २९ मे २०१२।

[१११] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, जुलाई २०१२।

[११२] १२ जून २०१२ मा पार्टीका उपाध्यक्ष अशोक राईको नेतृत्वमा एमालेका वरिष्ठ जनजाति सदस्यहरूले पार्टीसामु संविधानसभाको राज्य पुनर्संरचना समिति र राज्य पुनर्संरचना आयोगको प्रतिवेदनका आधारमा राज्यको पुनर्संरचना हुनुपर्ने माग राखे। त्यसको एक महिनामा उनलाई र अरू जनजाति नेताहरूलाई अनुशासनको कार्बाही गरियो। राईलाई पार्टीका भ्रातृ सङ्गठनहरूको संयोजक पदबाट हटाइयो। संविधानसभामा जनजाति ककसको नेतृत्व गर्ने पृथ्वी सुब्बा गुरुङलाई एमालेको लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घको नेतृत्वबाट मुक्त गरियो। "Janajati UML leaders stripped of responsibilities", *Republica*, २० जुलाई २०१२। त्यसभन्दा अघि १० जूनमा एमालेले एक जना जनजाति नेतालाई काठमाडौं उपत्यकाको प्रमुख पदबाट हटाएको थियो र त्यसपछि १६ जूनमा पहिचानमा आधारित सङ्घीयता माग गरेबापत अर्का एक जना नेतालाई पार्टीबाट निष्कासित गरेको थियो। "UML removes Rajendra Shrestha as Valley chief", *Republica*, ११ जून २०१२; "Sherpa's expulsion stirs up a hornets' nest in CPN-UML", *The Kathmandu Post*, १७ जून २०१२।

कार्बाहीमा परेका एक जना वरिष्ठ जनजाति नेताले भने।[११३] अन्य जनजाति नेताहरूमा अधीरता बढिरहेको छ।[११४]

पार्टीको हाइकमान पहिचानको राजनीतिबाट र नेपालमा संरचनागत विभेद छ भन्ने तर्कबाट एकदमै असजिलो महसुस गरिरहेको छ। संविधानसभाको अन्त्य भएदेखि नै जातीयतालाई कुनै पनि प्रकारको मान्यता दिने कुरा विरुद्धको अडान कठोर बन्दै गएको छ।[११५] "जनजाति नेताहरूले छाड्नाले हाम्रो पार्टीमा कुनै असर पर्ने छैन। उनीहरूका ठाउँमा अरू आउने छन्", धनकुटामा एक जना नेताले भने।[११६] एकदमै सुन्न पाइने आलोचना के छ भने जातीय तथा पहिचानमा आधारित आन्दोलनहरू युरोपेली दातृ संस्थाहरूबाट सृजना गरिएका हुन् र सङ्घीयता भनेको पूरै माओवादीहरूको एजेन्डा हो।[११७]

जनजाति नेता र कार्यकर्ताहरूले जनजाति र अन्य सीमान्तीकृत समूहहरूलाई प्रतिनिधित्व गर्नका लागि नयाँ पार्टी खोल्नुपर्ने प्रस्ताव गरेका छन्। त्यसरी प्रस्ताव गर्नेहरूमा केही व्यक्ति नेपाल आदिवासी जनजाति महासङ्घसित सम्बद्ध छन्। (हेर्नुहोस् खण्ड ४.क) यस्तो पार्टी टिकाउ हुन सक्ने कुरामा एमालेका जनजाति सदस्यहरूको मत विभाजित रहेको छ, तर यसबाट मूलधारका जनजाति नेताहरूलाई दबाब पर्छ भन्ने कुरा पनि स्वीकार्छन्।[११८] एमालेका केही जनजाति नेताहरू माओवादी माउपार्टीसित गठबन्धन गर्ने कुरा पनि सोचिरहेछन् र कालान्तरमा त्यसमा प्रवेश पनि गर्न सक्छन्।[११९] उनीहरू छुट्टै पार्टी खडा गर्नेतर्फ पनि विचार गरिरहेछन्, तर हालसालै गठन गरिएको जनजाति नेतृत्वको पार्टी जस्तो नभई बृहत्तर उद्देश्य बोकेको पार्टी खोल्ने सुरमा छन्।

एमालेले पहिले पनि जातीय मतदाता गणलाई बेवास्ता गरेको थियो र जातीय मुद्दामा माओवादीसित हारेको यो पहिलो पटक होइन। एमालेले जनजाति समूहहरूलाई प्रजातन्त्रको पुनःस्थापना हुनु केही अघिदेखि आफूतिर तान्न थालेको हो। तर त्यो जातीय मुद्दाप्रति सहानुभूति भएका कारणले नभई आफ्नो समर्थनको आधारलाई फराकिलो बनाउनका लागि थियो भन्नलाई नेताहरू हिच्किचाउँदैनन्।[१२०] बत्तीस वर्षमा पहिलो पटक सन् १९९१ मा भएको प्रजातान्त्रिक निर्वाचनमा एमालेले अन्य कुराका अतिरिक्त राज्य संस्थाहरूमा जनजातिको प्रतिनिधित्व, मातृभाषामा शिक्षा, संस्कृतिको प्रवर्द्धन र धर्मनिरपेक्ष राज्यको स्थापना गर्ने वाचा गरेको थियो। तर त्यसपछिको अवधिमा राज्य तथा राजनीति उच्च जातका हिन्दू र अझ भन्ने हो भने बाहुनवादी भएको जनजातिहरूको अनुभवलाई नै बलियो बनाउने काम पार्टीले गर्‍यो। उसले सरकारअन्तर्गतको राष्ट्रिय रेडियो स्टेशनबाट संस्कृत भाषामा समाचार प्रसारण गराउन थालेर धर्मनिरपेक्षतालाई पनि बेवास्ता गर्‍यो।[१२१]

एमालेले शान्ति प्रक्रियाको अवधिमा जनजातिमुखी एजेन्डा समातेको जस्तो देखियो। सन् २००६ मा माओवादीहरू शान्ति प्रक्रियामा भाग लिन भूमिगत अवस्थाबाट बाहिर आएपछि उनीहरूले पहिचानमा आधारित

---

[११३] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, जुलाई २०१२।

[११४] "एमाले नफुटे असन्तुष्ट नै फुट्ने", *साँघु*, २३ जुलाई २०१२; अब ठोस निर्णयमा पुग्छौं", *नयाँ पत्रिका*, २० जुलाई २०१२। एमालेका केही जनजाति नेताहरूले हतियार उठाउने सम्मको धम्की दिएका छन्। "Disgruntled UML leaders threaten to take up arms", *The Kathmandu Post*, २५ जुलाई २०१२।

[११५] संविधानसभाको अवसान भएपछि जून २ मा पोलिटब्युरोले सङ्घीयता विषयमा कार्यकर्ताहरूको विचार सङ्कलन गर्न एउटा "उच्च स्तरीय आयोग" गठन गरिएको घोषणा गर्‍यो। "UML tries to woo Janajati leaders", *The Kathmandu Post*, ३१ मे २०१२ र "UML forms high-level commission on federalism", *Republica*, ३ जून २०१२। तर २२ जूनसम्म आइपुग्दा पार्टीको केन्द्रीय समितिले "एकल पहिचान" मा आधारित राज्यलाई अस्वीकार गरिसकेको थियो र छलफलमै नआएको "मिश्रित पहिचान" को नामकरण भएको सङ्घीय ढाँचाको समर्थन गर्‍यो। त्यसको लगतै एमालेका उच्च तहका केही नेताहरूले नयाँ राज्यहरूका नामकरण कुनै पनि हालतमा पहिचानको आधारमा हुनु हुन्न भन्ने माग राख्न थाले। "CPN-UML passes 7-province model amid sharp dissent", *Republica*, २४ जून २०१२। एमाले नेताहरू विभिन्न पार्टीका वरिष्ठ राजनीतिज्ञहरू रहेका समूहमा सामेल भएका थिए, जुन समूहले मे महिनाको मध्यतिर सङ्घीयताका सम्बन्धमा एउटा विवादास्पद प्रस्ताव सुझाएको थियो। तर त्यो प्रस्ताव संविधानसभामा कहिल्यै प्रस्तुत गरिएन र अधिकांश पार्टीका सदस्यहरूले तथा पहिचानमा आधारित समूहहरूले सडक आन्दोलन र हडताल गरेर त्यस प्रस्तावलाई ठाडै अस्वीकार गरे। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.१ र २।

[११६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले नेता, धनकुटा, जून २०१२।

[११७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमाले नेताहरू, काठमाडौं, मे-जून २०१२।

[११८] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, जूलाई २०१२। तर, जुलाईमा आदिवासी जनजाति महासङ्घले नयाँ पार्टी खोल्ने घोषणा गरेपछि पनि एमालेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले असन्तुष्ट जनजाति नेताहरूले पार्टी छाड्ने कुरालाई अस्वीकार गरेका थिए। "पार्टी छाडेर कोही जाँदैन", *कान्तिपुर*, ७ जुलाई २०१२।

[११९] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, माओवादी माउपार्टीका पोलिटब्युरो सदस्य, काठमाडौं, जुलाई २०१२। तर उपाध्यक्ष राईले माओवादी पार्टीमा प्रवेश गर्ने सम्भावनालाई इन्कार गरे। "माओवादीमा चाहिँ कुनै हालतमा जान्न", *कान्तिपुर*, ८ जुलाई २०१२। जुलाई ३ मा प्रधानमन्त्री भट्टराईले एमाले, काङ्ग्रेस लगायत विभिन्न पार्टीका जनजाति र मधेसी नेताहरू तथा अभियानकर्ताहरूको एउटा समूहलाई सङ्घीयताको पक्षमा गठबन्धन निर्माण गर्न भनेर छलफलका लागि बोलाए। बैठकमा सहभागी एमालेका एक जनजाति नेताले भने, "हामीले त्यस्तो गठबन्धनको खाँचो नरहेको र हामीले अझै पनि सङ्घीयताका लागि पार्टीमा आन्तरिक सङ्घर्ष चलाइराखेका बतायौं।"क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, एमाले जनजाति नेता, काठमाडौं, जुलाई २०१२। थप जानकारीका लागि, हेर्नुहोस् भाग २.ग.२।

[१२०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, एमालेका अधिकारी, काठमाडौं, जुलाई २०१२।

[१२१] हेर्नुहोस् "Party on a verge", *The Kathmandu Post*, २२ जून २०१२। रेडियो नेपालबाट संस्कृतमा समाचार प्रसारण गर्ने निर्णय नोभेम्बर १९९४ देखि सेप्टेम्बर १९९५ सम्म सत्तामा रहेको एमालेको अल्पमतको सरकारले गरेको थियो। T. Louise Brown, *The Challenge to Democracy in Nepal: A Political History* (London, 1996), पृ. २२४। संस्कृत भाषालाई बाहुनको वर्चश्व रहेको उँचनीचयुक्त हिन्दूवादसँग जोडेर हेरिन्छ। निजामती सेवाका परीक्षाहरूमा संस्कृतनिष्ठ नेपाली भाषाको प्रयोग हुनाका कारण उच्च जातमा नपर्ने र मातृभाषा नेपाली नभएकाहरूलाई अप्ठेरो पर्ने गरेको छ। गैरहिन्दूवादी धार्मिक परम्परालाई जीवित राख्न जोड दिने जनजाति आन्दोलनका लागि धर्मनिरपेक्षता एउटा महत्त्वपूर्ण कडी हो।

मुद्दाहरू वरिपरि नै आफ्ना शक्ति परिचालन गर्नेछन् भन्ने स्पष्ट थियो। विस्तृत शान्ति सम्झौताले पनि सामाजिक-राजनीतिक बहिष्करण र सीमान्तीकरणलाई सम्बोधन गर्नुपर्ने लगायत बृहत्तर सामाजिक तथा अन्य रूपान्तरणप्रति प्रतिबद्धता जनाएको थियो। एमाले पनि माओवादीले उछिन्ला भन्ने डरले त्यस भीडमा सामेल भइहाल्यो। अगस्ट २००६ मा त्यस पार्टीले क्षेत्रीय तथा जातीय स्वायत्तताप्रति समर्थन जनायो। सन् २००८ को चुनाव घोषणापत्रमा "पहिचान र सामर्थ्य"मा आधारित सङ्घीयता ल्याउने वचन दियो। यसले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ प्रति पनि समर्थन जनायो, जुन महासन्धि आदिवासी र जनजातिहरूको अधिकारको संरक्षण तथा आत्मनिर्णयको अधिकार लगायत आदिवासी संस्कृतिको समर्थन गर्ने विषयसित सम्बन्धित छ। सन् २००९ मा संविधानसभाको राज्यपुनर्संरचना समितिमा त्यस पार्टीले पन्ध्र राज्यको प्रस्ताव राखेको थियो, जसमा धेरैजसो "एकल पहिचानका राज्यहरू र खास जनजाति समूहको बासस्थानसित गाँसिएका राज्यहरू थिए।[१२२] तर सन् २०११ र सन् २०१२ मा भएका सम्झौतावार्ताका क्रममा ती सबै कुरा झूटा बाचा थिए भन्ने खुलस्त हुँदै गयो र पहिचानको राजनीतिप्रति एमालेभित्र धेरैको वैनमनस्यता गहिरिँदै गएको देखियो।[१२३]

अहिलेसम्म यस ढुलमुलपनले पार्टी सङ्गठनलाई ठूलो नोक्सान पुऱ्याइहालेको छैन। एमालेका जनजाति नेताहरू पनि अनिश्चित भविष्यका लागि एउटा ठूलो पार्टीको सदस्य हुनाको लाभ त्याग्ने नत्याग्ने द्विविधामा छन्। तर धेरैलाई नेपालमा पहिचानको राजनीतिमा निकै परिवर्तन आइसकेको र पार्टीको धारणा आफ्ना लागि बोझ बन्न सक्छ भन्ने लागेको छ। केहीले एमाले छाड्ने छन्, सम्भवतः अर्को निर्वाचन हुनुअघि नै।[१२४] एमाले नेतृत्वले पहिचान विरोधी अडान ज्यान गए नछाड्ने लक्षण देखाएको छ। नेतृत्व जनसमक्ष नरम धारणा लिएर जानुको सट्टा बरु मुखर जनजाति सदस्यहरूलाई मिल्काउन तयार रहेको देखिन्छ।

## ग. मधेसी पार्टीहरू

मधेसीहरू हिन्दू वर्णव्यवस्था मान्ने तराई मैदानका बासिन्दा हुन्, उनीहरूको सिमापारि भारतसित व्यापक पारिवारिक तथा सांस्कृतिक सम्बन्ध रहेको छ। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा (वा मधेसी मोर्चा) र बृहत् मधेसी मोर्चा नामका दुईओटा मोर्चा छन् जो वास्तवमा थुप्रै ससाना पार्टीहरूको गठबन्धन हो।

माउ माओवादी पार्टी जस्तै मधेसी पार्टीहरू पनि मोटामोटी तवरमा निर्वाचन वा संविधानसभाको पुनःस्थापना दुवैका लागि तयार छन्। तर निर्णय कस्तो हुनेछ त्यसबाट दुई मधेसी मोर्चाहरूको सापेक्षिक शक्ति प्रभावित हुनेछ। संस्थापन विरोधी भावनाले मधेसी मतदाताबाट बढी भोट मिल्छ भन्ने हिसाबकिताब भएमा सत्ताधारी गठबन्धनमा भएका मधेसी पार्टीहरूले सरकार छाड्न सक्छन्। मधेसी पार्टीहरूमा हुन सक्ने फुटले मधेसी शक्तिहरूको पुनर्सन्तुलनमा सघाउ पुऱ्याउनेछ।[१२५]

अस्ति भर्खरसम्म पनि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चामा धेरैजसो मधेसी पार्टीहरू सामेल थिए। अहिले यो मोर्चा सरकारमा साझेदार छ र यसले सङ्घीयतासम्बन्धी सम्झौतावार्तामा माओवादी तथा जनजाति ककसलाई डटेर साथ दिएको थियो। यसको प्रतिद्वन्द्वी बृहत् मोर्चा धेरै सानो छ, तर तल्लो तहमा यसप्रतिको आकर्षण निकै राम्रो छ र यसले आफ्नो शक्ति तथा प्रभाव पनि बढाइरहेछ। बृहत् मोर्चा असन्तुष्ट माओवादीहरूको नजिक छ र यसले मधेसी पार्टीहरूको मात्रै नभई त्यसभन्दा पर्तिर गएर गठबन्धन बनाउने उद्देश्य राखेको छ। हाल यस गठबन्धनमा तीनवटा मधेसी र चारवटा गैरमधेसी पार्टीहरू सामेल छन्।[१२६] संविधानसभाको अन्त्य हुनुभन्दा अघि बृहत् मोर्चाले पूर्वदेखि पश्चिमसम्मै एउटै मधेस

---

[१२२] उपाध्यक्ष राईले १२ जून २०१२ मा एमाले पार्टी केन्द्रीय कार्यालयमा पेस गरेको राजनीतिक दस्तावेज "वर्तमान परिस्थितिमा हाम्रो मत" मा पहिचानको मुद्दामा एमालेको संलग्नताबारे व्याख्या गरेका छन्। जनजाति कार्यसूचीको मुख्य मुद्दा भनेको आईएलओ १६९ को कार्यान्वयन हो। सेप्टेम्बर २००७ मा सो महासन्धिलाई अनुमोदन गरेर नेपाल त्यसो गर्ने दक्षिण एसियाको पहिलो राष्ट्र बनेको थियो। तर त्यसलाई कार्यान्वयन गर्ने योजना भने सेप्टेम्बर २००८ देखि नै मन्त्रिपरिषद्मा गएर अड्किएको छ। "ILO 169: Nepal as a model", *Nepali Times*, १८ फेब्रुअरी २०११।

[१२३] एमालेका धेरै नेताहरूले पहिचानमा आधारित सङ्घीयताले जातीय तनाव सिर्जना गर्ने वा मुलुकलाई कमजोर पार्ने तर्क दिँदै त्यसको विपक्षमा बोल्दै आएका छन्। उदाहरणका लागि, हेर्नुहोस् "Govt hatching conspiracy to retain power: Oli", *The Himalayan Times* online edition, ७ अप्रिल २०१२ र "UML will not accept ethnic federalism", *The Kathmandu Post*, १९ डिसेम्बर २०११। थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.१।

[१२४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सञ्चारकर्मी, काठमाडौं, जुलाई २०१२। जातीय मुद्दालाई बेवास्ता गरेका कारण यसका सदस्यहरूले यसअघि पनि पार्टी छाडेका छन्। एमाले सम्बद्ध शिक्षक सङ्गठनका प्रमुख रहेका गोरेबहादुर खपाङ्गीले सन् १९९० मा प्रजातान्त्रिक व्यवस्था आएपश्चात् पार्टी छाडेर जातीय पार्टी खोलेका थिए। उनी सन् २००२ मा राजा ज्ञानेन्द्रको सरकारमा सामेल भएका थिए र उनको अहिले कुनै हैसियत छैन। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित, पृ. १०-११।

[१२५] सन् २००८ को निर्वाचन ताका चारओटा मात्र मधेसी पार्टीहरू रहेका थिए भने अहिले तिनीहरूको सङ्ख्या १४ ओटा पुगेको अनुमान छ। "मधेसी दल ६ थिए, १७ पुगे", *कान्तिपुर*, ११ जून २०१२। विभिन्न मधेसी पार्टीहरूका बारे थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *हिंसाको तापमा तराई*, माथि उल्लेखित र *नेपालको नयाँ राजनीतिक परिदृश्य*, माथि उल्लेखित, पृ. १०; र *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग ३.ङ; साथै हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया*, माथि उल्लेखित, पृ. १३ र *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, माथि उल्लेखित, पृ. १२।

[१२६] अगस्ट २०११ मा मधेसी मोर्चा सरकारमा जाँदा नौओटामध्ये पाँचओटा मधेसी पार्टी मोर्चामा सामेल थिए। छओटा मधेसी पार्टीहरू मधेसी मोर्चा वा बृहत् मोर्चा कतै पनि छैनन्। "मधेसी दल ६ थिए, १७ पुगे", माथि उल्लेखित। मधेसी जनअधिकार फोरम (नेपाल) वा मजफो (नेपाल) का एक जना नेताले ससरीमा भने, "मोहन वैद्यले मे महिनामा हाम्रो (बृहत् मधेसी मोर्चाको) विरोध प्रदर्शनलाई ठूलो समर्थन गरेकाले हामी उनीहरूसँग गठबन्धनमा जान सक्छौं।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मजफो (नेपाल) नेता, ससरी, जून २०१२। मजफो (नेपाल) का अर्का नेताले वैद्यको पार्टी पहिले स्पष्ट नीतिका साथ आउनु पर्नेमा जोड दिए, तर नयाँ माओवादी पार्टीसँगको गठबन्धनमा जान उनी तयार भएको बताए। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, पूर्व मजफो (नेपाल) का सभासद, काठमाडौं, जुलाई २०१२। माथि भाग २.ख.१ पनि हेर्नुहोस्।

हुनुपर्छ भन्ने सुरुको मागमा जोड दिएको थियो, यद्यपि ठूला मधेसी हस्तीहरूले केही समयका लागि दुई राज्यको अवधारणालाई मानेका थिए।[१२७] उपेन्द्र यादवले नेतृत्व गरेको बृहत्तर मोर्चाले नोभेम्बर २०१२ मा चुनाव गर्ने घोषणालाई असंवैधानिक भनेर भर्त्सना गर्नमा काङ्ग्रेस र एमालेको साथ दिएको थियो। यी दुवै निर्णय पछाडिका कारणमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको प्रतिवाद गर्नु त थिदै थियो, त्यसबाहेक उनीहरूको विश्वास पनि यसमा जोडिएको थियो।

संविधानसभाको अन्त्य भएपछि मधेसी मोर्चाका दुईओटा पार्टीहरू मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) फुट्न गए। मजफो (गणतान्त्रिक) को केन्द्रीय समितिको एउटा खेमाले कामु अध्यक्ष (जो वर्तमान सरकारमा सूचना मन्त्री पनि छन्) लाई हटाएपछि त्यो पार्टी १ जुलाईमा फुट्यो। "वास्तविक" पार्टीको प्रतिनिधित्व कसले गर्छ भन्नेमा दुवै खेमाबीच विवाद छ र दुवै पक्ष एकअर्कालाई निष्कासन गर्ने धम्की दिइरहेछन्।[१२८]

५ जूनका दिन त्यस बखतको सबभन्दा ठूलो मधेसी पार्टी मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) ले आफ्नो वरिष्ठ नेता शरतसिंह भण्डारीलाई पार्टीबाट निष्कासित गऱ्यो। भन्डारी ताजा निर्वाचन गर्ने घोषणाको विरुद्धमा थिए र संविधानसभाको अन्त्य हुनुअगाडि बृहत् मोर्चामा संलग्न थिए।[१२९] त्यसको केही हप्तापछि उनले राष्ट्रिय मधेस समाजवादी पार्टी खडा गरे। मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) सत्ताधारी मधेसी मोर्चासित नै रहेको छ।

पहाडे र गैरमधेसी उत्पत्तिका भण्डारी पहिलेका काङ्ग्रेसी नेता हुन् र उनले विगत वर्षमा कट्टर मधेसी अडान लिएका थिए तथा सेनामा मधेसी युवाको भर्नाको समर्थन गरेका थिए। उनको पार्टीले ती अडानहरू छाडेको छैन र गैरमधेसीहरूका लागि उनको पार्टीमा केही पदहरू सुरक्षित पनि राखिएका छन्।[१३०] यो कदम बृहत् मोर्चा र अन्य मधेसी पार्टीहरूले पूरै समावेशी नभए पनि राष्ट्रिय हैसियत प्राप्त गर्न चालेको कदमसित मिल्दोजुल्दो छ। उदाहरणका लागि, तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) जस्ता पार्टीहरूले मुगु र जुम्ला जस्ता पहाडी जिल्लाहरूमा शाखाहरू स्थापना गरेका छन्।[१३१] सबभन्दा पुरानो मधेसी पार्टी सद्भावना पार्टीले मे महिनामा जनकपुरमा भएको आफ्नो महाधिवेशनमा अन्य सीमान्तीकृत समूहहरू र त्यहाँ उपस्थित नगण्य जनजाति समर्थकहरूका पक्षमा आवाज उठाएको थियो।[१३२]

मधेसी पार्टीहरूमा भइरहेको बारम्बारको फुट र पुनर्रेखाङ्कनका धेरै कारणहरू छन्।[१३३] तर मधेसी पार्टीका नेता र कार्यकर्ताहरूको एउटा साझा ध्येय रहेको छ र उनीहरू मधेसी एजेन्डाप्रतिको निश्चित शक्तिशाली सामाजिक समर्थनबाट ठेलिएका छन्। यसको अर्थ के हो भने दुईवटा मधेसी मोर्चा र अनेक थरी मधेसी पार्टीहरूले सरकार र चुनावमा जानका लागि जुनसुकै साझेदारहरू रोजे पनि सङ्घीयतालाई समर्थन गर्ने मामिलामा भने उनीहरूको व्यवहार एउटै हुनेछ।[१३४]

राष्ट्रिय राजनीतिमा मधेसी प्रभाव एउटा स्थायी तथ्य बनेको छ। तर यो भित्रभित्रै विभेदकारी बन्दै गएको छ। जातको राजनीतिले ठूलो भूमिका खेल्दछ। उदाहरणका लागि, धेरैजसो मधेसी नेता र कार्यकर्ताहरू यादव जातका छन् र मधेसको धार्मिक परिदृश्य एकदमै विविधतापूर्ण र श्रेणीगत छ। केही राजनीतिज्ञहरू अनेक थरी मधेसी पार्टी र नेताहरूप्रतिको समर्थन जातबाट निर्धारण हुने कुरा सहजै स्वीकार्छन्।[१३५] केही

---

[१२७] तराईमा बन्ने राज्यहरूको सङ्ख्या र "एक मधेस एक प्रदेश" बारे उनीहरूको मौलिक माग सम्बन्धमा मधेसी पार्टीहरूको धारणा बुझ्नका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, पृ. १७।

[१२८] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, मजफो (गणतान्त्रिक) नेता, काठमाडौँ, जुलाई २०१२। "Yadav urges EC not to legitimize his dismissal", *Republica*, काठमाडौँ, ४ जुलाई २०१२। "फोरम गणतान्त्रिकको विस्तारित बैठक: संस्थापक अध्यक्ष गुप्तासँग सम्बन्धविच्छेद", *अन्नपूर्ण पोष्ट,* २७ जुलाई २०१२।

[१२९] "MJF-L gives Bhandari the walking ticket", *The Kathmandu Post*, ६ जून २०१२ र "Sarat Singh forms new party", *The Kathmandu Post*, २८ जून २०१२। भण्डारीलाई पार्टीबाट निष्काशन गरिएपछि मजफो (लोकतान्त्रिक) केन्द्रीय समितका धेरै जना सदस्यहरूले पार्टी अध्यक्ष तथा गृहमन्त्री विजयकुमार गच्छदारले मधेसी मुद्दाहरू छाडेको आरोप लगाउँदै पार्टीबाट राजीनामा दिए। "Nettled, 9 leaders walk out on MJF-L", *The Kathmandu Post*, ११ जून २०१२। यो समूह भण्डारीले खोलेको नयाँ पार्टीको मेरुदण्ड हो। "Bhandari announces new Terai-centric party", nepalnews.com, २८ जून २०१२। मजफो (नेपाल) ले भण्डारी अझै पनि बृहत् मधेसी मोर्चाको सदस्य रहेका दाबी गर्दछ। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, भूतपूर्व मजफो (नेपाल) सभासद, माथि उल्लेखित।

[१३०] "मधेसी दलमा पहाडेलाई आरक्षण" *नयाँ पत्रिका,* २४ जुलाई २०१२।

[१३१] "Madhesi parties reaching out to Pahadi people", *The Kathmandu Post*, २२ जुलाई २०१२।

[१३२] क्राइसिस ग्रुप ५ मेमा जनकपुरमा सम्पन्न सद्भावना पार्टीको अधिवेशन हेर्न पुगेको थियो।

[१३३] उपयोगी विश्लेषणका लागि हेर्नुहोस, "Why Madhesi parties split", *Republica*, ९ जून २०१२ र "The great Madhesi mushrooming", *The Kathmandu Post*, २० जुलाई २०११।

[१३४] जुलाईमा मधेसी मोर्चाको एउटा घटक तमलोपाले आगामी निर्वाचनका लागि एउटा संयुक्त मधेसी पार्टी निर्माण गर्ने प्रस्ताव गरेको थियो। सानासाना पार्टीका शक्तिलाई मिलाएर एउटा बलियो सङ्गठन निर्माण गर्नका लागि यो प्रयास उपयोगी हुन सक्थ्यो। तर तिनका पार्टीहरूबीच विद्यमान अनेकन् तनाव र अन्तरविरोध तथा व्यक्तित्वको विवादले गर्दा केही मधेसी नेताहरूले गठबन्धनमा मात्रै जोड दिइरहने सम्भावना देखिन्छ। उदाहरणका लागि, हेर्नुहोस् "TMDP in talks for a single Madhesi party", *Republica*, ३ अगस्ट २०१२ र "Idea of one party in Madhes draws mixed reactions", *The Kathmandu Post*, ८ जुलाई २०१२।

[१३५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, मधेसी मोर्चामा रहेका तमलोपा र सद्भावना पार्टीका वरिष्ठ सदस्यहरू, काठमाडौँ, मे-जून २०१२; मधेसी मोर्चा सम्बद्ध पार्टीका जिल्लास्तरीय कार्यकर्ताहरू, जनकपुर, मे २०१२। उपेन्द्र यादवको मजफो (नेपाल) का एक जना चर्चित सदस्यले भने, "(मधेसी) ब्राह्मणहरू तमलोपालाई भोट दिन सक्छन्, यादवहरू हामीसित र केही अन्यसित आउनेछन्। सबैका आआफ्नै रोजाइ हुनेछ। तर मधेसीले मधेसी पार्टीलाई नै भोट हाल्नेछन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौँ, जून २०१२। सर्वत्र प्रतिष्ठा भएका राजनीतिज्ञ महन्त ठाकुरले तमलोपालाई नेतृत्व दिएका छन्। यो पार्टी मधेस आन्दोलनपश्चात्

समर्थकहरू बृहत्तर मधेसी राजनीति अन्तर्गतका पार्टीहरूबाट प्रस्ट एजेन्डा चाहिरहेछन् वा संरक्षणवाद र भ्रष्टाचारका कारण आफ्ना मतदातागणप्रति उत्तरदायी हुनुको सट्टा नेताहरूको ध्यान अन्तै मोडिएकामा चिन्तित बनेका छन्।

मधेसी जनअधिकार फोरम (नेपाल) का उपेन्द्र यादव यता केही वर्षदेखि एक्ला खेलाडीका रूपमा देखिएका छन्। धेरै ठूला मधेसी राजनीतिज्ञहरूभन्दा लामो समय अघिदेखि मधेसी मुद्दामा उनी सक्रिय रहँदै आएका छन् र मधेसी जनअधिकार फोरमलाई नेतृत्व दिंदै आएका छन्, जुन फोरम धेरै पटक फुट्दै आएको छ।[१३६] यादवले गएको एक वर्ष देश भ्रमणमा र जनस्तरीय सञ्जालको सुदृढीकरण गर्नमा बिताएका छन्।[१३७] उनलाई सत्यनिष्ठा भएका व्यक्तिका रूपमा हेरिन्छ र उनले आफूलाई भारतीय संस्थापनाबाट अलग्याएको बुझिन्छ । भारतीय संस्थापनाले पनि आफ्नो वशमा नआउने भएकाले उनलाई दुत्कारेको देखिन्छ।

सङ्घीयतासम्बन्धी कुनै पनि निर्णयमा उनको सहमति आवश्यक देखिन्छ र आन्दोलन हाँक्ने उनको क्षमता र केही जनजातिहरूसितको उनको उठबसलाई हेर्दा संविधानसभा बिउँताउने या नयाँ निर्वाचन गराउनेबारेको जुनसुकै छलफलमा उनको सहभागिता जरुरी छ। केही मधेसी पार्टीहरू उनीसित मिसिन लागेकाले मधेसी मोर्चालाई चुनौती दिन सक्ने उनको शक्ति बढिरहेको छ र उनी महत्त्वपूर्ण मधेसी व्यक्तित्व बनेर देखा परिरहेका छन्। पार्टीहरूमा भइरहने फुट र मधेसी मोर्चामा हुन सक्ने पुनर्रेखाङ्कनबाट केही पार्टीहरू उनको गठबन्धनमा सामेल हुन सक्नेछन्, त्यसले उनलाई फेरि एक पटक राष्ट्रिय राजनीतिको सङ्ख्याको खेलमा एउटा खेलाडी बनाउन सक्नेछ।

## घ. उग्र दक्षिणपन्थी पार्टीहरू

अनुदारवादी पार्टीहरू राजतन्त्रसित नजिक थिए र सन् २००८ मा नेपाल हिन्दू राज्यबाट धर्मनिरपेक्ष गणतन्त्र भएपछि उनीहरूको महत्त्व घटेर गएको छ। यिनीहरूमध्ये एउटा राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) मात्र स्पष्ट राजनीतिक मञ्चमा उभिएको छ। यो प्रस्ट रूपमा राजावादी मात्र होइन राजतन्त्रवादी पनि छ र गणतन्त्र, धर्मनिरपेक्षता तथा सङ्घीयताउपर जनमत सङ्ग्रह गराउन चाहन्छ।[१३८] राजलाई फर्काउने वा नेपाललाई हिन्दू राजतन्त्रअन्तर्गत राख्ने सन् १९९० को संविधानलाई बिउँताउने सम्भावना क्षीण छ। संविधानसभा खतम भएपछि पूर्वराजा ज्ञानेन्द्र शाहले आफू सार्वजनिक जीवनमा "राजाका रूपमा" मात्र आउने बताएका थिए।[१३९] त्यसप्रति अन्य पार्टीहरूको तथा आम जनताको नकारात्मक र चिढिएको प्रतिक्रियाबाट उनको जनसमर्थन नगण्य रहेको बुझ्न सकिन्थ्यो।[१४०]

तर राप्रपा (नेपाल) प्रतिको समर्थन राजाको पुनरागमन वास्तविक अर्थमा कति सम्भव छ भन्नेमा आधारित छैन, अपितु उच्च वर्ग र उच्च जातका मानिसहरूमा सङ्घीयता, धर्मनिरपेक्षता, एजेन्डा तय गर्न नसक्ने परम्परागत पार्टीहरूको कमजोरी र संविधानसभा असफल भयो भन्ने आम धारणाबाट उत्पन्न डरबाट फाइदा लिन सक्ने पार्टीको क्षमतामाथि भर पर्छ। यसका केही समर्थकहरूको हकमा राजनीतिक हिन्दूवादले राजनीतिमा लागिरहने र सडकबाट होस् या चुनावबाट होस् जुनसुकै तरिकाबाट प्रस्तावित परिवर्तनहरूलाई रोक्ने बाटो उपलब्ध गराउँछ।

राप्रपा (नेपाल) ले कट्टर हिन्दू समूहहरूको समर्थन पाएको छ, तर त्यो समर्थनबाट स्रोतसाधन र जनपरिचालनका लागि सहयोग जुट्न सक्छ सक्दैन त्यो प्रस्ट छैन। पार्टीको विचारमा राजतन्त्रको आकर्षण परम्परागत कुलीन वर्गको सानो हिस्साभन्दा पर्तिर पनि पुगेको छ। "हामीलाई जनजातिहरूको पनि समर्थन छ। जे भए पनि सङ्घीयता र धर्मनिरपेक्षता आउनुअघि साम्प्रदायिक तनाव त थिएन", झापाका राप्रपा (नेपाल) का एक जना नेताले भने।[१४१] तर खुलेर बाहिर आएका जनजाति र अन्य समूहहरूका नजरमा पहिलेको व्यवस्था पुरानो पाराको पितृत्ववाद र घुलमिलमा जोड दिने खालको थियो र यसप्रति उनीहरू आकर्षित होलान् भन्ने देखिँदैन।

---

काङ्ग्रेसले मधेसमा आफ्नो नेतृत्व गुमाएपछि खडा भएका मधेसी पार्टीहरूमध्ये एउटा हो। उनको पार्टीले उच्च जातका मानिसलाई आकर्षित गरेको देखिए पनि ठाकुरको नाम यदाकदा राष्ट्रपति तथा प्रधानमन्त्री पदको उम्मेदवारका रूपमा लिने गरिन्छ।

[१३६] यादवले मधेसी जनअधिकार फोरमलाई सन् १९९७ मा एउटा गैससका रूपमा सुरु गरेका थिए।

[१३७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ मजफो (नेपाल) सदस्य, काठमाडौं, जून २०१२; मजफो (नेपाल) नेता, सप्तरी, जून २०१२।

[१३८] राप्रपा (नेपाल) का नेता कमल थापाले नयाँ संविधान बनाउन नसके सन् १९९० को संविधान बिउँताउनुपर्ने र उनको पार्टी संविधान नआउन्जेल मात्रै राजावादी हुन सक्ने कुरा बताए। हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ*, माथि उल्लेखित, पृ. १३। जून २०१२ को र्‍यालीमा उनले आगामी निर्वाचनले "राजालाई नागार्जुनबाट नारायणहिटीमा ल्याउनेछ" भनेका थिए। उनले यदि निर्वाचन नभएमा सन् १९९० को संविधान बिउँताउन जनता सडकमा आउनेछन् पनि भनेका थिए। मकर श्रेष्ठ, "राजा र ०४७ सालको संविधान फर्काउँछौं", *कान्तिपुर*, १० जून २०१२।

[१३९] "आए राजाकै भूमिकामाः ज्ञानेन्द्र", *राजधानी*, ४ जुलाई २०१२। पूर्वराजाको यो पहिलो स्पष्ट अभिव्यक्ति थियो। यसभन्दा अगाडि राजनीतिज्ञ र पार्टीका क्रियाकलापको आलोचना गर्नमै उनले आफूलाई सीमित राखेका थिए। "Nationality, peace, democracy in jeopardy: Ex-king", *The Himalayan Times* online edition, १ मार्च २०१२। २७ मेका दिन संविधानसभाको अन्तिम घडीमा पहिलेका राजपरिवारको औपचारिक वेबसाइट मानिएको www.nepalroyal.com वेबसाइट सञ्चालनमा आएको थियो। त्यसमा शाही परिवारका जीवित सदस्यहरूका नामको सूची र उनीहरूका पहिलेका मानपदवी समेतको उल्लेख गरिएको थियो। आफ्ना समर्थकहरूलाई ज्ञानेन्द्र शाहले दिएको भनिएको सन्देश पनि त्यसमा परेको छ। यसलाई उपर्युक्त वेबसाइटमा हेर्न सकिन्छ।

[१४०] शाहको भनाइपछि नेपाली मिडियामा विभिन्न प्रतिक्रियाको लहरै चलेको थियो र उनले राजनीतिक यथार्थ नबुझेको र उनको कुनै शाख नरहेको भनेर आलोचना गरिएको थियो। उदाहरणका लागि, हेर्नुहोस् नारायण मानन्धर, "Wishful thinking, Gyanendra", *The Kathmandu Post*, १५ जुलाई २०१२ र माधव ढुङ्गेल "पूर्वराजाको गद्दीनसीन सपना", *नागरिक*, ८ जुलाई २०१२।

[१४१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राप्रपा (नेपाल) नेता, झापा, जून २०१२।

राप्रपा (नेपाल) ले संविधानसभामा केवल चारओटा सिट जितेको थियो, तर चुनाव गर्ने घोषणालाई यसले स्वागत गरेको छ। मूलधारका पार्टी नेताहरूप्रतिको वितृष्णा र नेपालमा भइरहेको परिवर्तनप्रतिको चिन्ताको लहरबाट आफूलाई फाइदा पुग्ने पार्टीले सोचेको छ। नयाँ माओवादी पार्टीझैं यसले पनि भारतीय प्रभाव बढेको देख्छ र त्यसप्रतिको राष्ट्रवादी रोषको उपयोग गर्न खोज्छ। एमाले र काङ्ग्रेसझैं यो पार्टी पश्चिमा दाताहरूले जातीय राजनीतिमा हात हालेका छन् भनेर सशङ्कित छ। केही महिना यता यस पार्टीले अल्पमतको राजनीतिक धारणालाई प्रस्टसित आवाज दिएर वा प्रतिनिधित्व गरेर आफूलाई राष्ट्रिय हैसियतको पार्टीका रूपमा चिनाउन सापेक्षिक तवरमा सफल दाबी गरेको छ।[१४२] अरू पार्टीले राप्रपा (नेपाल) लाई सानै किन नहोस् एउटा खेलाडीका रूपमा लिनुपर्छ।

राप्रपा (नेपाल) बाहेक पहिलेको राजतन्त्रवादी राष्ट्रिय प्रजातन्त्र पार्टीका अरू दुईओटा सन्तति पनि छन्: ती हुन् राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय जनशक्ति पार्टी (राजपा)।[१४३] यी दुई पार्टीहरू एकीकरण गर्ने प्रयासमा छन्, तर जिल्ला तहमै रहेको असहमति, गुटबन्दी र दुवै पार्टीका नेतृत्वबारेको खिचोलाले गर्दा त्यो अघि बढेको छैन। दुवै पार्टी नेपाल गणतन्त्र नै रहनुपर्छ भन्ने स्वीकार्छन्।[१४४] तर उनीहरू के चाहन्छन् भन्नेबारे चाहिँ आफैं अस्पष्ट छन्। राजपाले एक प्रकारको "पश्चिमी शैली"को अनुदारवादलाई अनुकरण गर्ने खोजेको देखिन्छ, जसलाई उसले आर्थिक, सामाजिक र सांस्कृतिक मूल्यहरूमा परिभाषित गर्न खोजेको छ। ती मूल्यहरूले नेपाली सन्दर्भमा के अर्थ राख्दछन् र तिनले उसका नीतिहरूमा कस्ता प्रभाव पार्छन् त्यो स्पष्ट छैन।[१४५] राप्रपाले भने धर्मनिरपेक्षताबारे जनमत सङ्ग्रह हुनुपर्ने माग राखेको छ।

यी तीनओटै पार्टीहरू हिन्दूवादी अडानमा एकीकृत हुन सक्ने सम्भावना छ।[१४६] तर यसको मतलब त्यस उद्देश्यप्रति उनीहरूको पूर्ण विश्वास रहेको छ भन्ने होइन। उदाहरणका लागि राजपा बेलाबखत प्रजातान्त्रिक शक्तिहरूसित विशेषतः काङ्ग्रेससित गठबन्धन गर्ने कुरा गर्छ। तर त्यस्तो गठबन्धनमा यो सधैं कनिष्ठ साझेदार रहनेछ। केही गरी राजतन्त्रवादी पुराना शक्तिहरू सबै एक ठाउँमा आए भने उनीहरूले हाराहारीमा रहेर काम गर्ने मौका पाउनेछन्। राजतन्त्रवादी पार्टीहरूको हिन्दू भावनालाई आकर्षित गर्ने प्रयासमा पुरानो राज्यसत्ताको बास आउँछ र यो हिन्दूवादको बाहुबली पुनरावृत्ति हुनेछ। यसले मुलुकका केही भाग जस्तै तराईमा हाबी भएका हिन्दू-राजनीतिक-आपराधिक गठजोडलाई वा मध्य पहाडहरूमा हाबी भएका आक्रमक उच्च जातको राजनीतिलाई प्रश्रय दिन सक्छ।[१४७]

नेपाली नवदक्षिणपन्थ अथवा अनुदारवादी मध्य वा नरम दक्षिणपन्थको ठाउँ छ, जुन ठाउँ राजपा लिन चाहन्छ। तर त्यो ठाउँ काङ्ग्रेस र एमालेले ओगटिसकेका छन्। राजपासित आम जनतालाई चासो हुने सङ्घीयताबारेको आशङ्का जस्ता मुद्दाउपर जनपरिचालन गर्न सक्ने सङ्गठनात्मक क्षमताको अभाव छ। राजपा र राप्रपालाई अझै पनि लोकतान्त्रिक राजनीतिको उतारचढावप्रति कुनै सरोकार नराख्ने र पितृसुलभ व्यवहार प्रदर्शन गर्ने प्रछन्न राजावादीका रूपमा हेरिन्छ। उनीहरूको ठाउँ दक्षिणपन्थको पनि पल्लो कुनातिर पर्दछ जहाँ उनीहरू पुरानो राज्य व्यवस्थाको सुखद सम्झना लिएर पुरानै राज्यको छायावरिपरि नयाँ रूपरेखा कोर्दै बस्न सक्छन्।

---

[१४२] राप्रपा (नेपाल) ले सन् २०१२ मा देशभरि धेरै र्‍यालीहरू निकाल्यो। ती र्‍यालीहरूबाट पार्टीप्रति बृहत् समर्थनभन्दा पनि यसको लिँडेढिपी र पीँध नभेटिने थैलाको आकार प्रकट हुन्छ। अप्रिलमा प्यूठान जिल्लामा सकीनसकी डाकिएको एउटा सार्वजनिक सभा क्राइसिस ग्रुपले देखेको थियो। सभामा मुश्किलले २५० जना भेला भएका थिए, त्यसमा पनि केही सहभागी स्थानीय माओवादी थिए जो मोहन वैद्य र अन्य चर्चित कम्युनिस्ट नेताहरूको गृह जिल्लामा राजावादीहरूले के गर्लान् त भन्ने उत्सुकताले त्यहाँ आएका थिए। बरु २७ मेपछि पार्टीले ९ जूनमा राजधानीमा निकालेको र्‍यालीमा त्यसको एक दिनअगाडि काङ्ग्रेस, एमाले लगायत २७ ओटा विपक्षी पार्टीहरूले गरेको र्‍यालीमा भन्दा बढी जनसहभागिता थियो। संविधानसभाको विघटनपछि काठमाडौंमा भएका सार्वजनिक सभाहरूमा माओवादी, मधेसी र जनजाति अभियानकर्ताहरूले मिलेर सङ्घीयताको पक्षमा निकालेको र्‍याली सबैभन्दा ठूलो थियो। तर राजधानीलाई हेरेर मोफसलका मानिसहरूको विचार नाप्न सकिन्न। यसको अलावा केही पात्रहरूको सङ्गठनात्मक शक्ति र केहीको नौलोपनले गर्दा पनि सार्वजनिक भेलामा मानिस आउने गर्छन्। र्‍यालीबाट मात्रै बृहत् जनसमर्थन रहेको वा निर्वाचन जित्ने मापन गर्न मिल्दैन।

[१४३] संवैधानिक राजतन्त्रका मुख्य खेलाडीका रूपमा रहेका राप्रपा र राजपाले सन् २००८ को निर्वाचनमा ५७५ सिटहरूमध्ये क्रमशः आठ र तीन सिट मात्र जितेका थिए, ती पनि सबै समानुपातिक प्रतिनिधित्वबाट।

[१४४] राजपा र राप्रपा (नेपाल) दुवै नै राप्रपाबाट क्रमशः सन् २००५ र २००८ मा फुटेर बनेका हुन्। हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको शान्ति प्रक्रियाः टुङ्गिने छाँट देखिएको छ,* र *नेपालको लागछोड शान्ति प्रक्रिया,* दुवै माथि उल्लेखित। सन् २००८ मा निर्वाचन हुनुभन्दा अगाडि राजपा र राप्रपा दुवैले गणतन्त्रलाई समर्थन गरेका थिए र एक हदसम्म सङ्घीयतालाई पनि मानेका थिए। राजपाले जातीयतामा आधारित माथिल्लो सदनको प्रस्ताव गरेको थियो, जसमा राजतन्त्रले अभ्यास गरेको बनावटी समावेशीकरणको गन्ध पाइन्थ्यो— जातीय नेताहरूलाई ल्याउने, तर उनीहरूबाट चुनौती नहुने गरी ल्याउने। दुवै पार्टी जातीय सङ्घीयताको विरोध गर्छन्। "चुनावी घोषणापत्रको सारसङ्क्षेप", राजपा चुनावी घोषणापत्र, २००८; "घोषणपत्रः संविधानसभा निर्वाचन", राप्रपा चुनावी घोषणापत्र, २००८; र "राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रस्ताव गरेको सङ्घीयताको संरचना", राप्रपा, मिति नखुलेको।

[१४५] उदाहरणका लागि, हेर्नुहोस् "Occupy the centre", *The Kathmandu Post*, १९ अप्रिल २०१२।

[१४६] "पूर्वपञ्चहरू एक भएर चुनावमा जाने गृहकार्यमा", *नयाँ पत्रिका,* २३ जुलाई २०१२। तीनओटै पार्टीहरू एकीकृत हुने यसअघि गरिएका प्रयासहरू राप्रपा (नेपाल) ले राजावादी अडान छाड्न नचाहेको कारण असफल भएका थिए। हेर्नुहोस् "Talks to unify RPP, RJP, RPP(N) inconclusive", *Republica*, १७ नोभेम्बर २०११।

[१४७] उदाहरणका लागि, एउटा महत्त्वपूर्ण हिन्दू समूह विश्व हिन्दू महासङ्घले हिन्दू राज्यको अवधारणाप्रति समान विचार भएकाले राप्रपा (नेपाल) सँग सम्बन्ध र त्यसमा भूमिका पनि रहेको दाबी गरेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्व हिन्दू महासङ्घ सदस्य, बाँके, मे २०११। थप जानकारीका लागि, हेनुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* माथि उल्लेखित, भाग ३.घ.२।

## ४. पार्टीइतर राजनीति

### क. भविष्यका पार्टीहरू?

#### १. जनजाति पार्टी राजनीति

एउटा सम्भावित राजनीतिक परिवर्तन जनजाति नेताहरू, सक्रियतावादीहरू र प्राज्ञहरूको कोणबाट आइरहेको छ, यिनमध्ये केही नेपाल आदिवासी-जनजाति महासङ्घ (आजम) सित आबद्ध रहिआएका छन्। महासङ्घ एउटा गैरसरकारी संस्था हो र जनजाति मुद्दालाई यसले लामो समयदेखि अघि बढाउँदै आएको छ।[१४८] अगस्ट महिनामा यी मानिसहरूको समूहले जनजाति र अन्य सीमान्तीकृत समूहहरूको नयाँ पार्टी खोलेको घोषणा गरेको छ। हालका लागि त्यस पार्टीको नाम सामाजिक-लोकतान्त्रिक बहुल राष्ट्रिय पार्टी राखिएको छ। उनीहरू संविधानसभामा सबै पार्टीका जनजाति नेताहरू मिलेर बनेको जनजाति समूह (ककस) को सापेक्षिक सफलता र ताजा चुनावको सम्भावनाबाट हौसिएका छन्। यस समूहले नेतृत्व जनजातिहरूबाट गरिने भए पनि पार्टी जनजातिहरूको मात्र नहुने स्पष्ट पारेका छन्। यसले सबै सीमान्तीकृत समूहहरूको समानता र सामाजिक न्यायका लागि काम गर्ने बताएको छ।[१४९]

यो पार्टी औपचारिक तवरमा निर्वाचन आयोगमा दर्ता भइसकेको छैन। यसको नाम र घोषणापत्रचाहिँ छ, तर यसले सार्वजनिक छलफल गर्ने र सुझाउ लिने योजना राखेको छ। विशेषगरी एमालेका जनजाति नेताहरू नयाँ पार्टीप्रति शङ्काभाव राख्छन्, उनीहरूको भनाइमा पार्टीको वैचारिक प्रस्टता हुनुपर्छ र बृहत्तर राजनीतिलाई छाडेर आदिवासीपनलाई मात्र प्राथमिकतामा राख्नु उचित हुँदैन।[१५०] महासङ्घ र नयाँ पार्टीबीच औपचारिक सम्बन्ध नभए पनि महासङ्घका केही अनुभवी व्यक्तिहरू नयाँ पार्टीमा लागेका छन् र उनीहरूले सङ्गठनको बृहत् सञ्जालसितको सम्पर्कको उपयोग गर्न सक्नेछन्।[१५१] राष्ट्रिय तवरमा महासङ्घसित विभिन्न जनजाति समूहहरूको प्रतिनिधि संस्थाहरू आबद्ध छन्, जसको चुनावी राजनीतिमा खासै उपयोग छैन, भए पनि सीमित हुनेछ। तर देशभरि नै जिल्लाहरूमा राम्रो सञ्जाल छ। देशको ७५ जिल्लामध्ये ६० जिल्लामा यसका सङ्गठन छन् र लगभग ४००० गाविसमध्ये झण्डै २५०० गाउँहरूमा यसको उपस्थिति रहेको छ।[१५२]

नयाँ पार्टीलाई चुनावी रणनीति तयार पार्नु र त्यसलाई कार्यान्वयन गर्नका लागि अनुभवी राजनीतिज्ञहरूको खाँचो पर्दछ र यो केवल प्राज्ञिक अभ्यास नभई गम्भीर राजनीतिक पार्टी हो भन्ने जताउन पनि केही ठूला नामहरूको आवश्यकता पर्दछ। यसको गठनले गैरमाओवादी जनजाति नेताहरूलाई आफ्ना पार्टीबाट जातीय मुद्दामा केही गर्न लगाउने वा आफ्ना कुरा नसुनेमा पार्टी छाड्ने दबाब पर्न जान्छ।[१५३] यस पार्टीले विशेष गरेर एमालेबाट पन्छिदै गएका मध्यम तहका सङ्गठनकर्ता र जनस्तरका कार्यकर्ताहरूलाई तान्ने आशा राखेको छ।[१५४]

#### २. उपल्लो जात समूहहरू

उच्च जातको स्वार्थलाई प्रतिनिधित्व गर्ने समूहहरू जनजाति आन्दोलन जति सङ्गठित छैनन्। सङ्घीयताका पक्षधरहरू समावेशीकरणको माग गर्छन् अर्थात् राज्यका निकायहरूमा र राजनीतिमा सीमान्तीकृत समूहहरूको प्रतिनिधित्व तथा आर्थिक अवसरहरूमा पहुँच चाहन्छन्, अनि हिन्दू वर्णाश्रमको माथिल्लो तहमा रहेका बाहुन र छेत्रीहरूको परम्परागत धाक-रवाफलाई भत्काउने पक्षमा छन्। यी दुई समूहहरूले सङ्घीयता आएमा सबभन्दा ठूलो घाटा आफूलाई लाग्छ भन्ने ठानेका छन् र बेलाबखत मिलेर जुलुस प्रदर्शन गर्ने गरेका छन्। तर छेत्री सङ्गठनहरू बाहुनहरूको थिचोमिचो भएको ठान्छन् र त्यसको विरोध गर्छन्। उनीहरूलाई बाहुनकै तहमा राखेर हेर्नाले प्रतिनिधित्व र प्रभाव, प्रगतिको स्तर र अन्य सूचकाङ्कहरूमा यी दुई समूहबीच विद्यमान स्पष्ट भेदलाई नकार्ने काम भएको उनीहरू ठान्दछन्।[१५५] "बाहुन र छेत्रीलाई एउटै

---

[१४८] आदिवासी जनजाति महासङ्घ सन् १९९१ मा स्थापना भएको हो र यो जनजाति गैससहरूको प्रभावशाली छाता सङ्गठन हो। यसले अन्य कुरामध्ये अतिरिक्त जनजातिहरूलाई आदिवासीको मान्यता दिलाउन र आईएलओ महासन्धि १६९ तथा आदिवासी विषयक मुद्दाहरूउपर बहस सञ्चालन गराउनमा अहम् भूमिका खेलेको छ। यसले अन्तर्राष्ट्रिय सहयोग र अस्ति भर्खरसम्म ब्रिटिस अन्तर्राष्ट्रिय विकाससम्बन्धी विभाग (डीएफआईडी) बाट समेत सहयोग पाइरहेको थियो। तर महासङ्घले एउटा हडताल आयोजना गरेका कारण मे २०११ देखि डीएफआईडीको सहयोग पाउन छाड्यो। उक्त नियोगले यस किसिमका राजनीतिक गतिविधिका लागि विकास सहयोग दिन नमिल्ने निष्कर्ष निकालेको थियो। विकास निर्माण लगायतका कार्यमा अन्तर्राष्ट्रिय सहयोग लिँदा पहिचानमा आधारित समूहहरूलाई उनीहरूका मुद्दा "स्थानीय तहबाट जन्मिएका" होइनन् भन्ने बात लाग्ने गरेको छ। यस विषयमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.ख र ५.ख। आदिवासी कहलिने सम्बन्धमा थप जानकारीका लागि माथि ऐ.ऐ. भाग २.क.४। आईएलओ महासन्धि १६९ को बारेमा माथि हेर्नुहोस् भाग ३.ख।

[१४९] तर पार्टीको घोषणापत्रमा आत्मनिर्णयको अधिकार, स्वायत्तता, स्वशासन र परम्परागत कानुनको प्रयोगद्वारा आदिवासीका मागहरू पूरा गर्न प्रयास गर्ने भनिएको छ। "सामाजिक लोकतान्त्रिक बहुल राष्ट्रिय पार्टीको प्रस्तावित घोषणापत्र", ९ अगस्ट २०१२।

[१५०] अजम्बर काङ्बाङ्, "आदिवासीवादले बाधा उत्पन्न गर्छ", *नयाँ पत्रिका*, १३ अगस्ट २०१२।

[१५१] उदाहरणका लागि, आदिवासी जनजाति महासङ्घका पूर्व अध्यक्ष पासाङ शेर्पा अहिले महासङ्घका सल्लाहकार छन् र नयाँ पार्टीमा पनि संलग्न छन्।

[१५२] नयाँ पार्टीले मधेसी जनअधिकार फोरम (मजफो) का पार्टीहरूको सफलताबाट पाठ सिकिरहेका छन्। मजफोको सुरुआत एउटा गैससका रूपमा भएको थियो, तर भुइँ तहको सङ्गठन, बौद्धिक सम्मिश्रण, जनआन्दोलन र मूलधारका पार्टीका नेताहरू यसमा आइदिनाले यो एउटा दरिलो चुनावी शक्ति बन्न पुग्यो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अन्तर्वार्ता, जनजाति अभियानकर्ता, काठमाडौं, जून २०१२। "Existential crisis", *Republica*, ७ जुलाई २०१२।

[१५३] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, एमाले र काङ्ग्रेसका जनजाति नेताहरू, काठमाडौं, जून २०१२।

[१५४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ पार्टीका सल्लाहकार, काठमाडौं, जुलाई २०१२।

[१५५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, छेत्री आभियानकर्ताहरू, सुनसरी, नोभेम्बर, २०११; छेत्री अभियानकर्ताहरू, काठमाडौं, जनवरी २०१२। बाहुन र छेत्रीको

कोटिमा राख्नाले बाहुनहरूको थिचोमिचोलाई लम्ब्याउने काम मात्रै हुन्छ। हाम्रो एउटा उद्देश्य त बाहुनवादको विरोध हो," सुनसरीका एक जना छेत्री सक्रियतावादीले भने।[१५६]

छेत्री सङ्गठनहरूले विगत दुई वर्षमा मूलधारका राजनीतिज्ञहरूलाई समेट्ने प्रयास गरेका छन् तर त्यसमा सफल हुन सकेका छैनन्, यद्यपि राष्ट्रियस्तरका केही नेताहरूको छेत्री सङ्गठनले उठाएका मुद्दाप्रति सहानुभूति रहेको बताइन्छ।[१५७] यस्ता केही समूहहरू आफूलाई नेपाली सेनाका अवकाशप्राप्त अधिकृतहरूको समर्थन रहेको दाबी गर्छन्[१५८] र व्यापारिक क्षेत्रमार्फत स्रोतहरूमा पहुँच रहेको बताउँछन्।[१५९] छेत्री समूह, हिन्दू समूह र राजावादी समूहहरूबीच केही मिसमास छ। छेत्रीहरूलाई चुनावमा जानका लागि ठूला राजनीतिक नाम चाहिन्छ। तर स्थापित राजनीतिज्ञहरू आफ्ना पार्टी छडेर छेत्री मात्रको पार्टीमा जाने सम्भावना देखिंदैन। उनीहरूलाई मूलधारका पार्टीमा रहिरहँदा नै फाइदा छ। हो, अतिरिक्त समर्थन र जनपरिचालनका लागि उनीहरूले छेत्री समूहहरूसित सम्पर्क-सम्बन्ध भने राख्न सक्छन्।[१६०]

प्रतिनिधित्वसम्बन्धी जानकारीका लागि पादटिप्पणी १०२ हेर्नुहोस् र बाहुन-छेत्री आन्दोलका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.४।

[१५६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, खस छेत्री अभियानकर्ता, सुनसरी, जून २०१२।

[१५७] छेत्री कार्यकर्ताहरू एमालेका वरिष्ठ नेता भीम रावल सक्रिय समर्थक रहेको दाबी गर्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, छेत्री अभियानकर्ता, काठमाडौं, नोभेम्बर २०१०। विभिन्न पार्टीका नेताहरू आफूहरूलाई छेत्री आन्दोलनमा भाग लिन अनुरोध गरिएको र आफूले त्यो स्वीकार नगरेको बताउँछन्। क्राइसिस ग्रुपसँगको अन्तर्वार्ताहरू, माओवादी सभासद, काठमाडौं, जून २०१२; काङ्ग्रेस नेता, काठमाडौं, मे २०१२; राष्ट्रिय जनमोर्चाका नेता, काठमाडौं, मे २०११। फेब्रुअरी २०१२ मा काङ्ग्रेसका अर्जुननरसिंह के.सी., एमालेका भीम रावल, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर के.सी., माओवादीका बहालवाला स्थानीय विकास मन्त्री टोपबहादुर रायमाझी लगायतका वरिष्ठ नेताहरूले छेत्रीहरूलाई "अन्य" को वर्गीकरणभित्र पारिएको विरोधमा छेत्री सङ्गठनहरूले निकालेका ऱ्यालीमा बोलेका थिए। छेत्री समूहहरूले समावेशीकरणसम्बन्धी नीतिमा उनीहरूको पहिचानलाई मान्यता दिनुपर्ने, उनीहरूलाई पनि आदिवासीका रूपमा वर्गीकृत गरिनुपर्ने र जातीयताका आधारमा सङ्घीय राज्यहरू बनाउन नहुने माग गरेका थिए। "Chhetris seek 'indigenous' status in fed[eral] set-up", *The Kathmandu Post*, १३ फेब्रुअरी २०१२। राज्यद्वारा आरक्षित कोटामा पहुँचको महत्त्वबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.२।

[१५८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, छेत्री अभियानकर्ता, काठमाडौं, जनवरी २०१२। नेपाली सेनामा छेत्रीहरूको अत्यधिक प्रतिनिधित्व रहेको छ, सन् २००९ मा उनीहरूको प्रतिनिधित्व ४३.६४ प्रतिशत रहेको थियो। "State of inclusiveness in Nepalese Army", Nepal Army, available at: www.nepalarmy.mil.np/inclusiveness.php.

[१५९] एक जना नामुद छेत्री नेताको काठमाडौंमा धेरै व्यापार र उद्योगहरू छन्। काठमाडौंबाहिरका धेरै छेत्री नेताहरूको व्यापारिक पृष्ठभूमि छ। उदाहरणका लागि, पाँचथरका एक जना छेत्री कार्यकर्ता वाणिज्य सङ्घका जिल्ला अध्यक्ष पनि थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, छेत्री अभियानकर्ता, पाँचथर, नोभेम्बर, २०११।

[१६०] यस्तै खाले बाहुन सङ्गठन पनि छ जसमा प्रचण्ड पनि सदस्य रहेको गाइँगुइँ छ।

जनजाति र छेत्री समूहहरूको आआफ्ना समुदायमा बलियो हैसियत छ। दुवै समूह बन्द-हडताल गर्न सक्ने र परेमा अन्य समूहसित भिड्न सक्ने क्षमता राख्छन्। तर दुवैलाई जानेमाने राजनीतिक पात्रहरूको समर्थन आवश्यक छ। त्यति भईकन पनि जनजाति नेतृत्वको पार्टीले प्रभाव जमाउन सक्ने सम्भावना केही बढी छ, किनभने जातीय मुद्दा पटक्कै नरुचाउने परम्परागत पार्टीहरू त्यागेर आउने नेताहरूलाई यसले आफूतिर तान्न सक्छ। अर्कातिर छेत्री नेताहरूचाहिँ मूलधारमै रहेर राजनीति गर्नेछन् र जात सङ्गठनहरूमा हात मात्रै हालिराख्नेछन्।

### ख. थारू आन्दोलन

थारू समुदायलाई तराईको आदिवासी जाति मानिन्छ। थारूहरूको बसोबास थोरबहुत नेपालको पूरै मैदानी भागमा भए पनि उनीहरूको जनसङ्ख्याको ठूलो हिस्सा मध्य र सुदूरपश्चिम नेपालमा रहेको छ र ती ठाउँलाई "थारू क्षेत्र" भन्ने गरिन्छ।

समावेशीकरण र सङ्घीयतासम्बन्धी वादविवादको एकदम महत्त्वपूर्ण घडीहरूमा थारू आन्दोलन भएका छन्। तर थारू आन्दोलनकै केही सदस्यहरूको भनाइमा चाहे जनजाति आन्दोलनमा होस् चाहे मूलधारका पार्टीहरूमा होस् थारूहरूको समग्र प्रभाव उनीहरूको जनसङ्ख्या हेरी साह्रै थोरै छ।[१६१] कुनै पनि ठूला पार्टीका निर्णयकारी तहमा थारूहरू छैनन् र परम्परागत पार्टीहरूभित्र थारूका मुद्दाले जनजाति मुद्दा जति पनि महत्त्व राख्दैन।[१६२] थारू सक्रियतावादीहरूको भनाइमा आदिवासी जनजाति महासङ्घभित्रै पनि थारू र प्रभावशाली पहाडे जनजातिहरूबीच ऱ्याङठ्याङ मिल्दैन।[१६३]

आदिवासी विशेषणले थारूहरूलाई पहाडे जनजातिहरूसित जोड्दछ, तर राजनीतिक र भौगोलिक रूपमा उनीहरूका सबभन्दा नजिकका प्रतिद्वन्द्वी पनि र सहयोगी पनि मधेसीहरू हुन्।[१६४] निजामती सेवाको कोटामा थारू

[१६१] सन् २००१ को जनगणनाअनुसार थारूहरूले कुल जनसङ्ख्याको ६.७५ प्रतिशत ओगटेका छन् र थारू चौथो ठूलो जातीय समूह थिए। "राष्ट्रिय जनगणना, २०५८ (जात/जातिको जनसङ्ख्या)", माथि उल्लेखित।

[१६२] उदाहरणका लागि, नेपाली काङ्ग्रेस केन्द्रीय समितिमा चार जना र एमाले केन्द्रीय समितिमा तीन जना थारू सदस्य छन्। विभाजित हुनुअगाडिको एनेकपा (माओवादी) को केन्द्रीय समितिमा एक जना थारू सदस्य थिए, यद्यपि केन्द्रीय समितिको ठाउँमा बनेको महाधिवेशन आयोजक समितिमा चार जना थारू सदस्यहरू छन्। नेकपा-माओवादीको केन्द्रीय समितिमा भने थारू सदस्य एक जना पनि छैनन्। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, नेपाली काङ्ग्रेस केन्द्रीय समिति सदस्य, एनेकपा (माओवादी) केन्द्रीय सदस्य, नेकपा-माओवादी पोलिटब्युरो सदस्य, काठमाडौं, अगस्ट २०१२। प्रमुख दलहरूले थारू मुद्दाहरू विरलै उठाउने गरेका छन्।

[१६३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, थारू नेता, काठमाडौं, जून २०१२।

[१६४] सन् २००८ मा मधेस आन्दोलनले पूरै तराई समेट्ने एक मधेसी प्रदेशको माग उठाएपछि थारू समूहहरूले पनि मध्यदेखि नेपालको सुदूरपश्चिमसम्मको क्षेत्रलाई "थरूहट" राज्य बनाउनु पर्ने माग गर्दै आन्दोलन थाले। पछिल्ला दुई वर्षमा सङ्घीयतापर भएका गम्भीर छलफलहरूमा थरूहट राज्यले सधैं ठाउँ पाउँदै आएको छ।

समुदायलाई मधेसीहरूसित मिसाइदिनाले सन् २००९ मा थारू आन्दोलन चर्क्यो।[१६५] थारू समुदायले समावेशीकरणसम्बन्धी विधेयक मधेसीहरूको हितमा ढल्केको देखेकाले सन् २०१२ को फेब्रुअरीमा उनीहरूले फेरि जनपरिचालन गरे।[१६६] यस्तो प्रतिस्पर्धा र आफूलाई पाखा पारिने गरेको धारणा उनीहरूमा रहँदारहँदै पनि थारू समुदाय सङ्घीयताको सवालमा मधेसी, जनजाति र माओवादीहरूसित सँगसँगै उभिइरहने छन्।[१६७]

सन् २००६ देखि नै थारू राजनीति विभिन्न स्वरूपमा अभिव्यक्त हुँदै आएको छ— परेका बेला कुनै कानुन वा समूह विरुद्ध उठ्ने र फेरि सेलाउने।[१६८] उदाहरणका लागि, थारू स्वायत्त राज्य परिषद् हाललाई निष्क्रिय छ, तर मधेस आन्दोलन र निर्वाचन भएपश्चात् नोभेम्बर २००८ मा एकदम जुझारु भएको थियो र यसले आत्मरक्षाका लागि भनेर थरूहट मुक्ति सेनाको गठन पनि गरेको थियो। थरूहट तराई पार्टी अगस्ट २०११ मा गठन भएको थियो। यो कहिलेकाहीं मात्र देखा पर्छ, तर यसले थरूहट राज्य हुनुपर्ने र नेपाली सेनामा १०,००० थारूहरूलाई भर्ना गरिनुपर्ने माग राखेको छ। संयुक्त लोकतान्त्रिक थारू मोर्चा संविधानसभामा भएका थारू सदस्यहरू मिलेर अप्रिल २०१२ मा बनेको थियो र त्यसले अग्राधिकार तथा आत्मनिर्णयको अधिकारसहितको संयुक्त थरूहट राज्यको माग गरेको थियो।[१६९]

विश्रृङ्खलित र असङ्गठित भएर पनि थारू समूहहरूको राजनीतिक परिचालन गर्न सक्ने क्षमतामा त्यसबाट असर पर्दैन। केही फरक हुँदाहुँदै पनि उनीहरू गैरथारू समूहहरूसित पनि काम गरिरहेछन् र गर्नेछन्। जनयुद्ध सुरु हुनुअघि र सन् २००८ को निर्वाचनपछि थारू आन्दोलन माओवादी पार्टीसित निकट रूपमा जोडिएको थियो। मध्य र सुदूरपश्चिमको मैदानी भागबाट माओवादी सेनामा भर्ती हुनेहरूमा धेरै थारू थिए र राज्यका तर्फबाट मारिएका वा बेपत्ता पारिएका धेरै घटना यही क्षेत्रमा भएका थिए। थारू क्षेत्रबाट निर्वाचनमा माओवादी पार्टीले धेरैजसो थारू उम्मेदवारहरू उठाएको थियो र निर्वाचनमा नतिजा पनि राम्रो ल्यायो। स्थानीय तहमा माओवादी खेमाहरूसित सहयोगात्मक सम्बन्ध कायम राख्दाराख्दै पनि हालका वर्षहरूमा थारू समूहहरू स्वायत्त ढङ्गले काम गर्न थालेका छन्। उनीहरू अन्य राजनीतिक पार्टीहरूसित र पहिचानवादी समूहहरूसित राष्ट्रियस्तरमै पनि स्वतन्त्र रूपले व्यवहार गर्छन्। सुदूरपश्चिमका केही भागबारे आउँदो निर्वाचन र सङ्घीय राज्य गठन गर्दाखेरि विवाद होला, तर ती ठाउँहरूमा थारू पात्रहरू महत्त्वपूर्ण हुनेछन् र उनीहरू निर्णायक राजनीतिक खेलाडी हुन पनि सम्भव छ।

## ग. जातीय तथा क्षेत्रीय समूहहरू

जातीय राज्यका लागि लड्ने पूर्ण स्थापित जातीय समूहहरू पनि छन् जस्तै नेपालको पूर्वी पहाडका लिम्बूवान समूहहरू। अस्ति भर्खरसम्म यी समूहहरूले संविधान निर्माण प्रक्रियालाई आफ्नै प्रगतिको चिनोका रूपमा लिएका थिए। संविधानसभा नरहेपछि अब निर्वाचनलाई उनीहरूले अर्को मौकाका रूपमा हेरेका छन्। "ताजा चुनावले हामीले गरेको प्रगतिलाई र विगत केही वर्षका हाम्रो कडा परिश्रमलाई जाँच्ने मौका दिनेछ", सङ्घीय लिम्बूवान राज्य परिषद (लिङदेन) का एक जना नेताले पाँचथरमा बताए।[१७०] यही भावनालाई सुदूरपश्चिममा उच्च जातका आन्दोलनकारीहरूले व्यक्त गरेका थिए, जसले ऐतिहासिक राज्यको सिमाना दाबी गर्नलाई गएको अप्रिल र मे महिनामा आन्दोलन गरेका थिए। उनीहरूले गरेका दाबीमा त्यस्ता इलाकाहरू पनि परेका थिए जसलाई सामान्यतया थरूहट राज्यको भाग मानिन्छ।

लिम्बूवानको माग हालका वर्षहरूमा पहाडे जनजातिको शक्तिशाली आन्दोलन बनेर देखा परेको छ। यो निकै गतिलो तरिकाले विकसित हुँदै आएको छ। मधेस आन्दोलनझैं लामो समयदेखि जबर्जस्ती चन्दा असुली, "लिम्बूवान"लाई मुलुकको अन्य भागसित जोड्ने सडकका केही भागहरूउपर नियन्त्रण, हडताल र बन्द तथा बेलाबखत सरकारी प्रतिनिधिहरूलाई तारो बनाउने कामद्वारा[१७१] शक्ति प्रदर्शन गरेर यो

[१६५] तेह्र दिन लामो हडतालपछि थारूहरूको संवैधानिक र कानुनी मान्यता स्थापित गर्न सरकार सहमत भयो।

[१६६] "Bill on inclusion has Madhesi bias", *The Himalayan Times*, १५ फेब्रुअरी २०१२। समावेशी विधेयकबारे थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.२।

[१६७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, थारू नेता, काठमाडौं, जून २०१२। प्रायः थारू समूहहरू कुनै पनि राजनीतिक पार्टीहरूसँग सम्बद्ध हुँदैनन् र उनीहरूका धेरैजसो गतिविधिहरू स्थानीय रूपमा संयोजन गरिएका हुन्छन्, जस्तै मे २०१२ मा अखण्ड सुदूरपश्चिमले बन्द आह्वान गरेको प्रतिकारमा गरिएको आन्दोलन। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २.क.४।

[१६८] उदाहरणका लागि, हेर्नुहोस् "Alliance to press for Tharuhat state", *The Kathmandu Post*, २९ अप्रिल २०१२; "थरूहट-तराई पार्टी गठन", *कान्तिपुर*, १३ अगस्ट २०११। यसअघि थारू सङ्गठनहरू विशेषगरी ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) ले सन् १९९० देखि तल्लो तहको विकास र सामाजिक सशक्तीकरणमा जोड दिएका थिए। हेर्नुहोस् अर्जुन गुणरत्ने, *Many Tongues, One People: The Making of Tharu Identity in Nepal* (Ithaca, 2002), पृ. ११३-११४। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, जून २०१२। आदिवासी जनजाति महासङ्घले जस्तै "बेस" ले पनि अन्तर्राष्ट्रिय सहयोग पाएको थियो, विशेषतः संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास संस्था (युएसएआईडी) बाट। यस्ता "लक्षित सहयोग" कार्यक्रम सङ्घीयताप्रति शङ्का उठाउनेहरूका आँखामा काँढा बनेको छ। सन् १९९० को दशकमा नेपालका उच्च वर्गका धेरैले थारूहरूलाई "पछौटे" मान्थे र उनीहरूको "उत्थान" गरिनु आवश्यक ठान्थे। त्यस "उत्थान" ले प्राप्त गरेको खुला राजनीतिक अभिव्यक्तिबाट अहिले तिनै व्यक्ति असजिलो महसुस गर्छन्। दातृ संस्थाहरू र पहिचानको राजनीतिबारे थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग ५.ख।

[१६९] राजनीतिक प्राथमिकता वा अग्राधिकारका लागि जनजातिहरूले राखेका मागका सम्बन्धमा थप जानकारीका लागि, हेर्नुहोस् माथि ऐ.ऐ., भाग २.क.२।

[१७०] क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, जून २०१२। लिम्बूवान आन्दोलन, त्यसको सङ्गठन क्षमता र विग्रहका सम्भावित बिन्दुहरूका बारेमा हेर्नुहोस्, क्राइसिस ग्रुपको अन्तर्वार्ता, *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित, भाग ३.ग.१।

[१७१] पूर्वी नेपालमा लिम्बूवान समूहहरूले भविष्यमा लिम्बूवान राज्यमा पर्ने क्षेत्र भनेर ती ठाउँमा अलैंची जस्ता नगदे बालीमा केही समय यातायात "कर" उठाउने गरेका थिए। यसो गरेर उनीहरूले नगद कोष सङ्कलन गर्न र त्यस भूभागमाथि दाबी र नियन्त्रण दुवै गर्न पाए। किराँत जनवादी वर्कर्स पार्टी जस्ता पूर्वी पहाडी

आन्दोलन चुलीमा पुगेको थियो। आन्दोलनको एउटा हिस्साले बिस्तारै जुझारुपन गुमाउँदै गएको देखिएको थियो, यसका केही नेताहरू काठमाडौंमा बसेर अन्य समूहहरूसित सम्बन्ध गाँसिरहेका थिए र त्यसको आंशिक कारण त्यही थियो। व्यक्तिहरूले सितिमिति काङ्ग्रेस वा एमालेसित रहेको आफ्ना पुराना पार्टी सम्बन्धहरूलाई तोडिहाल्दैनन्। परिणामस्वरूप लिम्बूवानका स्थानीय नेताहरू कहिलेकाहीँ उनीहरूका प्रस्ताव अनुरूपको राज्य र काङ्ग्रेसले प्रस्ताव गरेको पूर्वी पहाडी राज्य उस्तै उस्तै हो भन्ने गर्छन्।[१७२]

निर्वाचन पनि नहुने र संविधानसभाको पुनःस्थापना पनि नहुने गरी लामो समयको गतिरोधले फाइदा पुर्‍याउँदैन। नेताहरू संविधानसभाको विघटनले कार्यकर्ताहरूलाई निराश पारेको गुनासो गर्छन्। संविधान पर्खेर केही नगरी महिनौंमहिना निष्क्रिय बस्नु परेबाट पनि त्यस्तै नैराश्य आएको थियो।[१७३] सङ्घीयताबारे फेरि सम्झौतावार्ता सुरु भएमा लिम्बूवान र पहिचानवादी अरू समूहहरूले पार्टीहरू र आफ्नै प्रतिनिधिहरूमाथि दबाब दिनेछन्। यदि पार्टीहरूले फेरि आयोगबाट संविधान लेखाउने कुरा गरे भने उनीहरूले आयोगका सदस्यहरूको चयनमा प्रश्न उठाउनेदेखि लिएर त्यस प्रक्रियालाई अलोकतान्त्रिक र असम्मानित बताउँदै तुरुन्तै आन्दोलन थाल्नेछन्।[१७४] यी समूहहरूले दबाब दिनलाई विगतमा उपयोग गरेकै जुक्ति उपयोग गर्नेछन्। चरम अवस्थामा उनीहरूले आफ्ना उद्देश्यको विरोधी भनिठानेका व्यक्तिहरू, उनीहरूले गैरजिम्मेवार ठानेका पार्टीका सदस्यहरू वा सरकारका प्रतीक चिन्हहरूलाई निसाना बनाउनेछन्। सङ्घीयताबारे एकअर्काका धारणालाई नमान्ने समूहहरू वा एकअर्काबाट खतरा देख्ने समूहहरूबीच हुने झडपहरू चिन्ताका विषय बन्दै गएका छन्। तर यस्ता झडपहरू गैरपार्टी पात्रहरूमा मात्र सीमित छैनन्।

नयाँ राज्यहरूको अवधारणा बृहत्तर सामाजिक संचेतनामा घुसेकाले होस् या नयाँ साँध-सिमानाबाट आफ्ना निर्वाचन क्षेत्रमा पर्न सक्ने असर नेताहरूले बुझेकाले होस् केही खासखास ठाउँहरूमा स्थानीय क्रियाशीलता देखिन थालेको छ। उदाहरणका लागि पूर्वी तराईका झापा, मोरङ, सुनसरी यी तीन जिल्ला मधेस राज्यभित्र पर्नेवाला थिए। तर मे २०१२ मा ती जिल्लाका राष्ट्रिय नेताहरूले ती जिल्लाका बहुसङ्ख्यक मानिस मधेसी नभएकाले तिनलाई छुट्टै राज्यअन्तर्गत राखिनुपर्छ भन्न थाले।[१७५] उनीहरूमा मधेसीहरूको चाहना र यी जिल्लाहरूउपर लिम्बूवानको दाबीबाट डर उत्पन्न भयो।[१७६] यसले अहिले नै आन्दोलनको लक्षण देखाइसकेको छैन। अप्रिल र मे महिनामा मैथिली संस्कृतिको संरक्षणका लागि मधेसमा मिथिला राज्यको माग राख्दै तराईको मुटु जनकपुरमा भएको आन्दोलन धेरै चलेन, तर यसका समर्थकहरूले आयोजना गरेका धर्नामा बम विस्फोट हुनाले चार जनाको ज्यान भने गयो।[१७७]

अहिलेसम्म भएका क्षेत्रीय आन्दोलनहरूमा सबभन्दा सफल "अखण्ड सुदूरपश्चिम"को माग राखेर गरिएको आन्दोलन थियो। यो आन्दोलन सन् २०१० मा सानो हिसाबमा सुरु भएको थियो र अहिले यसलाई काङ्ग्रेस, एमाले र माओवादी पार्टीका केही वरिष्ठ नेताहरूको समर्थन प्राप्त छ। अखण्ड सुदूरपश्चिमका प्रवर्तकहरूमा धेरैजसो उच्च जातका मानिसहरू छन् र उनीहरू सङ्घीयताको पक्षमा रहेको दाबी गर्छन्। त्यो किनभने त्यस क्षेत्रमा उनीहरूको नियन्त्रण हुनेमा र उनीहरू अझ प्रभावशाली हुनेमा उनीहरू विश्वस्त छन्।[१७८] त्यसमा लागेका आन्दोलनकारीहरू त्यस क्षेत्रको ऐतिहासिक र क्षेत्रीय वैशिष्ट्य देखाउनलाई पहिचानको राजनीतिको भाषा बोल्छन्। "हाम्रो आन्दोलन हाम्रो अद्वितीय संस्कृति र समाजमा आधारित छ तथा हाम्रो क्षेत्रीय पहिचान खतरामा परेकाले

---

इलाकामा भूमिगत रूपमा सक्रिय केही लडाकू समूहहरू बृहत्तर "किराँत" राज्यको माग गरिरहेका छन् र उनीहरूले विगतमा प्रहरी चौकीहरूमाथि हमला गरेका थिए र राज्यको प्रतिनिधि भनेर गाविस सचिवहरूलाई धम्की दिने गरेका थिए। पहिलो कार्बाही सुरुको माओवादी शैलीको अनुसरण हो भने दोस्रोचाहिँ मधेस आन्दोलनपछि तराईमा देखा परेका थुप्रै सशस्त्र गिरोहहरूको नकल हो। यस क्षेत्रमा स्थानीय तवरमा तयार पारिएका विस्फोटक पदार्थहरू बेलाबखत सरकारी कार्यालयहरूमा पड्किने गरेका छन्, यद्यपि हताहत भने विरलै भएका छन्।

[१७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लिम्बूवानका नेताहरू र अभियानकर्ताहरू, सुनसरी, जून २०१२।

[१७३] "(संविधानसभाको अवसान भएबाट) हाम्रा धेरै कार्यकर्ताहरू रिसाएका छन्। तर हामी उनीहरूलाई थामथुम पार्ने कोसिस गर्दैछौं", क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, लिम्बूवान नेता, सुनसरी, मे २०१२।

[१७४] यस्तो आयोगबारे काङ्ग्रेसका नेताहरूका साथै मोहन वैद्य लगायतका माओवादीहरू समेतले कुरा उठाइसकेका छन्। एक जना जनजाति नेताले त्यस्तो आयोग समावेशी अथवा प्रतिनिधिमूलक हुन नसक्ने र त्यसबाट सडक आन्दोलन मात्र बढ्ने दाबी गरे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१२।

[१७५] यी क्षेत्रहरूका बेग्लै ऐतिहासिक पहिचान भएको मानिन्छ र माओवादीको सुरुको प्रस्तावमा यिनलाई कोच वा कोचिला राज्य भनिएको थियो। त्यस क्षेत्रलाई मधेसी आदिवासी समूह राजवंशीले आफ्नो थातथलो भनेर दाबी गर्दै त्यहाँ अगुवाइ गरिरहेको छ।

[१७६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राष्ट्रिय तहका वार्ताकार, काठमाडौं, जून २०१२, काङ्ग्रेसी नेताहरू, एमाले नेताहरू, सञ्चारकर्मीहरू, व्यापारीहरू, मानवअधिकार-कर्मीहरू, सुनसरी, झापा, जून २०१२।

[१७७] आन्दोलनको धर्ना कार्यक्रममा विस्फोट भयो। एक प्रसिद्ध नाट्य कलाकार लगायत चार जना मानिस विस्फोटमा मारिए। "जनकपुरमा धर्नास्थलमा विस्फोट", *कान्तिपुर*, १ मे २०१२। तराईको एउटा भूमिगत सशस्त्र समूहले त्यस घटनाको जिम्मेवारी लिए तापनि आम रायमा सङ्घीयता विरोधी समूहहरूद्वारा त्यो गराइएको थियो। जनकपुरमा त्यसबारे धेरै चर्चा-परिचर्चा भए। सम्बन्धित समूहले प्रचार पाउन घटना गराएको चर्चा पनि चलेको थियो। ती कुनै पनि भनाइलाई पुष्टि गर्ने प्रमाणहरू छैनन्। मैथिलीभाषी ब्राह्मणहरू पूर्वी तराईमा प्रभावशाली समुदाय रहिआएका छन्। आन्दोलनका प्रतिनिधिहरूको भनाइमा मैथिली संस्कृति अद्वितीय छ र जनकपुर क्षेत्रसँग त्यसको गहिरो ऐतिहासिक सम्बन्ध रहेको छ। त्यस समुदायका केही सदस्यहरू यादव समुदायको राजनीतिक उदयबाट त्रसित भएका बताइन्छ। यस क्षेत्रका गैरब्राह्मण समुदायका सदस्यहरूले बताएअनुसार मैथिली संस्कृतिको संरक्षण गर्ने आन्दोलनले ब्राह्मणहरूले बोल्ने भाषाको सर्वोच्चतालाई कायम राख्ने काम गर्‍यो र त्यसप्रति आम जनसमर्थन रहेको छैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मिथिला आन्दोलनका अभियानकर्ताहरू, मधेसी पार्टी, माओवादीहरू, जनकपुर, मे २०१२।

[१७८] यसका अभियानकर्ताहरू जातको प्रधानता जनाउने खालका वक्तव्य बाहिर नआओस् भन्नेमा सजग छन्। विगतमा केही छेत्री सङ्गठनहरूले जातीय आधारमा राज्य पुनर्संरचना गर्ने हो भने उनीहरूको समुदायको राज्य सुदूरपश्चिम नेपाल हुनुपर्छ भनेका थिए। "खस आन्दोलनः अध्ययन र विवेचना", खस क्षेत्री एकता समाज, मार्च २०१२।

हामीले आन्दोलन गरेका हौं", सुदूरपश्चिमको आन्दोलनमा लागेका डोटी जिल्लाका एक जना आन्दोलनकारीले बताए।[१७९] उनीहरू के पनि दाबी गर्छन् भने सुदूरपश्चिम पहाडका कैयौं परिवारको सम्पत्ति तथा व्यापार मैदानी भागमा छ र उनीहरू पहाड र तराई गरी समय बिताउँछन्।[१८०] धेरै जना राष्ट्रिय वा राष्ट्रिय तहका नेताहरूका घर पहाडमा छन् तर उनीहरूका निर्वाचन क्षेत्र मैदानमा वा मैदान झर्ने मध्य बाटामा छन्। पूर्वी तराईमा झैं यस कुराले राष्ट्रिय पार्टीहरूले सम्झौतावार्तामा लिने अडानलाई प्रभावित पार्दछ।

जातीय आन्दोलनकारीहरू अखण्ड सुदूरपश्चिमको आन्दोलन र क्षेत्रफलबारे पूर्वी तराईमा उठेको खिचलो वास्तवमा सङ्घीयताबारेको सम्झौतावार्तामा पहिचानको महत्त्वलाई धमिल्याएर उच्च जातका चिन्ता-चासोलाई सामुन्ने ल्याउने मकसदले उठाइएको हो भन्ने तर्क गर्छन्। तर के पनि भन्न सकिन्छ भने विशेषगरी सुदूरपश्चिमको आन्दोलनले "पहिचान"को महत्त्वलाई स्वीकारेको छ, यद्यपि त्यसको प्रयोग बेग्लै प्रकारले गरिएको छ। त्यहाँ उच्च जात समूहहरूको जोड जात र जातीयताको पहिचानमा नभई क्षेत्रीय पहिचानमा रहेको छ। बाहुन र छेत्रीहरू देशभरि नै छरिएर रहेका छन्, तापनि केही यस्ता क्षेत्रहरू छन् जहाँ उनीहरूको उपस्थिति प्रभुत्वशाली छ र ती ठाउँसित उनीहरूको लामो ऐतिहासिक र सांस्कृतिक सम्बन्ध रहेको छ। सुदूरपश्चिम सबभन्दा राम्रो उदाहरण हो, त्यहाँको जनसङ्ख्याको बनोटमा अत्यधिक रूपमा हिन्दू जात समूहहरू छन् जस्तै बाहुन, छेत्री, ठकुरी र दलितहरू। दलित वा "अछुत" जातका मानिसहरू आन्दोलनमा सहभागी बनेका छैनन्, तसर्थ यो वस्तुतः उच्च जातद्वारा चलाइएको आन्दोलन हो। त्यसैगरी काठमाडौंमा ठूला नेताहरूले तराईको पूर्वी भागलाई मधेसी राज्यबाट छुट्याउने जोड दिने कारण ती इलाका स्थानीय आदिवासीहरूको ऐतिहासिक बासस्थान भएकाले तिनलाई उनीहरूकै नाम दिएर सीमाङ्कन पनि त्यसै अनुरूप गरिनु र्छ भनेर होइन। अपितु, त्यसपछाडिको मकसद मधेसी राज्यहरूलाई सकेसम्म सानो बनाउनु हो।

अखण्ड सुदूरपश्चिमको मुद्दालाई हल्का तरिकाले लिइनु हुँदैन। थरूहट राज्यको हिस्सा मानिने सुदूरपश्चिम तराईका कन्चनपुर र कैलाली जिल्लाका भागउपर दाबी गर्ने राजनीतिज्ञ र आन्दोलनकारीहरूले आफ्ना थारू छिमेकीहरूप्रतिको धारणामा पुनर्विचार गर्नुपर्छ। कुराकानीका सिलसिलामा "हामीले थारूहरूलाई दबाएका नै हौं र उनीहरूले केही सुविधा-सहुलियत तथा विशेष इलाका पाउनैपर्छ। उनीहरू खाँट्टी आदिवासी हुन् र पिछडिएका छन्" भन्ने उक्ति बरोबर सुन्न पाइन्छ।[१८१] यस भनाइमा थारू आन्दोलनकारीहरू आफूहरूलाई अत्यन्त दमित र अर्ध-जङ्गली अवस्थाका समुदायका रूपमा चित्रण गरेर तिनलाई संरक्षण गरिनुपर्छ भन्ने दयाभाव पाउँछन् र भन्छन् उनीहरू आफ्ना अधिकार चाहन्छन् पितृवत सहिष्णुता होइन।[१८२]

## घ. लडाकू उग्र दक्षिणपन्थ

संविधानसभाको अन्त्यबाट पार्टीमा सङ्गठित नभएका अनेक थरीका दक्षिणपन्थी शक्तिहरूमा निकै साहस थपिएको हुनुपर्छ। यस परिदृश्यमा केही निश्चित बिन्दुहरू भने प्रस्ट देखिन्छन् जस्तै शिवसेना नेपाल र विश्व हिन्दू महासङ्घ प्रभृति कट्टर हिन्दू समूहहरू। विश्व हिन्दू महासङ्घको पहिलेका शाही परिवारसित पुरानो सम्बन्ध गाँसिएको छ र नेपाललाई फेरि हिन्दू राज्य बनाउन माग गर्ने राप्रपा (नेपाल) र छेत्री सङ्गठनहरूसित पनि यसको सम्बन्ध रहेको बताइन्छ।[१८३] शिवसेना निकै लडाकू प्रवृत्तिको छ र आलङ्कारिक भूमिकाकै भए पनि हिन्दू राजासहितको हिन्दू राज्य हुनुपर्ने माग उसको छ। यसले कहिलेकाहीं हिंसाको धम्की दिने गर्छ र यदाकदा त्यसलाई प्रकट पनि गर्छ।[१८४] हालका वर्षहरूमा थोरै नै भए पनि जे जति साम्प्रदायिक हिंसाका घटना भएका छन् तिनमा यी समूहहरूका हात रहेको छ वा हात रहेको दाबी गरिएको छ, विशेषगरी मुस्लिमहरूका विरुद्ध। मे २०१२ मा पहिचानमा आधारित सङ्घीयताको विरोधमा र आफ्ना लागि आदिवासीको हैसियतको माग गर्दै प्रदर्शनहरू नगरुन्जेल छेत्री सङ्गठनहरू जस्ता उच्च जात समूहहरू लडाकू देखिएका थिएनन्।[१८५]

---

[१७९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सुदूरपश्चिमका अभियानकर्ता, डोटी, अप्रिल २०१२।

[१८०] अभियानकर्ताहरूका मनमा के डर थियो भने उनीहरूका जग्गाजमिन थारू राज्यमा पर्न गएको खण्डमा त्यहाँ आउजाउ गर्न उनीहरूलाई अप्ठेरो पर्छ र उनीहरूको स्वामित्वमा पनि चुनौती आउन सक्छ। सुदूरपश्चिमका धेरै नेताहरू जस्तै, माओवादीका लेखराज भट्ट, एमालेका भीम रावल र काङ्ग्रेसका शेरबहादुर देउवा तथा रमेश लेखक अखण्ड सुदूरपश्चिम राज्यको पक्षमा छन्। भट्ट र लेखकले मे महिनामा निकालिएका र्‍यालीहरूमा बोलेका थिए र उनीहरूले आन्दोलनकारीको माग पूरा गर्न सरकारलाई दबाब दिएका थिए। "Leaders set condition to lift Far-West strike", ekantipur.com, ७ मे २०१२। अभियानकर्ताहरू सुदूरपश्चिमको अद्वितीय संस्कृति, परम्परा र भाषिकामा जोड दिने गर्छन्। उदाहरणार्थ, डोटी जिल्लाका बासिन्दाहरू डोटेली भाषालाई क्षेत्रीय गौरवको स्रोत मान्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, डडेलधुरा, डोटी, कञ्चनपुर, कैलाली, अप्रिल २०१२। मधेसी र जनजाति अभियानकर्ताहरूलाई झैं उनीहरूमाथि जातीय आधारको सङ्घीयता मागेको र देश टुक्र्याउन खोजेको आरोप लाग्ने गरेको छैन।

[१८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सुदूरपश्चिमका सङ्गठनकर्ता, डोटी, अप्रिल २०१२।

[१८२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, थारू अभियानकर्ता काठमाडौं, जून २०१२।

[१८३] नेपालको जनसङ्ख्याको झन्डै ८० प्रतिशत हिन्दूहरू छन् र सन् २००८ सम्म नेपाल विश्वको एक मात्र हिन्दू राज्य थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, छेत्री अभियानकर्ता, अगस्ट २०११। क्राइसिस ग्रुपको रिपोर्ट पनि हेर्नुहोस् *नेपालः पहिचानको राजनीति र सङ्घीयता*, माथि उल्लेखित।

[१८४] उदाहरणका लागि, शिवसेनाका एक जना नेताले नयाँ संविधानमा धर्मनिरपेक्षता राखिएको खण्डमा उनीहरूले हतियार उठाउन सक्ने बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, शिवसेना नेपालका नेता, काठमाडौं, नोभेम्बर २०११। मे २००९ मा नेपाल डिफेन्स आर्मी नामको हिन्दू अतिवादी एक समूहले ललितपुरको एउटा चर्चमा बम विस्फोटन गराएको थियो, जसमा तीन जनाको ज्यान गएको थियो।

[१८५] थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग ४.ग र भाग ४.क। मेको अन्त्यतिर पोखरा सहरमा छेत्री अभियानकर्ताहरूको जनजाति अभियानकर्ताहरूसँग झडप भएको थियो र छेत्री

लडाकू उग्र दक्षिणपन्थलाई हिन्दू, राजावादी र उपल्ला जातका अन्योन्याश्रित स्वार्थहरूको सञ्जाल भनेर बुझ्नु बढी सटिक हुन्छ जो सबै प्रायशः स्थानीय दादाहरूको एउटा सानो झुन्डलाई नै उपयोग गर्ने गर्छन्। केही समूहहरूका लागि, विशेषतः क्षेत्रीय स्वार्थ बोकेका समूहहरूका लागि मूलधारको राजनीतिमा भर पर्नु बढी युक्तिसङ्गत ठहरिनेछ, किनभने त्यसबाट नौलो प्रणालीमा उनीहरूलाई राज्यसत्ता र सेवाहरूमा गतिलो पहुँच मिल्छ। नेपाली सेना जस्ता हिन्दू राजतन्त्रप्रति परम्परागत रूपमा सहानुभूति राख्ने राज्य सङ्गठनहरूबाट यस्ता कुनै पनि समूहहरूलाई सोझै समर्थन मिल्ने सम्भावना छैन।

अभियानकर्ताहरूले सन् १९९० को संविधानको पक्षमा न्याली निकाल्नमा सघाउ पुऱ्याएका थिए।

## ५. साना राजनीतिक पात्रहरू

### क. दलित आन्दोलन

नेपालका दलितहरू मुलुकका सबैभन्दा सुविधाविहीन हुनाका साथै भेदभावको सिकार पनि रहँदै आएका छन्। राज्यको पुनर्संरचनाबाट एकदमै थोरै मात्र लाभ पाउने पनि उनीहरू नै हुन्, किनभने उनीहरूको आफ्नै भौगोलिक इलाका छैन र जनसाङ्ख्यिक बढत पनि छैन। सङ्घीयतासम्बन्धी आयोगले गरेको "गैरभौगोलिक" राज्यको सुझाउ समस्यायुक्त छ। यसको एउटा असर त के हुन्छ भने दलितका लागि मात्रै भनेर संस्थाहरूको स्थापना गर्नुपर्ने हुन्छ। त्यसले दलित समूहहरूलाई जनसङ्ख्याको बाँकी हिस्साबाट अहिलेभन्दा झनै बढी अलग्याउँछ।[१८६] दलित समुदायले आफूलाई आक्रामक ढङ्गले परिचालित गरेको छैन। दलित र केही हदसम्म थारू समुदायको पनि अन्य सीमान्तीकृत र पहिचान चाहने समूहहरूसितको सम्बन्ध केही असुविधाजनक रहँदै आएको छ। उदाहरणका लागि, धेरै जनजाति समूहहरूले हिन्दू वर्णव्यवस्थाकै अभ्यास अँगालेका छन् र दलितहरूप्रति उनीहरूको व्यवहार पनि भेदभावयुक्त छ।

दलित आन्दोलन अहिलेसम्म राजनीतिक किनारामा नै छ, तर पनि राष्ट्रिय रूपमा यसले केही उपलब्धि प्राप्त गर्न सकेको छ। अन्य सीमान्तीकृत समूहहरूझैं दलितहरूले पनि संविधानसभाको चुनावमा लागू गरिएको समानुपातिक प्रतिनिधित्वबाट लाभ पाए।[१८७] सम्भवतः आन्दोलनको सबभन्दा ठूलो उपलब्धि भनेको मे २०११ मा छुवाछुत र जात आधारित भेदभाव गर्ने कार्यलाई फौजदारी अपराध मान्ने कानुन आउनु हो।[१८८] एक जना आन्दोलनकारीका अनुसार दलितहरूले संविधानसभाबाट अन्य तरिकाले पनि लाभ पाए, तर "संयोगले"। उनले भने, "उदाहरणका

[१८६] नियत राम्रो हुँदाहुँदै पनि राज्य पुनर्संरचना आयोग (दलित सभासदहरूले विरोध गरेपछि मात्र त्यसमा दलितको प्रतिनिधित्व गराइएको थियो) ले गरेको प्रस्तावबाट अन्य सामाजिक समूहबाट दलितहरूलाई अलग्याउने कानुनी बाटो खोल्ने डर धेरै जनालाई थियो। यस विचारलाई माओवादी नेता खड्गबहादुर विश्वकर्माले "आयातित षडयन्त्र" भनेका थिए। "Non-territorial federalism an imported conspiracy", *The Kathmandu Post*, १३ फेब्रुअरी २०१२।

[१८७] सन् १९९२ को प्रतिनिधिसभामा एक जना दलित सांसद थिए तथा सन् १९९५ र १९९९ को विधायिकामा एक जना पनि दलित प्रतिनिधि थिएनन्। सन् २००६ को अन्तरिम संसदमा १८ जना दलित सांसद थिए भने सन् २००८ को संविधानसभामा ५० जना दलित सभासद चुनिएका थिए। सुभाष दर्नाल, *A Land of Our Own* (काठमाडौं, २००९), पृ. १५।

[१८८] छुवाछुतलाई सन् १९६३ को मुलुकी ऐनले प्रथम पटक गैरकानुनी घोषित गरेको थियो। सन् २०११ मा आएको जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन किन पनि महत्त्वपूर्ण थियो भने त्यसले कस्ता व्यवहार जातमा आधारित भेदभाव र छुवाछुत ठहरिन्छन् तिनको उल्लेख गरेको थियो र सार्वजनिक र निजी दुवै ठाउँमा छुवाछुतमाथि रोक लगाएको थियो। त्यसमा तीन वर्षसम्मको कैदसजाय पनि तोकिएको छ। त्यस कानुनमा अपराधीबाट पीडितले क्षतिपूर्ति पाउने प्रावधान पनि राखिएको छ। जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन २०११।

लागि, मधेसीहरूले जबजब आफ्ना अधिकारको माग गर्दछन् राजनीतिक नेताहरू (अरू पार्टीका) साँच्चिकै सीमान्तीकृत त दलितहरू छन् र उनीहरूलाई पनि अधिकार दिनुपर्छ भन्छन्। अनि त्यस प्रकार पार्टीहरूले यत्तिकै हामीलाई पनि केही दिने वचन दिन्छन्"।[१८९]

दलितहरूमा परिणामलाई प्रभावित पार्न सक्ने अति सीमित क्षमता भए पनि केही आन्दोलनकारीको भनाइमा संविधानसभाको अन्त्य "अन्य समुदायका लागि भन्दा दलित समुदायका लागि दुर्भाग्यपूर्ण थियो"।[१९०] संविधानसभाअन्तर्गत विभिन्न संवैधानिक विषयहरूमा कार्य गरिरहेका ससाना समितिहरूले दलितहरूका लागि विशेष अधिकारको बन्दोबस्त मिलाइरहेका थिए। अब ती विषयहरूमा फेरि सम्झौता गर्नुपर्ने हुन आउँछ वा ती विषयहरूबारे कुरै नउठ्न सक्छ भन्ने चिन्ता छ।[१९१]

नेपालको जनसङ्ख्यामा दलितहरूको हिस्सा निकै ठूलो छ।[१९२] तर धेरै कुराहरूले उनीहरूलाई राजनीतिक रूपमा सङ्गठित हुनबाट रोकेका छन्। दलितको जनसङ्ख्या मुलुकभरि नै छरिएका छन् र उनीहरूको कुनै निश्चित भूभागउपर दाबी छैन न त सङ्घीय राज्यको माग नै उनीहरूले उठाएका छन्।[१९३] यो तथ्य जनसाङ्ख्यिक र चुनावी लाभ खोज्ने नेताहरूका लागि त्यति आकर्षक छैन। एउटा समूहका रूपमा परिचालित हुनलाई दलितहरूका सामु धेरै साहा-गाह्रा छन्। दलित समुदायभित्रै एकआपसमा भेदभाव व्याप्त छ, मधेसी दलित पहाडे दलितभन्दा बढी भेदभावका सिकार छन् र यी दुई समुदायबीच समान कुराहरू अति थोरै छन्। त्यसबाहेक, दलित को हो भन्ने परिभाषा नै अस्पष्ट रहेको छ।[१९४]

संविधानसभामा दलित समूह वा दलित ककस रहेको थियो, तर ककसका सदस्यहरूमा धेरै जना ककसप्रति भन्दा बढी आफ्ना पार्टीप्रति निष्ठावान् थिए। यसो हुनाको कारण के थियो भने धेरै पार्टीहरूले कोटाको नियम पूरा गर्नलाई आफ्ना विचार राख्ने खालका नभई जे भने पनि मान्ने सीधासोझालाई मनोनीत गरेका थिए।[१९५] नयाँ संविधानसभामा या कुनै पनि नयाँ प्रणालीमा यदि यही रवैया कायम रहने हो भने राष्ट्रियस्तरमा एउटा राजनीतिक शक्तिका रूपमा सङ्गठित हुन दलितहरूलाई गाह्रो पर्नेछ। दलित नेताहरूले पहिचानवादी समूहहरूलाई समर्थन गरेबापत उनीहरूबाट दलितहरूका लागि सकारात्मक कार्य तथा समावेशीमूलक नीतिहरू ल्याउने ग्यारेन्टी लिन सक्नेछन्, तर त्यसका लागि यी विषयहरूमा साझा धारणा बनाउनु आवश्यक हुनेछ।[१९६] त्यतिन्जेल दलित समुदाय परम्परागत पार्टीहरूका घरपालुवा अल्पसङ्ख्यकको हैसियतमा रहनेछन् र उनीहरूलाई ती पार्टीहरूले शक्तिशाली मधेसी र जनजाति समूहहरूका दाबीलाई मत्थर पार्ने वा घटाउने काममा उपयोग गरिरहनेछन्।

## ख. महिला समूहहरू

अन्य समूहहरूझैं संविधानसभामा महिलाहरूको पनि ककस वा समूह बनेको थियो र संविधानउपर कार्य गर्ने धेरै समितिहरूमा महिला सदस्यहरू रहेका थिए। तर दलित सदस्यहरूको हकमा झैं महिला सदस्यहरू पनि पार्टीप्रतिको बफादारीबाट दबेका थिए, किनभने आफ्नो राजनीतिक जीवनलाई अघि बढाउन उनीहरूलाई नेताहरूको समर्थन आवश्यक पर्दछ।[१९७]

---

[१८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दलित अभियानकर्ता, काठमाडौं, जुलाई २०१२। उपल्ला जातका हिन्दूहरूलाई आदिवासीका रूपमा वर्गीकृत गराउनुपर्ने मागमा दलितहरूका मागलाई पनि मिसाइएको थियो। यसमा कुनै गतिला दलित सङ्गठन सामेल थिएनन्। बाहुन र छेत्रीहरू सीमान्तीकृत समूहहरूको विरोधमा देखिन नचाहेकाले उनीहरूले दलितका मागलाई पनि उठाइ टोपलेका थिए। यसबारेमा थप जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट *नेपालको संविधान (१)*, माथि उल्लेखित, भाग २. क. ४।

[१९०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दलित अभियानकर्ता, काठमाडौं, जुलाई २०१२।

[१९१] उदाहरणका लागि, राज्य पुनर्संरचना तथा शक्ति बाँडफाँड समितिले दलितहरूका लागि "सङ्घीय राज्य र स्थानीय तहमा जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व" को प्रावधान राखेको थियो। "Confusion in Dalit Transformation in the New Constitution of Nepal", समता फाउन्डेसन, सेप्टेम्बर २०१०।

[१९२] सन् २००१ को जनगणनामा कुल जनसङ्ख्यामा दलितहरूको सङ्ख्या १२.८२ प्रतिशत थियो। "Dalits and Labour in Nepal: Discrimination and Forced Labour",आईएलओ, २००५। तर सन् २००७ मा गरिएको निजामती सेवा ऐनको संशोधनमा दलितका लागि ४.०५ प्रतिशत मात्र कोटा छुट्याएको थियो।

[१९३] "हामीहरू न भूगोलबिनाको राज्य चाहन्छौं न त भूगोलसहितको राज्य" एक जना दलित अभियानकर्ताले बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दलित अभियानकर्ता, काठमाडौं, जुलाई २०१२।

[१९४] दलित पहिचानबारे उपयोगी विश्लेषण र दलित पहिचानको पुनर्परिभाषाको आवश्यकताबारे, हेर्नुहोस् "Voices from the powwow", *The Kathmandu Post*, ३० जून २०१०। दलितहरूबीच विद्यमान भेदभावलाई नजिकबाट नियाल्नका लागि हेर्नुहोस् "Fragmented voices", *The Kathmandu Post*, १४ नोभेम्बर २०११। सामाजिक अवहेलनाबाट जोगिन केही दलितहरूले सन् २०११ को जनगणनामा आफूलाई बाहुन भनेर लेखाएका थिए। "Dalits hiding their castes", *The Kathmandu Post*, २३ जून २०११। पहाडे दलितहरूबाट मधेसी दलितहरूप्रति गरिने भेदभावको इतिहास पनि लामो छ।

[१९५] "पार्टीहरूले सन् २००८ को निर्वाचनमा राजनीनिक दृष्टिले सबैभन्दा कमजोर उम्मेदवारहरूलाई छानेका थिए। त्यसो गर्नाले ती दलित नेताहरू आआफ्ना पार्टीप्रति कृतज्ञ रहन गए र उनीहरू पार्टी लाइन छाड्न डराउँथे", एक जना दलित अभियानकर्ताले भने। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दलित अभियानकर्ता, काठमाडौं, जुलाई २०१२। दलित ककसको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि भनेको डिसेम्बर २०११ मा उपल्ला जातका मानिसहरूद्वारा गरिएको एक जना दलित युवाको हत्याको विरोधमा संसद चल्न नदिनु र फेब्रुअरीमा राज्य पुनर्संरचना आयोगले गरेको उनीहरूलाई भूभागबिनाको सङ्घीय राज्य दिने प्रस्तावको विरोध गर्नु थियो। "Cabinet provides Rs 1m to bereaved Dalit family", *The Kathmandu Post*, २८ डिसेम्बर २०११। ५० जना दलित सभासदहरूमध्ये एक जना मात्र दलितहरूको पार्टी दलित जनजाति पार्टीसित सम्बद्ध थिए। "Confusion in Dalit Transformation in the New Constitution of Nepal", माथि उल्लेखित, पृ. १०।

[१९६] थप जानकारीका लागि, हेर्नुहोस् प्रशान्त झा, "Stripped of dignity", *The Kathmandu Post*, १ अगस्ट २०१२।

[१९७] यो खण्ड सम्झौतावार्तामा संलग्न एमाले र काङ्ग्रेसका सदस्य तथा माओवादी नेतासँग अप्रिल-मे २०१२ मा काठमाडौंमा गरिएको अन्तर्वार्तामा आधारित छ।

तर यो ककस बडो अनौठो गरी असफल रह्यो। नयाँ संविधानमा नागरिकताको प्रावधानबारे गहिरो मतभेद रहेको थियो। पार्टीहरूद्वारा अनुमोदित मस्यौदामा कुनै व्यक्ति नेपाली नागरिक हुनाका लागि आमा र बाबु दुवै जना नेपाली नागरिक हुनु अनिवार्य गरिएको थियो। यस्तो प्रावधानले नेपाली एकल आमाका धेरै छोराछोरीलाई राज्यविहीन बनाउने पक्का छ।

अहिलेको अवस्थामा पिताको कारणबाट वंशजको नाताले नागरिकता पितामार्फत मात्र प्राप्त गर्न सकिन्छ। आमाको तर्फबाट पनि नागरिकता पाउने व्यवस्था गरेर यस प्रावधानको संशोधन गरिनु राम्रो उपाय हो। तर त्यसको विरोध दुईतर्फबाट आयो। मूलधारका पार्टीका "राष्ट्रवादी" सदस्यहरूको अडान आमाबाबु दुवै जना नेपाली नागरिक हुनुपर्नेमा थियो, उनीहरूको चिन्ता नेपालमा विवाहको माध्यमबाट नेपाली नागरिकता लिने भारतीयहरूको धुइरो लाग्छ भन्ने थियो। माओवादी महिला सदस्यहरू पनि आमाबाबु दुवै नेपाली नागरिक हुनुपर्ने पक्षमा थिए, बाबुको नामबाट मात्र नागरिकता पाउने प्रावधानबाट आमाको चाहिँ पहिचान "मेटिने" डर उनीहरूलाई थियो। उनीहरूको भनाइमा आमा वा आमाबाबुमध्ये एक जनाबाट मात्रै नागरिकता पाउने व्यवस्था भएमा नेपालको "पितृसत्तात्मक संस्कृति"का कारण एकल आमाका सन्तानहरू भेदभावको सिकार हुनेछन् भन्ने थियो।

## ६. निष्कर्ष

आजको नेपालमा लोकतान्त्रिक प्रक्रिया व्यापक परिवर्तनको पर्याय बनेको छ— युद्धबाट शान्तिमा र नेपालीपनको संकुचितबाट धेरै फराकिलो परिभाषा अँगाल्ने कुरा यसमा पर्छन्। यिनलाई एकदमै घटाएर हेर्दा पनि यी यस्ता कुरा हुन् जसबाट दीर्घकालीन र बृहत् परिवर्तन आउन सक्छन्। तर हरेक विषयमा तिखो मतमतान्तर छ। नेपाल जुन उदारवादी लोकतन्त्रको खोजीमा छ त्यसमा यस्तो हुनैपर्छ। नेपाल कस्तो हुनुपर्छ भन्ने विषयमा अनेकानेक विचारहरू छन्, तर त्यही कारणले मात्र अहिलेको अवस्था यति व्याकुल भएको होइन। अर्को कारण राजनीतिक पार्टीहरूको आफ्नै अवस्था हो। पार्टीहरू नराम्रो गरी चलेका छन् र उनीहरूका नीतिगत लक्ष्य थोरै छन्, एजेन्डाहरू अस्पष्ट छन्, वैचारिक हिसाबले तिनीहरू दरिद्र छन् र नेतृत्वको सङ्कटबाट सधैं नै ग्रस्त रहन्छन्। पुनर्संरेखाङ्कनले यस्तै कुरा खोज्ने पात्रहरूको गठबन्धन त गराउन सक्छ, तर त्यसबाट पार्टीहरू आन्तरिक वा अन्य हिसाबले अझ बढी क्रियाशील हुन वा नेपालको अनेकन् सामाजिक र राजनीतिक समूहहरूबीचका अन्तरविरोधलाई व्यवस्थित गर्न सक्षम भने बन्दैनन्।

नेपालको रूपान्तरणसित सम्बन्धित धर्मनिरपेक्षता वा सङ्घीयतामार्फत अझ बढी जातीय प्रतिनिधित्व जस्ता विषयहरूलाई कानुन निर्माण गरेर मानक र आदर्शका रूपमा स्थापित गर्न सकिन्छ। तर तिनका सामाजिक प्रभावलाई भने केवल कानुन र सिद्धान्तका आधारमा व्यवस्थित गर्न सकिन्न। समाज र राज्यका बीच मध्यस्थ भई काम गर्ने पार्टीहरूको भूमिका यसमा महत्त्वपूर्ण रहन्छ। गुमाउनुको साटो केही पाउने हो भने सबै पार्टीहरूले आफूलाई नै पहिले ठीक ठाउँमा राख्नुपर्छ र आफ्ना निजी स्वार्थभन्दा पर्तिर हेर्न सक्नुपर्छ। परम्परागत पार्टीहरूले आफूहरू केका लागि उभिने हो त्यसबारे गहिरो आत्ममन्थन गर्नुपर्छ। पहिचानवादी समूहहरूले पनि के बुझ्नुपर्छ भने आफ्नै सङ्गठनभित्र विविधतालाई दबाएर वा विद्यमान विच्छेदनलाई बढाएर उनीहरूले टिकाउ राजनीतिक संस्थाहरू वा सञ्जालको निर्माण गर्न सक्ने छैनन्। मूलधारको राजनीति पूरै टाट पल्टिएमा अतिवादीहरूले फाइदा लिनेछन्। यस्ता शक्तिहरूले चुनावको मैदानमा कुनै ठूलो सफलता पाउन नसक्लान्, तर यदि उनीहरूको एजेन्डा गडबडी पैदा गराउने मात्रै हो भने उनीहरूले खेल्ने ठाउँ प्रशस्त छ। यतिखेर आएर शान्ति प्रक्रियाका उपलब्धिहरू गुम्ने खतरा देखिएको छ भने त्यसको दोष अरूलाई लगाउने ठाउँ छैन पार्टीहरू आफैंले लिनुपर्नेछ।

**काठमाडौं/ब्रसेल्स, २७ अगस्ट २०१२**

# अनुसूची क

# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख

# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १३० कर्मचारीहरू कार्यरत छन्। यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र चर्किएको द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। द्वन्द्व सुरु हुन सक्ने, बढ्न सक्ने र दोहोरिन सक्ने देशहरू अथवा छेउछाउका देशहरूमा क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकका टोलीहरू काम गर्दछन्। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ। क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ। यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ र त्यसका साथै क्राइसिस ग्रुपको वेबसाइट www.crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। त्यसबाहेक क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

राजनीतिक, कूटनीतिक र व्यापारिक क्षेत्र तथा सञ्चार जगत्का प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीति-निर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको अध्यक्षमा अमेरिकी पूर्व उपविदेश मन्त्री र राजदूत टमस पिकरिङ हुनुहुन्छ। सन् २००९ को जुलाईदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा लुइस आर्बर रहनुभएको छ। उहाँ राष्ट्रसङ्घीय मानवअधिकारका पूर्व उच्च आयुक्त हुनुहुन्छ र उहाँले पहिलेको युगोस्लोभिया र रुवान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी विशेष अदालतको प्रमुख अभियोक्ता भएर काम गरिसक्नुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। यस संस्थाका कार्यालय वा प्रतिनिधि कार्यालयहरू ३४ ओटा स्थानमा रहेका छन्: आबुजा, ब्याङ्कक, बेइजिङ, बेरुत, बिस्केक, बोगोटा, बुजुम्बुरा, काइरो, डाकार, दमास्कस, दुबई, गाजा, ग्वाटेमाला सिटी, इस्लामावाद, स्तानबुल, जकार्ता, जेरुसेलम, जोहानेसबर्ग, काबुल, काठमाडौं, लन्डन, मस्को, नैरोबी, न्युयोर्क, पोर्ट-औ-प्रिन्स, प्रिस्टिना, राबाते, साना, साराएभो, सिओल, तिबलिसी, त्रिपोली, ट्युनिस र वासिङ्टन डी.सी.। क्राइसिस ग्रुपले द्वन्द्वका सम्भावना भएका र द्वन्द्वग्रस्त रहेका चारओटा महादेशका ७० भन्दा बढी क्षेत्रहरू उपर ध्यान दिने गरेको छ। यीमध्ये अफ्रिकामा बुर्किना फासो, बुरुन्डी, क्यामरुन, मध्य अफ्रिकी गणतन्त्र, चाद, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, गिनी-बिसाउ, केन्या, लाइबेरिया, म्याडागास्कर, नाइजेरिया, रुवान्डा, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबे तथा एसियामा अफगानिस्तान, बर्मा/म्यानमार, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, मलिसया, नेपाल, उत्तर कोरिया, पाकिस्तान, फिलिपिन्स, श्रीलङ्का, ताइवान, ताजिकिस्तान, थाइल्यान्ड, तिमोर-लेस्ते, तुर्केमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अर्मेनिया, अजरवैजान, बोस्निया-हर्जगोभिना, साइप्रस, जर्जिया, कोसोभो, म्यासोडोनिया, उत्तर ककेसस, सर्विया र टर्की तथा मध्यपूर्व र उत्तर अफ्रिकामा अल्जेरिया, इजिप्ट, बाहरेन, इरान, इराक, इजरायल-प्यालेस्टाइन, जोर्डन, लेबानन, लिबिया, मोरक्को, सिरिया, ट्युनिसिया, पश्चिमी सहारा र यमन तथा ल्याटिन अमेरिका र क्यारेबियनमा कोलम्बिया, ग्वाटेमाला, हाइटी र भेनेजुयला पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था तथा व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाँउछ। हालका वर्षहरूमा विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराएका छन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रेलियाको परराष्ट्र तथा वाणिज्य मन्त्रालय, अस्ट्रियाको विकास संस्था, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानाडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानाडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास तथा अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, युरोपेली आयोग, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको आइरिस सहयोग संस्था, लिख्टेन्स्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास नियोग, नर्वेको परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्य बेलायतको अन्तर्राष्ट्रिय विकास विभाग डीएफआईडी र अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था (युएसएड) छन्।

क्राइसिस ग्रुपलाई हालका वर्षहरूमा आर्थिक अनुदान उपलब्ध गराउने संस्था र निजी गुठीहरू निम्न छन्: Adessium Foundation, Carnegie Corporation of New York, The Charitable Foundation, The Elders Foundation, Henry Luce Foundation, William & Flora Hewlett Foundation, Humanity United, Hunt Alternatives Fund, John D. & Catherine T. MacArthur Foundation, Open Society Institute, Ploughshares Fund, Rockefeller Brothers Fund and VIVA Trust.

**अगस्ट २०१२**

# अनुसूची ग

# क्राइसिस ग्रुपले सन् २००९ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

## Central Asia

*Tajikistan: On the Road to Failure*, Asia Report N°162, 12 February 2009.

*Women and Radicalisation in Kyrgyzstan*, Asia Report N°176, 3 September 2009.

*Central Asia: Islamists in Prison*, Asia Briefing N°97, 15 December 2009.

*Central Asia: Migrants and the Economic Crisis*, Asia Report N°183, 5 January 2010.

*Kyrgyzstan: A Hollow Regime Collapses*, Asia Briefing N°102, 27 April 2010.

*The Pogroms in Kyrgyzstan*,Asia Report N°193, 23 August 2010.

*Central Asia: Decay and Decline*, Asia Report N°201, 3 February 2011.

*Tajikistan: The Changing Insurgent Threats*, Asia Report N°205, 24 May 2011.

*Kyrgyzstan: Widening Ethnic Divisions in the South,* Asia Report N°222, 29 March 2012.

## North East Asia

*North Korea s Missile Launch: The Risks of Overreaction*, Asia Briefing N°91, 31 March 2009.

*China s Growing Role in UN Peace-keeping*, Asia Report N°166, 17 April 2009 (also available in Chinese).

*North Korea s Chemical and Biological Weapons Programs*, Asia Report N°167, 18 June 2009.

*North Korea s Nuclear and Missile Programs*, Asia Report N°168, 18 June 2009.

*North Korea: Getting Back to Talks*, Asia Report N°169, 18 June 2009.

*China s Myanmar Dilemma*, Asia Report N°177, 14 September 2009 (also available in Chinese).

*Shades of Red: China s Debate over North Korea*, Asia Report N°179, 2 November 2009 (also available in Chinese).

*The Iran Nuclear Issue: The View from Beijing*, Asia Briefing N°100, 17 February 2010 (also available in Chinese).

*North Korea under Tightening Sanctions*, Asia Briefing N°101, 15 March 2010.

*China s Myanmar Strategy: Elections, Ethnic Politics and Economics*, Asia Briefing N°112, 21 September 2010 (also available in Chinese).

*North Korea: The Risks of War in the Yellow Sea*, Asia Report N°198, 23 December 2010.

*China and Inter-Korean Clashes in the Yellow Sea*, Asia Report N°200, 27 January 2011 (also available in Chinese).

*Strangers at Home: North Koreans in the South,* Asia Report N°208, 14July 2011 (also available in Korean).

*South Korea: The Shifting Sands of Security Policy*, Asia Briefing N°130, 1 December 2011.

*Stirring up the South China Sea (I)*, Asia Report N°223, 23 April 2012 (also available in Chinese).

*Stirring up the South China Sea (II): Regional Responses*, Asia Report N°229, 24 July 2012.

*North Korean Succession and the Risks of Instability*, Asia Report N°230, 25 July 2012.

## South Asia

*Nepal s Faltering Peace Process*, Asia Report N°163, 19 February 2009(also available in Nepali).

*Afghanistan: New U.S. Administration, New Directions*, Asia Briefing N°89, 13 March 2009.

*Pakistan: The Militant Jihadi Challenge*, Asia Report N°164, 13 March 2009.

*Development Assistance and Conflict in Sri Lanka: Lessons from the Eastern Province*, Asia Report N°165, 16 April 2009.

*Pakistan s IDP Crisis: Challenges and Opportunities*, Asia Briefing N°93, 3 June 2009.

*Afghanistan s Election Challenges*, Asia Report N°171, 24 June 2009.

*Sri Lanka s Judiciary: Politicised Courts, Compromised Rights*, Asia Report N°172, 30 June 2009.

*Nepal s Future: In Whose Hands?*, Asia Report N°173, 13 August 2009 (also available in Nepali).

*Afghanistan: What Now for Refugees?*, Asia Report N°175, 31 August 2009.

*Pakistan: Countering Militancy in FATA*, Asia Report N°178, 21 October 2009.

*Afghanistan: Elections and the Crisis of Governance*, Asia Briefing N°96, 25 November 2009.

*Bangladesh: Getting Police Reform on Track*, Asia Report N°182, 11 December 2009.

*Sri Lanka: A Bitter Peace*, Asia Briefing N°99, 11 January2010.

*Nepal: Peace and Justice*, Asia Report N°184, 14 January 2010.

*Reforming Pakistan s Civil Service*, Asia Report N°185, 16 February 2010.

*The Sri Lankan Tamil Diaspora after the LTTE*, Asia Report N°186, 23 February 2010.

*The Threat from Jamaat-ulMujahideen Bangladesh*, Asia Report N°187, 1 March 2010.

*A Force in Fragments: Reconstituting the Afghan National Army*, Asia Report N°190, 12 May 2010.

*War Crimes in Sri Lanka*,Asia Report N°191, 17 May 2010.

*Steps Towards Peace: Putting Kashmiris First*, Asia Briefing N°106, 3 June 2010.

*Pakistan: The Worsening IDP Crisis*, Asia Briefing N°111, 16 September 2010.

*Nepal s Political Rites of Passage*, Asia Report N°194, 29 September 2010 (also available in Nepali).

*Reforming Afghanistan s Broken Judiciary*, Asia Report N°195, 17 November 2010.

*Afghanistan: Exit vs Engagement*, Asia Briefing N°115, 28 November 2010.

*Reforming Pakistan s Criminal Justice System*, Asia Report N°196, 6 December 2010.

*Nepal: Identity Politics and Federalism*, Asia Report N°199, 13 January 2011(also available in Nepali).

*Afghanistan s Elections Stalemate*, Asia Briefing N°117, 23 February 2011.

*Reforming Pakistan s Electoral System,* Asia Report N°203, 30 March 2011.

*Nepal s Fitful Peace Process,* Asia Briefing N°120, 7 April 2011 (also available in Nepali).

*India and Sri Lanka after the LTTE,* Asia Report N°206, 23June 2011.

*The Insurgency in Afghanistan s Heartland,* Asia Report N°207, 27June 2011.

*Reconciliation in Sri Lanka: Harder Than Ever,* Asia Report N°209, 18 July 2011.

*Aid and Conflict in Afghanistan,* Asia Report N°210, 4 August 2011.

*Nepal: From Two Armies to One*, Asia Report N°211, 18 August 2011 (also available in Nepali).

*Reforming Pakistan s Prison System,* Asia ReportN°212, 12 October 2011.

*Islamic Parties in Pakistan*, Asia Report N°216, 12 December 2011.

*Nepal s Peace Process: The Endgame Nears*, Asia Briefing N°131, 13 December 2011 (also available in Nepali).

*Sri Lanka: Women s Insecurity in the North and East*, Asia Report N°217, 20 December 2011.

*Sri Lanka s North I: The Denial of Minority Rights*, Asia Report N°219, 16 March 2012.

*Sri Lanka s North II: Rebuilding under the Military*, Asia Report N°220, 16 March 2012.

*Talking About Talks: Toward a Political Settlement in Afghanistan*, Asia Report N°221, 26 March 2012.

*Pakistan s Relations with India: Beyond Kashmir?*, Asia Report N°224, 3 May 2012.

*Bangladesh: Back to the Future*, Asia Report N°226, 13 June 2012.

*Aid and Conflict in Pakistan,* Asia Report N°227, 27 June 2012.

*Election Reform in Pakistan*, Asia Briefing N°137, 16 August 2012.

## *South East Asia*

*Local Election Disputes in Indonesia: The Case of North Maluku*, Asia Briefing N°86, 22 January 2009.

*Timor-Leste: No Time for Complacency*, Asia Briefing N°87, 9 February 2009.

*The Philippines: Running in Place in Mindanao*, Asia Briefing N°88, 16 February 2009.

*Indonesia: Deep Distrust in Aceh as Elections Approach*, Asia Briefing N°90, 23 March 2009.

*Indonesia: Radicalisation of the Palembang Groupf*, Asia Briefing N°92, 20 May 2009.

*Recruiting Militants in Southern Thailand*, Asia Report N°170, 22 June 2009 (also available in Thai).

*Indonesia: The Hotel Bombings*, Asia Briefing N°94, 24 July 2009 (also available in Indonesian).

*Myanmar: Towards the Elections*, Asia Report N°174, 20 August 2009.

*Indonesia: Noordin Top s Support Base*, Asia Briefing N°95, 27 August 2009.

*Handing Back Responsibility to Timor-Leste s Police*, Asia Report N°180, 3 December 2009.

*Southern Thailand: Moving towards Political Solutions?*, Asia Report N°181, 8 December 2009 (also available in Thai).

*The Philippines: After the Maguindanao Massacre*, Asia Briefing N°98, 21 December 2009.

*Radicalisation and Dialogue in Papua*,Asia Report N°188, 11 March 2010 (also available in Indonesian).

*Indonesia: Jihadi Surprise in Aceh*,Asia Report N°189, 20 April 2010.

*Philippines: Pre-election Tensions in Central Mindanao*, Asia Briefing N°103, 4 May 2010.

*Timor-Leste: Oecusse and the Indonesian Border*, Asia Briefing N°104, 20 May 2010.

*The Myanmar Elections*, Asia Briefing N°105, 27 May 2010 (also available in Chinese).

*Bridging Thailand s Deep Divide*, Asia Report N°192, 5 July 2010 (also available in Thai).

*Indonesia: The Dark Side of Jama ahAnsharutTauhid (JAT)*,Asia Briefing N°107, 6 July 2010.

*Indonesia: The Deepening Impasse in Papua*,Asia Briefing N°108, 3 August 2010.

*Illicit Arms in Indonesia*, Asia Briefing N°109, 6 September 2010.

*Managing Land Conflict in Timor-Leste*, Asia Briefing N°110, 9 September 2010.

*Stalemate in Southern Thailand*, Asia Briefing N°113, 3 November 2010 (also available in Thai).

*Indonesia: Christianisationf and Intolerance*, Asia Briefing N°114, 24 November 2010.

*Indonesia: Preventing Violence in Local Elections*, Asia Report N°197, 8 December 2010 (also available in Indonesian).

*Timor-Leste: Time for the UN to Step Back*, Asia Briefing N°116, 15 December 2010.

*The Communist Insurgency in the Philippines: Tactics and Talks*, Asia Report N°202, 14 February 2011.

*Myanmar s Post-Election Landscape*, Asia Briefing N°118, 7 March 2011 (also available in Chinese and Burmese).

*The Philippines: Back to the Table, Warily, in Mindanao*, Asia Briefing N°119, 24 March 2011.

*Thailand: The Calm Before Another Storm?,* Asia Briefing N°121, 11 April 2011 (also available in Chinese and Thai).

*Timor-Leste: Reconciliation andReturn from Indonesia,* Asia Briefing N°122, 18April 2011 (also available in Indonesian).

*Indonesian Jihadism: Small Groups, Big Plans,*Asia Report N°204, 19 April 2011 (also available in Chinese).

*Indonesia: Gam vs Gam in the Aceh Elections,* Asia Briefing N°123, 15 June 2011.

*Indonesia: Debate over a New Intelligence Bill,* Asia Briefing N°124, 12 July 2011.

*The Philippines: A New Strategy for Peace in Mindanao?,* Asia Briefing N°125, 3 August 2011.

*Indonesia: Hope and Hard Reality in Papua,* Asia Briefing N°126, 22 August 2011.

*Myanmar: Major Reform Underway*, Asia Briefing N°127, 22 September 2011 (also available in Burmese and Chinese).

*Indonesia: Trouble Again in Ambon*, Asia Briefing N°128, 4 October 2011.

*Timor-Leste s Veterans: An Unfinished Struggle?*,Asia Briefing N°129, 18 November 2011.

*The Philippines:Indigenous Rights and the MILF Peace Process*, Asia Report N°213, 22 November 2011.

*Myanmar: A New Peace Initiative*, Asia Report N°214, 30 November 2011 (also available in Burmese and Chinese).

*Waging Peace: ASEAN and the Thai-Cambodian Border Conflict*, Asia Report N°215, 6 December 2011 (also available in Chinese).

*Indonesia: From Vigilantism to Terrorism in Cirebon,* Asia Briefing N°132, 26 January 2012.

*Indonesia: Cautious Calm in Ambon*, Asia Briefing N°133, 13 February 2012.

*Indonesia: The Deadly Cost of Poor Policing*, Asia Report N°218, 16 February 2012.

*Timor-Leste s Elections: Leaving Behind a Violent Past?*, Asia Briefing N°134, 21 February 2012.

*Indonesia: Averting Election Violence in Aceh*, Asia Briefing N°135, 29 February 2012.

*Reform in Myanmar: One Year On*, Asia Briefing N°136, 11 April 2012 (also available in Burmese).

*The Philippines: Local Politics in the Sulu Archipelago and the Peace Process,* Asia Report N°225, 15 May 2012.

*How Indonesian Extremists Regroup*, Asia Report N°228, 16 July 2012.

*Myanmar: The Politics of Economic Reform*, Asia Report N°231, 27 July 2012.

*Indonesia: Dynamics of Violence in Papua*, Asia Report N°232, 9 August 2012.

# अनुसूची घ

# इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू


CHAIR

**Thomas R Pickering**
Former U.S. Undersecretary of State; Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria

PRESIDENT & CEO

**Louise Arbour**
Former UN High Commissioner for Human Rights and Chief Prosecutor for the International Criminal Tribunals for the former Yugoslavia and Rwanda

VICE-CHAIRS

**Ayo Obe**
Legal Practitioner, Lagos, Nigeria

**Ghassan Salamé**
Dean, Paris School of International Affairs, Sciences Po

EXECUTIVE COMMITTEE

**Morton Abramowitz**
Former U.S. Assistant Secretary of State and Ambassador to Turkey

**Cheryl Carolus**
Former South African High Commissioner to the UK and Secretary General of the ANC

**Maria Livanos Cattaui**
Former Secretary-General of the International Chamber of Commerce

**Yoichi Funabashi**
Chairman of the Rebuild Japan Initiative; Former Editor-in-Chief, *The Asahi Shimbun*

**Frank Giustra**
President & CEO, Fiore Financial Corporation

**Lord (Mark) Malloch-Brown**
Former UN Deputy Secretary-General and Administrator of the United Nations Development Programme (UNDP)

**Moisés Naím**
Senior Associate, International Economics Program, Carnegie Endowment for International Peace; Former Editor in Chief, *Foreign Policy*

**George Soros**
Chairman, Open Society Institute

**Pär Stenbäck**
Former Foreign Minister of Finland

OTHER BOARD MEMBERS

**Nahum Barnea**
Chief Columnist for *YediothAhronoth*, Israel

**Samuel Berger**
Chair, Albright Stonebridge Group LLC; Former U.S. National Security Adviser

**Emma Bonino**
Vice President of the Italian Senate; Former Minister of International Trade and European Affairs of Italy and European Commissioner for Humanitarian Aid

**Micheline Calmy-Rey**
Former President of the Swiss Confederation and Foreign Affairs Minister

**Wesley Clark**
Former NATO Supreme Allied Commander

**Sheila Coronel**
Toni Stabile Professor of Practice in Investigative Journalism; Director, Toni Stabile Center for Investigative Journalism, Columbia University, U.S.

**Mark Eyskens**
Former Prime Minister of Belgium

**Nabil Fahmy**
Former Ambassador of Egypt to the U.S. and Japan; Founding Dean, School of Public Affairs, American University in Cairo

**Joshua Fink**
CEO & Chief Investment Officer, Enso Capital Management LLC

**Joschka Fischer**
Former Foreign Minister of Germany

**Lykke Friis**
Former Climate & Energy Minister and Minister of Gender Equality of Denmark; Former Prorector at the University of Copenhagen

**Jean-Marie Guéhenno**
Arnold Saltzman Professor of War and Peace Studies, Columbia University; Former UN Under-Secretary-General for Peacekeeping Operations

**Carla Hills**
Former U.S. Secretary of Housing and U.S. Trade Representative

**Lena Hjelm-Wallén**
Former Deputy Prime Minister and Foreign Minister of Sweden

**Mo Ibrahim**
Founder and Chair, Mo Ibrahim Foundation; Founder, Celtel International

**Igor Ivanov**
Former Foreign Minister of the Russian Federation

**Asma Jahangir**
President of the Supreme Court Bar Association of Pakistan, Former UN Special Rapporteur on the Freedom of Religion or Belief

**Wadah Khanfar**
Co-Founder, Al Sharq Forum; Former Director General, Al Jazeera Network

**Wim Kok**
Former Prime Minister of the Netherlands

**Ricardo Lagos**
Former President of Chile

**Joanne Leedom-Ackerman**
Former International Secretary of PEN International; Novelist and journalist, U.S.

**Lalit Mansingh**
Former Foreign Secretary of India, Ambassador to the U.S. and High Commissioner to the UK

**Benjamin Mkapa**
Former President of Tanzania

**Laurence Parisot**
President, French Business Confederation (MEDEF)

**Karim Raslan**
Founder, Managing Director and Chief Executive Officer of KRA Group

**Paul Reynolds**
President & Chief Executive Officer, Canaccord Financial Inc.

**Javier Solana**
Former EU High Representative for the Common Foreign and Security Policy, NATO Secretary-General and Foreign Minister of Spain

**Liv Monica Stubholt**
Senior Vice President for Strategy and Communication, Kvaerner ASA; Former State Secretary for the Norwegian Ministry of Foreign Affairs

**Lawrence Summers**
Former Director of the US National Economic Council and Secretary of the U.S. Treasury; President Emeritus of Harvard University

**Wang Jisi**
Dean, School of International Studies, Peking University; Member, Foreign Policy Advisory Committee of the Chinese Foreign Ministry

**Wu Jianmin**
Executive Vice Chairman, China Institute for Innovation and Development Strategy; Member, Foreign Policy Advisory Committee of the Chinese Foreign Ministry;Former Ambassador of China to the UN (Geneva) and France

**Lionel Zinsou**
CEO, PAI Partners

PRESIDENT'S COUNCIL

A distinguished group of individual and corporate donors providing essential support and expertise to Crisis Group.

**Mala Gaonkar**
**Frank Holmes**
**Steve Killelea**
**George Landegger**
**McKinsey & Company**
**Ford Nicholson & Lisa Wolverton**
**Harry Pokrandt**
**Shearman & Sterling LLP**
**Ian Telfer**
**White & Case LLP**
**Neil Woodyer**

INTERNATIONAL ADVISORY COUNCIL

Individual and corporate supporters who play a key role in Crisis Group's efforts to prevent deadly conflict.

**Anglo American PLC**
**APCO Worldwide Inc.**
**Ryan Beedie**
**Stanley Bergman & Edward Bergman**
**Harry Bookey & Pamela Bass-Bookey**
**BP**
**Chevron**
**Neil & Sandra DeFeo Family Foundation**
**Equinox Partners**
**Fares I. Fares**
**Neemat Frem**
**FTI Consulting**
**Seth & Jane Ginns**
**Alan Griffiths**
**Rita E. Hauser**
**Sir Joseph Hotung**
**Iara Lee & George Gund III Foundation**
**George Kellner**
**Amed Khan**
**Faisel Khan**
**Zelmira Koch Polk**
**Elliott Kulick**
**Liquidnet**
**Jean Manas & Rebecca Haile**
**Harriet Mouchly-Weiss**
**Näringslivets Internationella Råd (NIR) – International Council of Swedish Industry**
**Griff Norquist**
**Ana Luisa Ponti & Geoffrey R. Hoguet**
**Kerry Propper**
**Michael L. Riordan**
**Shell**
**Nina Solarz**
**Statoil**
**Belinda Stronach**
**Talisman Energy**
**Tilleke & Gibbins**
**Kevin Torudag**
**VIVA Trust**
**Yapı Merkezi Construction and Industry Inc.**
**Stelios S. Zavvos**

SENIOR ADVISERS

Former Board Members who maintain an association with Crisis Group, and whose advice and support are called on (to the extent consistent with any other office they may be holding at the time).

**Martti Ahtisaari**
Chairman Emeritus
**George Mitchell**
Chairman Emeritus
**Gareth Evans**
President Emeritus
**Kenneth Adelman**
**Adnan Abu Odeh**
**HRH Prince Turki al-Faisal**
**Hushang Ansary**
**Óscar Arias**
**Ersin Arıoğlu**
**Richard Armitage**
**Diego Arria**
**Zainab Bangura**
**Shlomo Ben-Ami**
**Christoph Bertram**
**Alan Blinken**
**Lakhdar Brahimi**
**Zbigniew Brzezinski**
**Kim Campbell**
**Jorge Castañeda**
**Naresh Chandra**
**Eugene Chien**
**Joaquim Alberto Chissano**
**Victor Chu**
**Mong Joon Chung**
**Pat Cox**
**Gianfranco Dell'Alba**
**Jacques Delors**
**Alain Destexhe**
**Mou-Shih Ding**
**Uffe Ellemann-Jensen**
**Gernot Erler**
**Marika Fahlén**
**Stanley Fischer**
**Malcolm Fraser**
**I.K. Gujral**
**Swanee Hunt**
**Max Jakobson**
**James V. Kimsey**
**Aleksander Kwasniewski**
**Todung Mulya Lubis**
**Allan J. MacEachen**
**Graça Machel**
**Jessica T. Mathews**
**Nobuo Matsunaga**
**Barbara McDougall**
**Matthew McHugh**
**Miklós Németh**
**Christine Ockrent**
**Timothy Ong**
**Olara Otunnu**
**Lord (Christopher) Patten**
**Shimon Peres**
**Victor Pinchuk**
**Surin Pitsuwan**
**Cyril Ramaphosa**
**Fidel V. Ramos**
**George Robertson**
**Michel Rocard**
**Volker Rühe**
**Güler Sabancı**
**Mohamed Sahnoun**
**Salim A. Salim**
**Douglas Schoen**
**Christian Schwarz-Schilling**
**Michael Sohlman**
**Thorvald Stoltenberg**
**Leo Tindemans**
**Ed van Thijn**
**Simone Veil**
**Shirley Williams**
**Grigory Yavlinski**
**Uta Zapf**
**Ernesto Zedilo**